# १४ औं

# वार्षिक प्रतिवेदन
## २०७१/७२

# साना किसान विकास बैङ्क लि.
## Sana Kisan Bikas Bank Ltd.

# सञ्चालक समिति



**श्री खेम बहादुर पाठक**
अध्यक्ष
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री अनिल कुमार उपाध्याय**
सञ्चालक सदस्य
प्रतिनिधि
कृषि विकास बैंक लि.



**श्री अरुण कुमार बज्राचार्य**
सञ्चालक सदस्य
प्रतिनिधि
नेपाल बैंक लि.



**श्री सुखदेव न्यौपाने**
सञ्चालक सदस्य
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री रविन्द्र यादव**
सञ्चालक सदस्य
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री उमेश लम्साल**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण सेयरधनी



**श्री भुपेश छत्कुली**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण सेयरधनी

# प्रगति सारांश

### चित्र नं. १ः कर्जा लगानी असुलीको अवस्था




### चित्र नं. ३ औसत बार्षिक कर्जा, ब्याजआम्दानी/ब्याजखर्चको अवस्था




### चित्र नं. २ कर्जा/सापटी को अवस्था




### चित्र नं. ४ कर्मचारी प्रशासनिक खर्च




### चित्र नं. ५ सेयर पुँजीको संरचना

चुक्ता पुँजी रु. २३ करोड ६ लाख ८२ हजारको सम्मिश्रण



## चित्र नं. ६ आम्दानी तथा मुनाफाको अवस्था




## चित्र नं. ७ ब्याज आम्दानी/खर्च दरको प्रवृती




## चित्र नं. ८ लैङ्गिक सहभागिताका आधारमा आबद्ध संस्थाहरुको अवस्थिति





## श्री खेम बहादुर पाठक

*अध्यक्ष*

### शिक्षा :

ग्रामीण विकासमा स्नातकोत्तर (अध्ययनरत)

### अनुभव :

सन् १९८६ देखि २००२ सम्म चैनपुर गा.वि.स. (धादिङ) को अध्यक्ष, सन् १९९० देखि १९९८ सम्म साना किसान सहकारी संस्था लि. चैनपुर (धादिङ) को अध्यक्ष, सन् १९९७ देखि गा.वि.स. महासङ्घ (धादिङ) को अध्यक्ष एवं गा.वि.स. राष्ट्रिय महासङ्घ नेपालको परिषद सदस्य, सन् १९९९ देखि हालसम्म साना किसान सहकारी सङ्घ लि. धादिङको अध्यक्ष, सन् २००१ देखि हालसम्म जिल्ला सहकारी सङ्घ धादिङको उपाध्यक्ष, सन् २००८ देखि हालसम्म नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि. को अध्यक्ष, सन् २००३ देखि २००८ सम्म साना किसान विकास बैङ्क लि. को सञ्चालक सदस्य एवं सन् २००९ देखि हालसम्म अध्यक्ष

### वैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :

भारत, श्रीलङ्का, बङ्गलादेश, मलेशिया, थाईलैन्ड, स्पेन, फ्रान्स, बेलायत, भुटान, दक्षिण अफ्रिका, फिलिपिन्स, मलेसिया, सिंगापुर, इजरायल, चीन, इरान आदि



## श्री जलन कुमार शर्मा

*प्रमुख कार्यकारी अधिकृत*

### शिक्षा :

व्यवस्थापनमा स्नातकोत्तर, त्रि.वि. नेपाल, सन् १९७८ • एम.एससी., भिक्टोरिया युनिभर्सिटी अफ म्यान्चेष्टर (बेलायत) सन् १९८८ • बी.एल., त्रि.वि. नेपाल सन् १९७७

### अनुभव :

सन् १९७७ मा कृषि विकास बैङ्कको अधिकृत पदबाट सेवा आरम्भ, सन् १९९८ देखि सो बैङ्कको उपमहाप्रबन्धक र सन् २००२ देखि २००३ सम्म का.मु. महाप्रबन्धक • सन् २००३ देखि २००५ सम्म साना किसान विकास बैङ्क लि. को महाप्रबन्धक • सन् २००५ देखि २००७ सम्म बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको रजिष्ट्रार • सन् २००९ देखि हालसम्म साना किसान विकास बैङ्क लि. को प्रमुख कार्यकारी अधिकृत

### बैदेशिक तालिम / गोष्ठी / भ्रमणमा सहभागिता :

अमेरिका, बेलायत, जर्मनी, स्पेन, फ्रान्स, इटाली, इन्डोनेसिया, फिलिपिन्स, थाईलैन्ड, भियतनाम, मलेसिया, दक्षिण कोरिया, इरान, भारत, भूटान, श्रीलङ्का, पाकिस्तान, बङ्लादेश, दक्षिण अफ्रिका, इजरायल आदि

# साना किसान विकास बैङ्क लिमिटेडको

## चौधौं वार्षिक साधारणसभासम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७२/०९/०३ गते)

यस बैङ्कको मिति २०७२ पौष २ गते बसेको सञ्चालक समितिको २५४ औं बैठकको निर्णयानुसार बैङ्कको चौधौं वार्षिक साधारणसभा देहायका विषयहरूउपर छलफल तथा निर्णय गर्न निम्नलिखित मिति, समय तथा स्थानमा बस्ने भएकाले सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

(१) मिति : २०७२ पौष २४ गते (January 8, 2016) शुक्रबार

(२) समय : बिहान ११.०० बजे

(३) स्थान : प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

**छलफलका विषयहरू**

(क) सामान्य प्रस्ताव :

(१) सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. व. २०७१/७२ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व. २०७१/७२ को वासलात, सोही अवधिको नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसम्बन्धी अनुसूचीहरूलगायत वार्षिक आर्थिक विवरणहरूसमेत छलफल गरी पारित गर्ने।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७२/७३ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
(बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ६० एवं कम्पनी ऐन २०६३ को परिच्छेद-१८ को अधिनमा रही लेखापरीक्षक सी. ए. महेश खनाल, एम.खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सको नाम सिफारिस भई आएको छ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००।- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु. ३०,३५,२९३/- मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरण गर्ने।

(ख) विशेष प्रस्ताव :

(१) बैङ्कको जारी तथा चुक्ता पुँजी रु. ६४ करोड पुऱ्याउने सम्बन्धी विषयमा प्रबन्धपत्रका सम्बन्धित दफाहरूमा आवश्यक संशोधन गर्ने।

(२) सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाका विषयमा नियमावलीका सम्बन्धित नियमहरूमा आवश्यक संशोधन गर्ने।

(३) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००।- को २५ प्रतिसतका दरले हुने जम्मा रु. ५,७६,७०,५७५/- बराबरको बोनस सेयर वितरण गर्ने र बोनस सेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने।

(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा फेरवदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव
साना किसान विकास बैङ्क लि.

# वार्षिक साधारणसभासम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारणसभाको प्रयोजनार्थ बैङ्कको सेयरधनी दर्ता किताब मिति २०७२/०९/१३ देखि २०७२/९/२४ गतेसम्म बन्द रहने भएको छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७२/०९/१२ गतेसम्म कारोबार भई सो कारोबार भएको नामसारी पत्रहरू मिति २०७२/०९/२१ गतेभित्र यस बैङ्कको सेयर रजिस्ट्रार नबिल इन्भेस्टमेन्ट बैङ्किङ्ग लिमिटेड नक्साल, काठमाडौंमा प्राप्त लिखतका आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरूले यो सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

(२) वार्षिक साधारणसभामा उपस्थित हुने सेयरधनी महानुभावहरूले प्रवेशपत्र साथमा लिई आउनुहुन अनुरोध छ। कथंकदाचित् सो सम्भव नभए सेयरधनी प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन। बैकको सेयर अभौतिकिकरण गरेका सेयरधनीको हकमा सक्कल सेयर प्रमाणपत्रको सट्टा अभौतिकरण गरेको देखिने अभौतिकरण खाता नम्बरको विवरण प्रस्तुत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइने छ। शान्ति सुरक्षाका दृष्टिकोणले सेयरधनी महानुभावहरू सभास्थलमा आउँदा यथाशक्य झोला, ब्याग जस्ता वस्तुहरू नलिई आउनुहुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुनसमेत अनुरोध गरिएको छ।

(३) सेयरधनी महानुभावहरूको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदनसहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभासम्बन्धी अन्य जानकारीहरू बैङ्कको वेबसाइट www.skbbl.com.np मा समेत उपलब्ध छ। साथै यससम्बन्धी विवरणहरू बैङ्कको केन्द्रीय कार्यालय, सुविधानगर तीनकुने काठमाडौं तथा सेयर रजिस्ट्रार नबिल इन्भेस्टमेन्ट बैङ्किङ्ग लिमिटेड नक्साल, काठमाडौंमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नुहुनेछ।

(४) सेयरधनी महानुभावहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ।

(५) सेयरधनी महानुभावहरूलाई छलफलका विषयहरूमध्ये विविध शीर्षकअन्तर्गत बैङ्कसम्बन्धी केही जिज्ञासा भए इच्छुक सेयरधनी महानुभावहरूले सभा हुनुभन्दा कम्तीमा सात दिनअगावै कम्पनी सचिवमार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रूपमा जानकारी दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावका रूपमा समावेश गरिने छैन।

(६) सभा सुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा २ (दुई) दिन अर्थात् ४८ घन्टाअगावै बैङ्कको केन्द्रीय कार्यालयमा तोकिएको समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फाराम दर्ता गरी सक्नुपर्नेछ। एकै सेयरधनीले एकभन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) दिएको अवस्थामा मैले यसअघि दिएको सबै प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्रसमेत लेखी पठाइएको रहेछ भने अरू सबै प्रतिनिधिपत्र (प्रोक्सी) बदर भई सोही पत्रसाथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ। तर एक सेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) दिई पठाएको पाइएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधिपत्र (प्रोक्सी) बदर हुनेछ। एकभन्दा बढी व्यक्तिलाई आफ्नो सेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधिपत्र (प्रोक्सी) दिन पाइने छैन।

(७) नाबालक वा विक्षिप्त अवस्थाका सेयरधनीका तर्फबाट कम्पनीको सेयर लगत किताबमा संरक्षकका रूपमा नाम दर्ता भइरहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ।

(८) प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरिसक्नुभएका सेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकर्रर गरिसकेको भए तापनि प्रोक्सी स्वतः बदर हुनेछ।

(९) प्रतिनिधिपत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति बैङ्कको सेयरधनी हुनुपर्नेछ।

(१०) संयुक्त नाममा सेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकर्रर गरिएको व्यक्तिले अथवा सेयरधनीहरूको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ।

(११) कुनै बैङ्क, वित्त कम्पनी, गुठी, सङ्घसंस्था वा कम्पनीले यस बैङ्कको सेयर खरिद गरेको अवस्थामा बैङ्कको प्रबन्धपत्र तथा नियमावलीको अधीनमा रही त्यस्तो सङ्गठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनीत गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ। तर संस्थापक सेयरधनी साना किसान कृषि सहकारी संस्था लि. हरूबाट प्रतिनिधि मनोनयन भई आएका व्यक्तिको हकमा भने निज प्रतिनिधि सम्बन्धित साना किसान कृषि सहकारी संस्था लि. को सेयरधनी रहेको हुनुपर्नेछ।

(१२) सेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ।

(१३) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैङ्कको केन्द्रीय कार्यालय, सुविधानगर, तीनकुने, काठमाडौंमा सम्पर्क राख्नसमेत अनुरोध गरिन्छ।

# साना किसान विकास बैङ्क लि.

## केन्द्रीय कार्यालय, काठमाडौँ

## चौधौं वार्षिक साधारणसभा कार्यक्रम

## २४ पौष २०७२

| समय | कार्यक्रम |
|---|---|
| ९:००-११:०० | सेयरधनीहरुको नाम दर्ता |
| ११:००-१२:१५ | सभापति लगायत सबैको आसन ग्रहण |
| | साना किसान परिवार लगायत भुकम्पका कारण मृत्यू भएका सम्पूर्ण नेपाली जनताको सम्झनामा मौन धारण । |
| | स्वागत मन्तव्य – प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा |
| | अध्यक्ष श्री खेम बहादुर पाठकज्यूबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत |
| १२:१५-१३:३० | सञ्चालक समितिको वार्षिक प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७१ आषाढ मसान्तको वासलात र मिति २०७१/०४/०१ देखि २०७२/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल |
| | उठेका जिज्ञासाहरुको जवाफ |
| | साधारणसभाका प्रस्तावहरु माथि निर्णय |
| १३:३० पछि | समापन । |

# (कम्पनी ऐनको दफा ७१ को उपदफा (३) सँग सम्वन्धित)

## साधारणसभामा मतदान गर्न आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदनको ढाँचा

श्री सञ्चालक समिति
साना किसान विकास बैङ्क लि.
केन्द्रीय कार्यालय, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

..................जिल्ला ..................न. पा. / गा. वि. स. वडा नं. ......... बस्ने म / हामी ......................... ले त्यस कम्पनीको सेयरधनीका हैसियतले सम्वत् २०७२ साल पौष महिना २४ गतेका दिन हुने वार्षिक / विशेष साधारणसभामा म / हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा / हाम्रा तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ...................... जिल्ला ... ............................. न. पा. / गा. वि. स. वडा नं. .......... बस्ने श्री ........................................ लाई मेरो / हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

**निवेदक**
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
शेयर संख्या :

प्रतिनिधि नियुक्त भएको व्यक्तिको -
हस्ताक्षरको नमुना :
सेयर प्रमाणपत्र नं. :
मिति :

# साना किसान विकास बैंक लिमिटेडको

## तेह्रौं वार्षिक साधारणसभामा उपस्थितिका लागि प्रवेशपत्र

सेयरधनी / प्रतिनिधिको नाम :
ठेगाना :
सेयर प्रमाणपत्र नं. :
लिएको सेयरसङ्ख्या :
सेयरधनी/प्रतिनिधिको दस्तखत :

कम्पनी सचिव

यो प्रवेशपत्र साधारण सभामा भाग लिन आउँदा पेस गर्नुपर्नेछ ।

# साना किसान विकास बैङ्क लि. : एक परिचय

वि. सं.२०५८ साल असार २२ गते स्थापना भएको साना किसान विकास बैङ्क कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भएको पब्लिक लिमिटेड कम्पनी हो । यसले बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'घ' वर्गको राष्ट्रिय स्तरको लघुवित्त संस्थाका रूपमा स्वीकृति प्राप्त गरी लघुवित्त क्षेत्रमा एक प्रमुख थोककर्जा प्रदायक संस्थाका रूपमा कारोबार गर्दै आएको छ ।

लघुवित्तका प्रचलित अभ्यासहरूभन्दा फरक ढङ्गले स्थानीय तहमा सवल, सक्षम, स्वायत्त र दिगो संस्थाहरूको निर्माणबाट मात्र गरिबी न्यूीनकरण गतिलाई तीव्रता प्रदान गर्न सकिन्छ भन्ने यो बैङ्कको मान्यता रहेको छ । बैङ्कले ग्रामीण विपन्न तथा साना किसानहरूको आर्थिक र सामाजिक विकासका लागि उनीहरूकै स्थानीय सक्षम संस्थाहरूमार्फत लघुवित्त तथा सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

साना किसान विकास बैङ्कको ऐतिहासिक पृष्ठभूमिलाई यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

## साना किसान विकास आयोजना

ग्रामीण गरिबको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखेर सरकार तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबीच भएको विचारगोष्ठीको फलस्वरूप सन् १९७५ मा नेपालमा साना किसान विकास कार्यक्रमको थालनी भयो । कृषि विकास बैङ्कबाट देशका ६ सय ५२ गाउँ विकास समितिका करिब २ लाख १० हजार साना किसान परिवार समेटेर गाउँगाउँमा साना किसान विकास आयोजनाहरू खोली कार्यक्रम विस्तार गरियो ।

## साना किसान संस्थागत विकास

साना किसान विकास कार्यक्रमको विकाससँगै साना किसान विकास कार्यक्रमभित्र लक्षित वर्गको सशक्तीकरण र कार्यक्रममा उनीहरूकै नेतृत्वदायी भूमिका हुनुपर्ने आवश्यकता महसुस हुँदै गयो । कार्यक्रमको विस्तार खर्च न्यूनतम विन्दुमा राख्दै लागत दृष्टिकोणले समेत प्रभावकारी बनाउने एवं स्थानीय तहमा नेतृत्व विकास गरी कार्यक्रमलाई दिगो रूपमा सञ्चालन हुने उपायको खोजी हुन थाल्यो । आ.व. २०४२/४३ सालदेखि तत्कालीन जी.टी.जेड. तथा कृषि विकास बैङ्कको संयुक्त प्रयासमा साना किसान विकास कार्यक्रमभित्र स्थानीय रूपमा संस्थागत विकास गर्ने अवधारणा विकास भयो । साना किसान विकास आयोजनाभित्र सम्बन्धित साना किसानहरूको प्रत्यक्ष सहभागिता बढाउन समूह, अन्तरसमूह र मूल समिति गरी तीन तहात्मक स्थानीय साङ्गठनिक स्वरूपको अभ्यास सुरु गरियो । नेतृत्व एवं व्यवस्थापकीय क्षमता विकासका लागि विविध कार्यक्रमहरू सञ्चालन भए ।

## साना किसान सहकारी संस्था लि.

साना किसान संस्थागत विकास कार्यक्रमले स्थानीय साना किसानहरूको क्षमता र विश्वासमा अभूतपूर्व परिवर्तन ल्यायो । उनीहरू आफैं कृषि विकास बैङ्कसमक्ष साना किसान विकास आयोजनाको व्यवस्थापन हस्तान्तरण गरिलिन माग गर्न सक्ने अवस्थामा पुगे । साना किसानहरूको गाविस स्तरमा निर्माण भएका सङ्गठनलाई प्रचलित सहकारी ऐनबमोजिम दर्ता गरियो । आ. व. २०५०/५१ देखि कृषि विकास बैङ्कले साना किसान विकास आयोजनाको व्यवस्थापन र स्वामित्व तिनै स्थानीय साना किसानहरूको स्थानीय सहकारी संस्थालाई हस्तान्तरण गरेपछि स्वायत्त साना किसान सहकारी संस्था लि. स्थापना गर्ने क्रम सुरु भयो ।

## छाता सङ्गठनका रूपमा साना किसान विकास बैङ्क लि.

साना किसान सहकारी संस्थाहरूलाई गरिबी न्यूनीकरणमा स्वस्फूर्त र दिगो रूपमा सञ्चालन हुन सक्ने तुल्याउन एवं वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउन कृषि विकास बैङ्कभित्र विशिष्ट विभागहरू स्थापना गरिए पनि कृषि विकास बैङ्कका बृहत् कार्यक्रमहरू एवं परिवर्तित प्राथमिकताका कारणले साना किसान विकास अभियानमा प्रशस्त योगदान पुग्न नसक्ने हो कि भन्ने चिन्ता पनि बढ्दै गयो । सक्षम र सबल स्थानीय ग्रामीण संस्था बन्न सहयोग पुऱ्याउने एवं लघुवित्त सेवाबाट वञ्चित क्षेत्रमा साना किसान सहकारी संस्था गठन गरी विपन्न तथा साना किसानहरूको आर्थिक तथा सामाजिक विकासका लागि वित्तीय पहुँच विस्तार गर्ने मात्र विशिष्ट उद्देश्य लिएर एक छुट्टै राष्ट्रिय स्तरको बैङ्क स्थापना हुनुपर्ने आवश्यकता महसुस गरियो । यसै सन्दर्भमा कृषि विकास बैङ्कको अगुवाइ र नेपाल सरकारको सहयोग एवं सहभागितामा वि. सं. २०५८ साल असार २२ गते साना किसान विकास बैङ्कको स्थापना गरियो ।

आरम्भमा बैङ्कका संस्थापक सेयरधनीहरूमा नेपाल सरकार, कृषि विकास बैङ्क लि., नेपाल बैङ्क लि. र २१ वटा साना किसान सहकारी संस्थाहरू रहेका थिए । वि. सं. २०६७/६८ मा

नेपाल सरकारको स्वामित्वमा रहको सेयर विभिन्न साना किसान सहकारी संस्थाहरूलाई बिक्री गरेपश्चात् हाल कृषि विकास बैङ्क लि., नेपाल बैङ्क लि. र २३१ वटा साना किसान सहकारी संस्थाहरूका तर्फबाट करिब ७०% संस्थापक सेयर र सर्वसाधारण सेयरधनीहरूको करिब ३०% सेयर गरी कूल सेयर पुँजी रु. २३ करोड ६ लाख ८२ हजार ३ सय संस्थापक तथा सर्वसाधारण सेयरधनीहरूका तर्फबाट लगानी भएको छ।

## कृषि विकास बैङ्कबाट साना किसान विकास बैङ्कमा कारोबार हस्तान्तरण

कृषि विकास बैङ्कद्वारा प्रवर्द्धन गरिएका २१० वटा साना किसान सहकारी संस्थाहरूको उक्त बैङ्कसँगको ऋण कारोबार वि. सं. २०६३ सम्ममा क्रमशः साना किसान विकास बैङ्कमा सारियो। साना किसान सहकारी संस्थाहरूले कृषि विकास बैङ्कलाई तिर्न बाँकी कर्जा सापट साना किसान विकास बैङ्कलाई तिर्नुपर्ने र अब उप्रान्त साना किसान सहकारी संस्थाहरूलाई आवश्यक पर्ने कर्जा सापट साना किसान विकास बैङ्कले उपलब्ध गराउने व्यवस्था मिलाइयो। साना किसान सहकारी संस्थासँग रहेको बाँकी कर्जा सापट कृषि विकास बैङ्कलाई साना किसान विकास बैङ्कले भुक्तानी गरिसकेको छ।

## स्वायत्त व्यवस्थापन

कृषि विकास बैङ्कले साना किसान विकास बैङ्कको स्थापनादेखि नै महाप्रबन्धक एवं दक्ष कर्मचारीहरू काजमा पठाई यसको व्यवस्थापन गर्दै आएको थियो। वि. सं. २०६६ मा खुला प्रतिस्पर्धाका आधारमा प्रमुख कार्यकारीको व्यवस्था गरियो। वि. सं. २०६७ मा यस बैङ्कको सञ्चालक समितिको अध्यक्ष पदमा पहिलोपटक साना किसान सहकारी संस्थाका प्रतिनिधिको चयन भयो। कृषि विकास बैङ्कबाट आउनुभएका कर्मचारीहरू क्रमशः फिर्ता भई आवश्यक सङ्ख्यामा कर्मचारीहरू भर्ना गर्न थालियो। वि. सं. २०६९ मा सर्वसाधारणमा सेयर निष्काशन भएपश्चात् पूर्ण सङ्ख्याको सञ्चालक समिति गठन भयो। बैङ्क स्थापनादेखिको ८ वर्षमा कूल कर्जा रु. १ अर्ब ११ करोड लगानीमा रहेको अवस्थाबाट नयाँ व्यवस्थापन स्थापनापश्चात्का ६ वर्षमा ६३०% ले बृद्धि भई २०७२ असार मसान्तमा रु. ८ अर्ब १० कारोड पुगेको छ। आबद्ध परिवार सङ्ख्या १ लाख ६० हजार बाट बृद्धि भई ४ लाख ३७ हजार नाघेको छ।

## बैङ्कको दूरदृष्टि, ध्येय र मूल्यमान्यता

### दूरदृष्टि (Vision)

ग्रामीण गरिबको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन स्थापित साना किसान सहकारी संस्था तथा अन्य समान प्रकृतिका लघुवित्त संस्थाहरूको बहुमत स्वामित्वमा सञ्चालन हुने लघुवित्त क्षेत्रको एक अग्रणी र वित्तीय सक्षमतायुक्त थोककर्जा प्रदायक बैङ्कका रूपमा स्थापित हुने।

### ध्येय (Mission)

साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई थोक कर्जा लगानी गर्ने तथा त्यस्ता संस्थाको क्षमता विकास र सुदृढीकरणका लागि अन्य सङ्घ-संस्थाहरूसँग वकालत र साझेदारी गर्ने।

### मूल्यमान्यता (Core Values)

- व्यावसायिक भावनाबाट परिलक्षित एवं वित्तीय सक्षमता कायम गर्ने,
- राजनीतिक तवरमा तटस्थ रहने,
- ग्रामीण गरिबको सेवामा प्रतिबद्ध रहने,
- ग्राहकमुखी गुणस्तरीय सेवा दिने,
- नीति तथा कारोबारमा पारदर्शिता कायम गर्ने।

## बैङ्कको उद्देश्य (Objectives)

राष्ट्रिय स्तरको लघुवित्त बिकास बैङ्कको मान्यताअनुरूप साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई कर्जा लगानी गर्न आवश्यक थोककर्जा लगानी गर्ने यस बैङ्कको प्रमुख उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्।

(क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरू र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने।

(ख) नेपाल राष्ट्र बैङ्कको मार्गदर्शनअनुरूप सहकारी संस्था तथा लघुवित्त संस्थाहरूको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने।

(ग) लघु व्यवसाय एवं ग्रामीण वित्तबजारको विकास, विस्तार, प्रबर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउन सहयोग पुऱ्याउने।

(घ) संस्थाहरूको संस्थागत एवं मानव-संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने।

(ङ) संस्थाहरूमार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारणसम्बन्धी कार्यमा सघाउ पुऱ्याउने।

(च) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्द्धाका माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

## बैङ्कका कार्यहरू (Functions)

यस बैङ्कले हालसम्म निम्न क्रियाकलापलाई आफ्नो कार्यक्षेत्रका रूपमा लिएको छ –

(क) साना किसान कृषि सहकारी संस्थालगायत अन्य यस्तै प्रकृतिका लघुवित्त संस्थाहरूलाई छोटो र मध्यम अवधिको

थोक कर्जा र पुनर्कर्जा प्रदान गर्ने ।

(ख) नेपाल सरकार तथा दातृसङ्घ-संस्थाहरूबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरूमार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने ।

(ग) आबद्ध संस्थाहरूको वित्तीय सक्षमता विकासका लागि आवश्यक वित्तीय सहयोग पुऱ्याउने ।

(घ) संस्थाहरूको साङ्गठनिक सबलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग पुऱ्याउने ।

(ङ) आबद्ध संस्थाहरूको वित्तीय कारोबारलगायत समग्र क्रियाकलापको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने - गराउने ।

(च) विद्यमान साना किसान सहकारी संस्थाहरूलाई सेवा नपुगेका अन्य स्थानमा समान प्रकृतिका संस्थाहरू निर्माण गर्न साना किसान सहकारी अनुसरण (Replication) कार्यक्रम संचालन गर्ने कार्यमा अभिप्रेरित, प्रोत्साहन र सहयोग गर्ने ।

(छ) लघुवित्तसम्बन्धी अन्य देशमा सञ्चालित असल अभ्यासको खोजी गरी आबद्ध संस्थाहरूमा समेत सञ्चालन गर्न अभिप्रेरित गर्ने ।

(ज) संस्थाहरूको वित्तीय सक्षमता र दिगोपनालाई अभिवृद्धि गर्न आवश्यक रणनीति अवलम्बन गर्ने-गराउने ।

(झ) ग्रामीण विकास वित्तको सफल अवधारणा तथा प्रारूपलाई अरू संस्थामा समेत लागू गराउने ।

(ञ) नेपाल राष्ट्र बैङ्कको मार्गदर्शनअनुरूप बैङ्कको वित्तीय सूचकाङ्क कायम गर्दै संस्थागत सुशासनमा रहने ।

## संस्थागत सुशासन

यस बैङ्कले संस्थागत सुशासनसम्बन्धी नेपाल राष्ट्र बैङ्कलगायत सम्बन्धित नियमनकारी निकायहरूबाट प्राप्त मार्गनिर्देशनहरू उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । बैङ्कको सुशासन अभिवृद्धि एवं बैङ्कले गर्ने कार्यहरू पारदर्शी एवं नियमसङ्गत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा, सर्त तथा सुविधा समिति र आन्तरिक लेखा परीक्षण एकाइ क्रियाशील रहेको छ । बैङ्कको कारोबार लाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरी लागू गरिएको छ । बैङ्कको संस्थागत सुशासन कायम गर्न देहायबमोजिमका सभा, समिति, उपसमिति, बैंठक र पदाधिकारीको महत्वपूर्ण योगदान रहेको छ ।

**वार्षिक साधारणसभा** : बैङ्कको सर्वोच्च अङ्ग साधारणसभा हो । यस बैङ्कले स्थापनादेखि हालसम्म नियमित रूपमा वार्षिक साधारणसभा गर्दै आएको छ । साधारणसभामा सबै सेयर सदस्यहरूको प्रतिनिधित्व हुन सक्ने गरी समयमा सूचना प्रवाह गर्ने, बैङ्कका वार्षिक गतिविधि र योजनाका सम्बन्धमा छलफल गर्ने एवं महत्वपूर्ण निर्णयहरू गर्ने कुरामा वार्षिक साधारणसभा ज्यादै प्रभावकारी रहिआएको छ ।

**सञ्चालक समिति** : सेयर सदस्यहरूबाट मनोनीत र निर्वाचित प्रतिनिधिहरूबाट यस बैङ्कको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ । सञ्चालक समितिको बैठक नियमित रूपमा बसी बैङ्कको कार्यप्रगतिको समीक्षा गर्ने, प्रचलित कानुनहरू, बैङ्कको प्रबन्धपत्र र नियमावली, नेपाल राष्ट्र बैङ्कका निर्देशनहरू, समसामयिक आर्थिक / सामाजिक अवस्था, बजार र प्रतिस्पर्धीहरू समेतलाई ध्यानमा राखी आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने कार्यमा सञ्चालक समिति प्रतिबद्ध रहेको छ ।

**लेखापरीक्षण समिति** : सञ्चालक श्री उमेश लम्सालको संयोजकत्वमा सञ्चालकद्वय श्री अनिलकुमार उपाध्याय र श्री रविन्द्र यादव एवं अनुगमन अधिकृत श्री भीमप्रसाद गैह्रेसहितको ४ सदस्यीय लेखापरीक्षण समितिले बैङ्कको लेखा वित्तीय पक्षहरूको अध्ययन गर्ने, आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाउने, आन्तरिक लेखापरीक्षणका कैफियतहरू सुधार गर्न लगाउने र सोको अनुगमन गर्ने, अन्तिम लेखापरीक्षणको व्यवस्था गर्ने, सञ्चालक समितिलाई आवश्यक निर्देशन र सुझावहरू दिने कार्य गर्दछ ।

**कर्मचारी व्यवस्थापन तथा सेवा-सुविधा उपसमिति** : सञ्चालक श्री अनिल कुमार उपाध्यय संयोजकत्वमा सञ्चालकद्वय श्री अरुण कुमारबज्राचार्य र श्री सुखदव न्यौपाने एवं वरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराईसहितको ४ सदस्यीय कर्मचारी व्यवस्थापन तथा सेवा-सुविधा समितिले कर्मचारीहरूको सेवा-सुविधा तथा व्यवस्थापनसम्बन्धी कार्यहरूमा सञ्चालक समितिलाई आवश्यक सहयोग र सुझाव प्रदान गर्दै आएको छ ।

**जोखिम व्यवस्थापन समिति** : सञ्चालक श्री अरुण कुमार बज्राचार्यको संयोजकत्वमा सञ्चालकद्वय श्री सुखदेव न्यौपाने र श्री उमेश लम्साल एवं वरिष्ठ प्रबन्धक श्री अञ्जु पाठक सदस्य सचिव रहने गरी ४ सदस्यीय जोखिम व्यवस्थापन उप-समितिले बैङ्कको पोर्टफोलियो अध्ययन एवं वर्तमान र सम्भाव्य जोखिमहरू विश्लेषण गरी उपयुक्त विधि निर्माण गर्ने कार्यहरू गर्दछ ।

**ऋण समिति** : प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा संयोजक रहने गरी वरिष्ठ प्रबन्धकद्वय श्री झलेन्द्र भट्टराई तथा श्री अञ्जु पाठक सहितको ३ सदस्यीय ऋण समिती रहेको छ ।

**पदपूर्ति समिती** : प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माको अध्यक्षतामा श्री प्रल्हाद थापा, श्री शंकर कुमर अर्याल, श्री सीमा सिंह र बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराई सदस्य सचिव रहेको ५ सदस्यीय कर्मचारी भर्ना तथा छनौट समितीले संस्थामा समय सापेक्ष मानवसंसाधन आवश्यकता पहिचान, कर्मचारी भर्ना तथा छनौट गर्ने काम गर्दछ ।

**आन्तरिक लेखापरीक्षण तथा निरीक्षण एकाइ** : बैङ्कमा लेखापरीक्षण समितिको निर्देशनमा रहने गरी आन्तरिक लेखापरीक्षण तथा निरीक्षण एकाइ रहेको छ । यस एकाइले मातहतका सबै कार्यालयहरूको नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्दछ भने कर्जा कारोबार गर्ने ग्राहक संस्थाहरूको स्याम्प्लिङ गरी निरीक्षण र अनुगमन कार्यलाई सञ्चालन गर्दछ ।

अन्तिम लेखापरीक्षण : बैङ्कले प्रत्येक आर्थिक वर्षको चार्टड एकाउन्टेन्ट्सबाट स्वतन्त्र रूपमा अन्तिम लेखापरीक्षण गराउने गर्दछ। आ. व. २०७१/७२ को लेखा परीक्षण श्री खगेन्द्र भट्टराई, खगेन्द्र एन्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट सम्पन्न भएको छ ।

**आन्तरिक नियन्त्रण प्रणाली** : बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ तथा प्रचलित कानुनहरू र नेपाल राष्ट्र बैङ्कले विभिन्न समयमा जारी गर्ने निर्देशन एवं परिपत्रहरूको अधीनमा रही बैङ्कले आफ्ना व्यावसायिक कारोबारहरू सञ्चालन गर्दछ । साधारणसभाको निर्देशन एवं सञ्चालक समितिका निर्णयहरूबाट बैङ्कका क्रियाकलापहरू निर्देशित हुने गर्दछन् । बैङ्कको प्रबन्धपत्र, नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०६२, कर्जा अपलेखन विनियमावली २०६२, इन्वार्ड विप्रेषण नीति तथा कार्यविधि २०६३, लघुवित्त संस्थाहरूमा थोक कर्जा कार्यान्वयन कार्यविधि २०६६, पशुपालन कर्जा कार्यक्रम तथा कारोबार सञ्चालन कार्यपद्धति २०६७, साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०६७, स्वरोजगार कर्जा कारोबार सञ्चालन कार्यविधि २०६८, लिलामी सम्बन्धी कार्यविधि २०६८, कर्मचारी कल्याणकारी कोष तथा बीमा कार्यान्वयन कार्यविधि २०६८, आन्तरिक नियन्त्रण नीति २०६९, नवीकरणीय ऊर्जा कर्जा लगानी असुली कार्यविधि २०७१, सामाजिक/सामुदायिक विकास कार्यक्रमका लागि अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०७२ र यस्तै अन्य नीति तथा कार्यविधिका अधिनमा रही बैङ्कका कार्यहरू सञ्चालन हुने गर्दछन् ।

**कर्मचारी बैंठक** : प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा कर्मचारीहरूको बैठक बसी सहभागितामूलक विधिबाट छलफल गरी निर्णय गर्ने पद्धति रहेको छ। बैंठकमा बैङ्कको उद्देश्य हासिल गर्न सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूको प्रगतिको समीक्षा गर्दै आगामी दिनमा अझ प्रभावकारी र सहज रूपमा काम-कारवाहीहरू सञ्चालन गर्न अपनाइने रणनीतिहरू तर्जुमा गरिन्छ ।

**प्रमुख कार्यकारी अधिकृत** : बैङ्कको दैनिक कार्यसञ्चालन, योजना तर्जुमा, स्रोत व्यवस्थापन, आन्तरिक नियन्त्रण, समन्वय र सम्बन्ध विकास जस्ता यावत् कार्यहरू प्रमुख कार्यकारी अधिकृतबाट हुने व्यवस्था गरिएको छ। प्रमुख कार्यकारी अधिकृतअन्तर्गत विभिन्न विभाग, एकाइ र इलाका कार्यालयहरूले बैङ्का व्यावसायिक गतिविधि सञ्चालन गर्दछन् । प्रमुख कार्यकारी अधिकृतको लघुवित्त र व्यवस्थापकीय क्षेत्रमा लामो अनुभव, व्यावसायिक दक्षता, अन्तरवैयक्तिक क्षमता, दूरदृष्टि र कुशल व्यवस्थापनले बैङ्कको प्रगतिमा महत्वपूर्ण भूमिका खेलेको छ ।

**कर्मचारी कार्य विवरण** (Job Description) : कर्मचारीहरूमा स्पष्ट कार्यविभाजन, कार्यसम्पादन मूल्याङ्कन पद्धति, अधिकार र जिम्मेवारी प्रदान, उचित सेवा-सुविधा आदि कारणले गर्दा उच्च मनोबलका साथ काम गर्ने वातावरण कायम रहेको छ ।

**वार्षिक/अर्धवार्षिक समीक्षागोष्ठी** : बैङ्कले नियमित रूपमा केन्द्रीय र इलाका कार्यालयसहितको वार्षिक र अर्धवार्षिक प्रगति समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठीको आयोजना गर्दै आएको छ । त्यसै गरी आवद्ध सहकारी संस्थाका प्रतिसंस्था कम्तीमा २ जना आधिकारिक प्रतिनिधिहरूको सहभागितामा केन्द्रीय कार्यालयको आयोजनमा वार्षिक रूपमा प्रगति समीक्षा तथा रणनीति तर्जुमागोष्ठी र इलाका कार्यालयको आयोजनामा अर्धवार्षिक समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठी आयोजना गर्दै आएको छ ।

साना किसान विकास बैङ्क लि. को चौधौं वार्षिक साधारणसभामा प्रस्तुत

# सञ्चालक समितिको प्रतिवेदन

## आर्थिक वर्ष २०७१/७२

### आदरणीय शेयरधनी महानुभावहरू,

साना किसान विकास बैङ्क लि. को चौधौं वार्षिक साधारण सभामा प्रतिनिधित्व गरी पाल्नुभएका सेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरू तथा यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई यस बैङ्कका तर्फबाट हार्दिक स्वागत छ ।

साना किसान विकास बैङ्क लि. ले वित्तीय कारोबार प्रारम्भ गरेको १४ वर्षको अवधिमा लघुवित्त एवं साना किसान विकास अभियानमा हासिल गरेको उपलब्धि उत्साहजनक रहेको छ । यस बैङ्कलाई यी उपलब्धिहरू हासिल गर्न प्रत्यक्ष/परोक्ष रूपमा टेवा, सहयोग र हौसला प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल सरकारको वित्तीय सहयोगमा सञ्चालन गरिएको मासुजन्य पशुपालन कर्जा कार्यक्रम, नेपाल सरकार एवं एसियाली विकास बैङ्कसँग भुकम्प प्रभावित क्षेत्रका लागि गरिएको विशेष कर्जा कार्यक्रम, कृषि विकास मन्त्रालय र IFAD को सहयोगमा मध्य पश्चिमाञ्चाल तथा पश्चिमाञ्चलका पहाडी जिल्लामा सञ्चालित अनुसरण कार्यक्रम, यू. एन. सी. डी. एफ. सँगको सहकार्यमा सञ्चालित साना किसान नविकरणीय उर्जा कर्जा कार्यक्रम, विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट विपन्न वर्ग कर्जाका लागि भएका सहयोगहरू र विभिन्न सहयोगी निकायहरूसँगको सहकार्यले गरिबी न्यूनीकरणमा लघुवित्त सेवाको प्रभावकारी विस्तार गर्न बैङ्कलाई ठूलो हौसला प्राप्त भएको छ ।

आर्थिक वर्ष २०७१/७२ मा बैङ्कले गरेको प्रगति र उपलब्धि, बैङ्क सञ्चालनमा देखिएका चुनौतीहरू, समग्र बैङ्किङ्ग कारोबारको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिका तर्फबाट बैङ्कको चौधौं वार्षिक साधारणसभामा प्रस्तुत गरिएको छ । साथै, यस अवसरमा यस साना किसान विकास बैङ्क लि. को २०७२ साल आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७१/७२ को नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरूसहितको वार्षिक प्रतिवेदन सभाको स्वीकृतिका लागि पेस गर्नसमेत अनुमति चाहन्छौं ।

### विगत वर्षको कारोबारको सिंहावलोकन

स्थापना देखि नै मुनाफामा रहेको यस बैंकले विगत बर्षहरुमा झैं आ. व. २०७१/७२ मा पनि उत्साहजनक आर्थिक उपलब्धि हासिल गरेको छ। यस अवधिमा बैङ्कले गरेको आर्थिक कारोबारको सङ्क्षिप्त विवरण निम्नानुसार उल्लेख गरिएको छ।

#### कर्जा कारोबार एवं गुणस्तर

आबद्ध साना किसान सहकारी संस्था र समान प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने संस्थाहरूलाई थोक कर्जा सुविधा उपलब्ध गराउनु नै यस बैङ्कको प्रमुख व्यवसाय हो । यसै क्रममा बैङ्कले

**तालिका - १ : कर्जा लगानी असुली तथा कर्जाको गुणस्तर**

(रु.हजारमा)

| क्र. सं. | विवरण | आ.व. ०६७/६८ | आ.व. ६८/६९ | आ.व. ०६९/७० | आ.व. ०७०/७१ | आ.व. ०७१/७२ | २०७२ कार्तिक |
|---|---|---|---|---|---|---|---|
| १ | कर्जा लगानी | १८७०९२८ | २६७३७७३ | ३३०९०९१ | ५१३५५४३ | ७४८३४२१ | २०३९०९० |
| २ | कर्जा असुली | ११०९५४४ | १८७५०९३ | २३५२५८२ | ३४०१९८३ | ४७५२९०२ | १९६११५४ |
| ३ | कर्जा लगानी/असुलीको अनुपात | ५९% | ७०% | ७१% | ६६% | ६४% | ९६% |
| ४ | लगानीमा रहिरहेको रकम | १८७७४७७ | २६७६१५९ | ३६३२६६६ | ५३६६२२६ | ८०९६७५० | ८१७४६८६ |
| ५ | कारोबार बृद्धि % | ६८% | ४३% | ३६% | ४८% | ५१% | १% |
| ६ | निष्क्रिय कर्जा रकम | ४६७९७ | २८७१९ | २३४३१ | ६१०० | १३७६६ | १८६३५ |
| ७ | निष्क्रिय कर्जा % | २.४९% | १.०७% | ०.६५% | ०.११% | ०.१७% | ०.१६% |
| ८ | जोखिम कोष व्यवस्था रकम | ४५२२९ | ५५९०७ | ६०२३५ | ६०४१३ | ११५३०८ | १३१५६१ |
| ९ | जोखिम कोष व्यवस्था % | २.४१% | २.०९% | १.६६% | १.१३% | १.४२% | १.६१% |
| १० | कूल संस्थासङ्ख्या | २५१ | २९१ | ३९१ | ४२८ | ५१० | ५१४ |
| ११ | प्रतिसंस्था औसत कर्जा रकम | ७४८० | ९१९६ | ९२९१ | १२५३८ | १५८७६ | १५९०४ |
| १२ | कर्जा असुली दर % | ९७.५१% | ९८.६१% | ९९.४७% | ९९.७८% | ९९.९१% | ९८.६०% |

आ.व. २०७०/७१ मा रु. ५ अर्ब १३ करोड ५५ लाख कर्जा लगानी गरेकोमा आ. व. २०७१/७२ मा ४६% ले बृद्धि गरी रु. ७ अर्ब ४८ करोड ३४ लाख लगानी गर्न सफल भएको छ। सावाँ असुली तर्फ अघिल्लो आ. व. मा रु. ३ अर्ब ४० करोड २० लाख भएकोमा प्रतिवेदन वर्षमा ४०% ले बृद्धि भई ४ अर्ब ७५ करोड २९ लाख पुगेको छ। आ. व. २०७०/७१ को अन्तमा लगानीमा रहिरहेको कुल रकम रु. ५ अर्ब ३६ करोड ६२ लाख रहेकोमा ५१% ले बृद्धि भई प्रतिवेदन वर्षमा ८ अर्ब ९ करोड ६७ लाख पुगेको छ।

भाखा नाघेको र निष्क्रिय रहेको कर्जा आ. व. २०७०/७१ मा रु. ६१ लाख (कुल कर्जाको ०.११%) रहेकोमा आ. व. २०७१/७२ मा रु. १ करोड ३७ लाख ६६ हजार (कुल कर्जाको ०.१७%) पुगेको छ। आर्थिक बर्षको अन्त तिर उत्पन्न प्राकृतिक विपत्तिको असर स्वरुप केही कर्जा भाखा नाघेको देखिएको छ। यसरी कूल लगानीमा रहिरहेको रकमको ०.१७% मात्र निष्क्रिय कर्जा रहे तापनि बैङ्कद्वारा १.४२% ले हुने रकम व्यवस्था गरी असल कर्जाका लागि १% का अतिक्ति झण्डै ०.२५% थप कर्जा नोक्सानी व्यवस्था गरिएकोछ।

आ. व. २०७०/७१ मा रु. २१ लाख २२ हजार ब्याज उठाउन बाँकी रहेकोमा आ. व. २०७१/७२ को अन्तमा आईपुग्दा रु. ११ लाख ३८ हजारमा झरेको हुँदा असुलीदरमा ०.१३% ले सकारात्मक प्रभाव पर्न गई ९९.९१% कायम हुन पुगेको छ।

### तिर्न बाँकी रहेको कर्जा तथा सापटी विवरण

बैङ्कले विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट विपन्न क्षेत्र कर्जा प्राप्त गरी स्रोत व्यवस्थापन गर्दै आएको छ। बार्षिक लगभग ४०% का दरले कर्जा तथा सापटमा बृद्धि हुनुबाट यस बैंकले वित्तीय बजारमा राम्रो विश्वास आर्जन गर्न सकेको पुष्टि हुन्छ। ग्राहक संस्थाहरुले आफुले लिएको कर्जाको न्यूनतम ५% ले हुने रकम ग्राहक सुरक्षणकोष वापत राख्नु पर्ने व्यवस्था रहेकोमा झण्डै ७% को हाराहारीमा उक्त रकम मौज्दात रकेको देखिन्छ। आ. व. २०७०/७१ मा कूल सापटीको औसत ब्याज खर्चदर ४.६४% रहेको मा आ. व. २०७१/७२ मा १.६५% बिन्दुले कमी भई २.९९% मा कायम हुन आएकोमा २०७२ असोजमा ३.१६% हुन पुगेकोछ। प्राप्त वित्तीय स्रोतहरू (कर्जा सापटी) र पुँजीको लागतदर तालिका – २ मा प्रस्तुत गरिएको छ।

**तालिका - २ : तिर्न बाँकी रहेको सापटी विवरण** (रु.हजारमा)

| क. सं. | विवरण | २०६८ असार | २०६९ असार | २०७० असार | २०७१ असार | २०७२ असार |
|---|---|---|---|---|---|---|
| १ | तिर्न बाँकी कर्जा सापट (स्रोतअनुसार) | | | | | |
| | (क) नेपाल सरकार | १०९०००० | १५७५००० | १३९५००० | १७१५००० | २५५०००० |
| | (ख) नेपाल राष्ट्र बैङ्क | २०८३९ | १०४१६ | ९३३२ | ८२४८ | ७१६४ |
| | (ग) बैङ्क तथा वित्तीय संस्थाहरू | १०४४२५४ | १६२२०३२ | २३८४९७९ | ३५००२९५ | ४६२२६६६ |
| २ | आबद्ध संस्थाहरूबाट सुरक्षण कोष | ११३१९० | १८५७०० | २४९०८८ | ३९३२६१ | ५४५४०५ |
| ३ | जम्मा सापटी र सुरक्षण कोष | २२६८२८३ | ३३९३१४८ | ४०३८३९९ | ५६१६८०४ | ७७२५२३५ |
| ४ | सापटीको औसत लागत दर (% मा) | ६.५६% | ६.२०% | ५.२९% | ४.६४% | २.९९% |
| ५ | सापटीमा औसत बृद्धि दर (% मा) | | ४९.५९% | १९.०२% | ३९.०८% | ३७.५४% |

### ब्याज आम्दानी तथा ब्याज खर्च अवस्था

लगानीमा भएको वृद्धिका कारण आ. व. २०७०/७१ मा बैङ्कले कर्जाबाट रु. ४५ करोड ४८ लाख ब्याज आम्दानी गरेकोमा आ. व. २०७१/७२ मा १७% ले बृद्धि गरी रु. ५३ करोड ९ लाख ब्याज आर्जन गर्न सफल भएको छ। आ. व. २०७०/७१ मा रु. २२ करोड ४० लाख समग्र ब्याज खर्च भएकोमा आ. व. २०७१/७२ मा ११% ले घटेर रु. १९ करोड ९१ लाख पुगेको छ। बैङ्कको औसत ब्याज आम्दानी दर ९.०६% बाट घटेर प्रतिवेदन वर्षमा ७.८९% हुन पुगेको छ भने औसत ब्याज खर्चतर्फ पनि ४.६४% बाट घटेर २.९९% हुन पुगेको छ। अघिल्लो आ. व. मा औसत ब्याज मार्जिन दर ४.४२ % रहेकोमा प्रतिवेदन वर्षको औसत ब्याज मार्जिन दर भने ०.५८ विन्दुले बढेर ४.९०% कायम रहेको छ। ब्याज आम्दानी तथा ब्याज खर्चको सङ्क्षिप्त विवरण तालिका – ३ मा देखाइएको छ।

**तालिका - ३ : ब्याज आम्दानी तथा ब्याज खर्च**

| क्र. सं. | विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|---|---|
| १ | ब्याज आम्दानी (रु. लाखमा) | १८५१ | ३१७२ | ३७६३ | ४५४८ | ५३०९ |
| २ | ब्याज आम्दानी बृद्धि (ह्रास) % | ५२% | ७१% | १९% | २१% | १७% |
| ३ | ब्याज खर्च (रु. लाखमा) | १०४६ | १७५६ | १९६५ | २२४० | १९९१ |
| ४ | ब्याज खर्च बृद्धि (ह्रास) % | ७०% | ६८% | १२% | १४% | ११% |
| ५ | औसत लरर | १४९६८ | २२७६८ | ३१५४४ | ४४९९४ | ६७३१५ |
| ६ | औसत ब्याज आम्दानी दर % | १०.५९% | ११.५३% | १०.३५% | ९.०६% | ७.८९% |
| ७ | लिएको औसत कर्जा रकम (रु. लाखमा) | १४९५९ | २६८१३ | ३४९८४ | ४५०६४ | ६६७१० |
| ८ | औसत कर्जामा ब्याज खर्च दर % | ६.५६% | ६.२०% | ५.२९% | ४.६४% | २.९९% |

**कर्मचारी तथा अन्य सञ्चालन खर्च**

प्रतिवेदन वर्षको सुरुवातमा एसियाली विकास बैंकको सहयोगमा सञ्चालित कार्यक्रम सम्पन्न भए पछि सो अन्तरगतका केही कर्मचारीहरुलाई बैंकले निरन्तरता दिई कर्मचारी आवश्यकतालाई तत्कालमा पुरा गरेको छ। स्थायी भर्ना प्रकृयाबाट १८ जना थप कर्मचारीले समेत यसै समयमा सेवा आरम्भ गरेका छन्। त्यसैले कर्मचारी खर्च आ. व. २०७०/७१ मा रु. २ करोड ७१ लाख रहेकोमा प्रतिवेदन वर्षमा ३२ प्रतिसतले बृद्धि भई रु. ३ करोड ५९ लाख पुगेको छ। यो खर्च प्रक्षेपित कर्मचारी खर्चको ६४ प्रतिसत मात्र हो। दरबन्दी अनुसार कर्मचारी भर्ना हुन नसकेका कारण प्रक्षेपण अनुसार खर्च हुन सकेको छैन।

यसै गरी प्रशासनिक खर्च तर्फ आ. व. २०७०/७१ मा रु. २ करोड ७२ लाख रहेकोमा प्रतिवेदन वर्षमा ८ प्रतिसतले मात्र बृद्धि भई रु. २ करोड ९४ लाख पुगेको छ। यो खर्च प्रक्षेपित कर्मचारी खर्चको ५७ प्रतिसत मात्र हो। अन्य कार्यक्रमहरुले दैनिक भ्रमण खर्च व्यहोरेको, प्रभावकारिता अध्ययन गर्न नसकिएको, साना किसान प्रशिक्षार्थी खर्च कम गरिएको र व्यावसायिक प्रवर्धन खर्च घटाईएको जस्ता कारणहरुले प्रक्षेपित खर्च हुन नसकेको हो। विगतका वर्षहरूदेखि भएको कर्मचारी तथा अन्य सञ्चालन खर्चको अवस्था तालिका - ४ मा प्रस्तुत गरिएको छ।

**तालिका - ४ : कर्मचारी तथा अन्य सञ्चालन खर्च** (रु.हजारमा)

| क्र. सं. | विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|---|---|
| १ | कर्मचारी सङ्ख्या | ६७ | ६२ | ८१ | ८१ | ८१ |
| | (क) नियमित कर्मचारी | ४७ | ४८ | ४६ | ४२ | ७६ |
| | (ख) परियोजनाका कर्मचारी | २० | १४ | ३५ | ३९ | ५ |
| २ | कर्मचारी खर्च | १३१६९ | २००५० | २३२७२ | २७०८७ | ३५८७७ |
| | बृद्धि (ह्रास) % | -४% | ५२% | १६% | १६% | ३२% |
| | (क) नियमित कर्मचारी | १२९९९ | १८२६७ | २००६० | २५५२७ | ३५८१२ |
| | (ख) परियोजनाका कर्मचारी * | १७० | १७८३ | ३२१२ | १५६० | ६५ |
| | औसत लररमा कर्मचारी खर्च % | ०.८८% | ०.८८% | ०.७४% | ०.६०% | ०.५४% |
| ३ | प्रशासनिक खर्च | ९७१५ | १२४१९ | १८०६९ | २७२०५ | २९३६६ |
| ४ | औसत लररमा प्रशासनिक खर्च % | ०.६५% | ०.५५% | ०.५७% | ०.६०% | ०.४४% |
| ५ | जम्मा कर्मचारी प्रशासनिक खर्च | २२८८४ | ३२४६९ | ४१३४१ | ५४२९२ | ६५२४३ |
| ६ | औसत लररमा कर्मचारी प्रशासनिक खर्च | १.५३% | १.४३% | १.३१% | १.२१% | ०.९८% |
| ७ | बृद्धि (ह्रास) % | १०% | ४२% | २७% | ३१% | २०% |

* परियोजनाको कूल कर्मचारी खर्चको बैङ्कले व्यहोरेको १०% खर्च मात्र समावेश छ।

**नाफा–नोक्सानको अवस्था**

आ. व. २०७०/७१ मा बोनस र करअघिको कूल नाफा रु. १८ करोड १५ लाख रहेकोमा आ. व. २०७१/७२ मा यो रकम रु. २४ करोड १८ लाख पुगेको छ। बोनस र करपछिको खुद मुनाफा अघिल्लो आर्थिक वर्षभन्दा ३५% ले वृद्धि भई रु. १५ करोड ४१ लाख पुगेको छ। अघिल्लो आ. व. मा कूल सञ्चालन आम्दानीको ४९% खुद मुनाफा भएकोमा प्रतिवेदन वर्षमा ४३% खुद मुनाफा भएको छ। विगतका वर्षहरूदेखिको मुनाफा अवस्था तालिका – ५ मा प्रस्तुत गरिएको छ।

**तालिका- ५: नाफा नोक्सानको अवस्था**

(रु.लाखमा)

| क्र. सं. | विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|---|---|
| १ | खुद ब्याज आम्दानी | ८०५ | १४१६ | १७९८ | २३०८ | ३५९३ |
| २ | कूल सञ्चालन आम्दानी | ८१८ | १४१८ | १८०८ | २३२७ | ३५९५ |
| ३ | जोखिम कोषअघिको सञ्चालन मुनाफा | ५८९ | १०९३ | १३९५ | १७८४ | २९४२ |
| ४ | सञ्चालन मुनाफा | ४३१ | ६२५ | १२८९ | १६४० | २३९३ |
| ५ | बोनस र करअघिको कूल मुनाफा | ४६२ | १००० | १३७१ | १८१५ | २४१८ |
| ६ | आयकर व्यवस्था | १३० | २७६ | ३८२ | ५०९ | ६५७ |
| ७ | खुद नाफा | २९१ | ६३४ | ८६४ | ११४१ | १५४१ |
| ८ | खुद नाफा वृद्धि % | ५३% | ११८% | ३६% | ३२% | ३५% |

**नाफा–नोक्सान बाँडफाँटको अवस्था**

सेयरधनी महानुभावहरू !

आ. व. २०७१/७२ मा आर्जन भएको खुद मुनाफा रु.१५ करोड ४० लाख ६४ हजारमध्ये वैधानिक व्यवस्थाअनुसार साधारण जगेडा कोषमा २०% ले हुने रु. ३ करोड ८ लाख १३ हजार, कर्मचारी कल्याणकारी कोषमा ५% ले हुने रु. ७७ लाख ३ हजार, संस्था पुनर्स्थापना कोषमा ३% ले हुने रु. ४६ लाख २२ हजार र संस्थागत सुदृढीकरण कोषमा १०% ले हुने रु. १ करोड ५४ लाख ६ हजार व्यवस्था गरी सारिएको छ। यसै गरी रु. ९ लाख ५१ हजार स्थगनकर जगेडा कोषमा सारेपछि बाँकी रहेको रु. ९ करोड ४५ लाख ६९ हजार वितरणयोग्य मुनाफामध्ये चुक्ता पुँजी रु २३,०६,८२,३०० को २५% ले हुने रु. ५,७६,७०,५७५ को बोनस सेयर र बोनस शेयरको कर समायोजनको लागि १.३१६% को नगद लाभांश रु. ३०,३५,२९३ गरी जम्मा रु ६,०७,०५,८६८ बराबरको मुनाफा वितरण गर्ने गरी सञ्चालक समितिले प्रस्ताव गरेको छ र यसको लागि नेपाल राष्ट्र बैङ्कबाट स्वीकृतिसमेत प्राप्त गरिसकेको यहाँ जानकारी गराउँदछु। गत आ. व. मा रु. ११ करोड २४ लाख ३२ हजार सञ्चित मुनाफा रहेकोमा प्रतिवेदन वर्षको अन्तमा कुल सञ्चित मुनाफा ३०% ले बृद्धि भई रु. १४ करोड ६३ लाख पुगेको छ। मुनाफा बाँडफाँडलाई तालिका नं. ६ मा अझ प्रष्ट गरिएको छ।

(रकम रु. हजारमा)

**तालिका - ६ : नाफा नोक्सान बाँडफाँटको अवस्था**

| क्र.सं. | विवरण | | रकम |
|---|---|---|---|
| १ | आ. व. २०७१/७२ को खुद नाफा | | १५४०६४ |
| २ | जगेडा कोषमा सारिएको | | ५९४९५ |
| | (क) साधारण जगेडा कोष (२०%) | ३०८१३ | |
| | (ख) कर्मचारी कल्याणकारी कोष (५%) | ७७०३ | |
| | (ग) पुनर्स्थापना कोष (३%) | ४६२२ | |
| | (घ) संस्थागत सुदृढीकरण कोष (१०%) | १५४०६ | |
| | (ङ) स्थगन कर जगेडा कोष | ९५१ | |
| ३ | वितरणयोग्य मुनाफा (१–२) | | ९४५६९ |
| ४ | अघिल्लो वर्षको सञ्चित मुनाफा | | ११२४३२ |
| ५ | लाभांश प्रस्ताव ( शेयर तथा नगद) | | ६०७०६ |
| ६ | हालसम्मको कूल सञ्चित मुनाफा रकम (३+४-५): | | १४६२९५ |

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट व्यवसायमा परेको प्रभाव

सेयरधनी महानुभावहरू !

आ. व. २०७१/७२ मा न्यून आर्थिक वृद्धिदर, उच्च व्यापार घाटा, मूल्यवृद्धि, बैङ्किङ क्षेत्रमा तरलताको अवस्था आदिको सामान्य प्रभाव यस बैङ्कको कारोबारमा पनि पर्नु स्वाभाविकै हो। यसका साथै बैंकको कारोबारलाई प्रभाव पार्ने गत वर्षदेखिका केही घटनाक्रमहरु चर्चा गर्न सान्दर्भिक ठानिएको छ।

### विनासकारी भुकम्प

वि.सं. २०७२ साल बैसाख १२ को विनासकारी भुकम्पले कार्यक्रम सञ्चालित २९ जिल्लाका २५१ वटा साना किसान सहकारी संस्थामा आवद्ध रहेका मध्ये ६६ हजार १४७ परिवारमा ठूलो असर परेको छ। भुकम्पमा ज्यान गुमाउनु परेका साना किसान परिवारका ७६७ जना मध्ये एकाइ कार्यालय काठमाडौं र इलाका कार्यालय गजुरी अन्तरगतका ९ वटा जिल्लाबाट मात्र ७६५ जनाको मृत्यू हुनुले यस क्षेत्रमा परेको क्षतिको सहजै अनुमान गर्न सकिन्छ। समूहमा आवद्ध सदस्यहरु मध्ये पनि ११३ जनाको यसै क्षेत्रमा निधन भएको छ। कुल ४८ हजार ३३० साना किसान परिवारको घर पूर्ण रुपमा क्षति भएको छ। १३१४ थान गाई, १९११ थान भैंसी, ७९२९ थान बाखा, ३६१३ थान बंगुर, र ठूलो संख्यामा माछा एवं कुखुरा मरेका छन्। घर, पशुपंक्षी, बालीनाली एवं खाद्यान्न सहित साना किसान परिवारमा अर्बौंको क्षति पुगेको छ। उक्त क्षेत्रहरुमा साना किसान विकास बैंकबाट लगानी भएको रु. ३ अर्ब ९७ करोड कर्जा मध्ये रु. १ अर्ब ९७ करोड प्रभावित साना किसान परिवारहरुमा रहेको देखिन्छ। बैंकले उक्त क्षेत्रका संस्थाहरुलाई आवश्यकता अनुसार निश्चित समयका लागि कर्जा पुनरसंरचना एवं म्याद थप गर्ने सुविधा प्रदान गरेको छ।

### राहत कार्यक्रम

२०७२ बैशाख १२ को महाभुकम्प तथा त्यस पश्चातका पराकम्पनका कारण विभिन्न जिल्लाहरुमा साना किसान सदस्यहरु प्रभावित भएको कुरा मध्यनजर गर्दै उक्त क्षेत्रका साना किसान सहकारी संस्था मार्फत साना किसान पविारसम्म सहयोग परिचालन गर्ने उद्देश्यले नेपाल कृषि सहकारी केन्द्रीय संघ र मुलुक भरका साना किसान कृषि सहकारी संस्थाहरुको संयुक्त प्रयासमा यस बैंकको सहभागितामा भुकम्प प्रभावित क्षेत्रका साना किसानहरुको सहयोगका लागि राहत संकलन र वितरण गर्ने अभियान सञ्चालन गरिएको थियो। जस अन्तरगत केन्द्रीय स्तरमा एक कोष खडा गरी सो कोषबाट अति आवश्यक राहत सामाग्रीहरुको व्यवस्था र प्रभावित क्षेत्रका साना किसान सहकारी संस्थाहरुद्वारा वितरण हुने व्यवस्था मिलाइएको थियो। उक्त कोषमा बैंक आफैंले रु. ५ लाख र बैंकसँग आबद्ध अन्य क्षेत्रका साना किसान सहकारी संस्था एवं दाताहरुबाट रु.१,३४,८६,९२९/०० गरी जम्मा रु. १,३९,८६,९२९/०० जम्मा हुन आएको थियो। यसबाट खाद्यान्न, लुगाकपडा र अत्यावसकीय मालसामानहरु खरिद गरी

**तालिका - ७ : साना किसान परिवारमा भुकम्पको असर**

| क्र. सं. | कार्यालय | | के.का. | गजुरी | पोखरा | हेटौंडा | जनकपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यरत जिल्ला संख्या | | ५ | ४ | ८ | ५ | ७ | २९ |
| २ | संचालित संस्था संख्या | | ३० | ५१ | ५२ | ५१ | ६७ | २५१ |
| ३ | प्रभावित संस्था संख्या | | १५ | ५१ | ३९ | १३ | ५ | १२३ |
| ४ | प्रभावित जिल्ला | संख्या | ५ | ४ | ७ | २ | २ | १९ |
| | | प्रतिशत | १००% | १००% | ८८% | ४०% | २९% | ६६% |
| ५ | बैंकको लगानीमा रहे को कर्जा | कुल कर्जा रकम | ५१३६१ | ६८०१२३ | ५८५२८३ | १५३३३३७ | ११२२३८१ | ३९७२४८५ |
| | | प्रभावित रकम | ४२४९४ | ६४०५११ | ५४६८११ | २८१८९२ | ७५८४६ | १५८७५५४ |
| | | प्रभावित रकम % | ८३% | ९४% | ९३% | १८% | ७% | ४०% |
| ६ | प्रभावित सा.कि. घरधुरी संख्या | | १२,९६७ | ३६,३०० | ८,४३३ | ७,३१५ | १,१३२ | ६६,१४७ |
| ७ | प्रभावित सा.कि. जनसंख्या | | ६०,९७२ | १७८,६७३ | ४३,६९९ | ३७,१५१ | ५,७६४ | ३२६,२५९ |
| ८ | मृत्यू भएका साना किसान सदस्य | | ५३ | ६० | ० | ० | ० | ११३ |
| ९ | साना किसान परिवार मा कुल मृत्यू संख्या | महिला | ७६ | २६७ | ० | ० | ० | ३४३ |
| | | पुरुष | ५६ | १९३ | ० | ० | १ | २५० |
| | | वालवालिका | ३२ | १४१ | १ | ० | ० | १७४ |
| | | जम्मा | १६४ | ६०१ | १ | ० | १ | ७६७ |
| १० | घाइते संख्या | | ३५३ | २२०४ | १०६९ | ४ | १ | ३६३१ |

प्रभावित संस्थाहरुमार्फत साना किसान परिवारसम्म सहयोग परिचालन गरेको थियो । यस कोषबाट रु.९१,५२,९६१/०० रकमको कुल खर्च भई बाँकी रु.४८,३३,९६८/- मौज्दात रहेको छ र यस कोषलाई विविध प्राकृतिक विपतहरुको सामना गर्नको लागि निरन्तरता दिईने लक्ष्य रहेको छ ।

**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग**

मुलुकमा उत्पन्न यस विपतको घडिमा एक जिम्मेवार संस्थाको भुमिका निर्वाह गर्दै साना किसान विकास बैंक सञ्चालक समितिको निर्णय अनुसार यस बैंकद्वारा रु. २० लाख एवं बैंकमा कार्यरत ७८ कर्मचारीहरुको तर्फबाट रु. ३ लाख नौ हजार ९८ रुपैयाँ ३२ पैसा गरी जम्मा रु. २३ लाख ९ हजार ९८ रुपैयाँ ३२ पैसा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराईएको थियो ।

**असोज ३ पछिको असहज परिस्थिति**

२०७२ असोज ३ गते संविधान जारी भए पश्चात उत्पन्न असहज परिस्थितिका कारण पछिल्लो अवधिमा साना किसान परिवारमा अर्को ठूलो असर परेको अनुमान गरिएको छ । स्थानीय नेतृत्व र साना किसान सदस्यहरुको ईमान्दार प्रयास एवं बैंकको अनवरत सहयोगले साना किसान सहकारी संस्थाहरु सुचारु रहेता पनि कारोबारको बृद्धिलाई यसले प्रभाव पारेको देखिन्छ । आ.व. २०७२/७३ को प्रथम पाँच महिनामा बैंकले रु. ५३ करोड मात्र लगानी बृद्धि गर्न सकेको छ भने गत आ.व.को यसै अवधिमा रु. ८७ करोड लगानी बृद्धि गरेको थियो ।

**साना किसान सम्मेलन**

२०७१ कार्तिक १६ र १७ गते काठमाडौँमा आयोजना गरिएको साना किसान सम्मलेन २०७१ को भव्य आयोजना र त्यसबाट पारित घोषणाले बैङ्कलाई नयाँ अवसर सिर्जना, उत्साह अभिबृद्धि र थप जिम्मेवार पनि बनाएको छ । सन् २०२५ सम्ममा १००० स्थानीय स्तरका लघुवित्त संस्थाहरूमार्फत १० लाख विपन्न तथा साना किसान परिवारमा सेवा पुऱ्याउने अठोटलाई आफैँमा चुनौती एवं महत्वपूर्ण अवसरका रूपमा बैङ्कले लिएको छ । यसका लागि बैङ्कको लगानी कम्तीमा २५ अर्ब र आबद्ध संस्थाहरूको कर्जा लगानी ७५ अर्ब पुगेको हुनुपर्नेछ । ग्रमीण र विशेष गरी कृषिक्षेत्रमा पुग्ने झन्डै १ खर्ब बराबरीको पुँजी परिचालनले विपन्न तथा साना किसानहरूलाई गरिबीबाट मुक्त गर्न ठूलो सहयोग पुग्ने बैङ्कको विश्वास रहेको छ ।

यस सम्मेलनमा साना किसान विकास बैंकको रु.१०,००,०००/- सहित जम्मा रु.९२,८४,७९७/६० प्राप्त भएको र सम्मेलन खर्च तर्फ रु.८०,५६,४२२/१६ खर्च भएको थियो । कार्यक्रम सम्पन्न भए पश्चात्को रु.१२,२८,३७५/४४ को मौज्दात रकम भने बैंकको सञ्चालक समीतिको निर्णय अनुसार सम्मेलनसँग सम्बन्धित खर्च गर्ने प्रयोजनार्थ बैंककै हिसाबमा साना किसान सम्मेलन कोषको स्थापना गरी अभिलेख गरिएको छ। कार्यक्रमसँग सम्बन्धित आय र व्ययको विवरण सहितको वित्तिय विवरणको छुट्टै लेखा परीक्षण सम्पन्न भैसकेको छ ।

**थप नगरपालिका घोषणा**

बैङ्कले स्थापनादेखि ग्रामीण साना किसान कृषि सहकारी संस्था र अन्य उस्तै प्रकृतिका संस्थाहरूमार्फत ग्रामीण क्षेत्रमा लघुवित्त सेवा पुऱ्याउँदै आएको छ । नेपाल सरकारको पछिल्लो घोषणा अनुसार विभिन्न गाविसहरु गाभेर महानगर, उपमहानगर र नगरपालिका संख्या २३१ पुगको छ भने गाविस संख्या ३,१५७ कायम भएका छन् । एक प्रतिवेदन अनुसार विभिन्न १५५ साना किसान सहकारी संस्थाहरुको कार्यक्षेत्र नगरपालिकामा पर्न गएपछि ग्रामीण क्षेत्रको परिभाषा नयाँ ढङ्गले गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**कार्यक्षेत्र र व्यवसायका चुनौति**

विभिन्न बैङ्कहरू एवं थोक कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरूले यस बैङ्कका ग्राहक संस्थाहरूलाई लक्षित गरी व्यवसाय विस्तार गर्ने क्रम देखिन थालिएको छ । यस किसिमको प्रतिस्पर्धाले एकातिर बैङ्कको व्यवसाय विस्तारमा पर्ने असरप्रति सजग हुन आवश्यक देखिएको छ भने अर्कोतर्फ संस्थाहरूमा कर्जाको दोहोरोपना र अधिक ऋणभार बढ्ने समस्या उत्पन्न हुन नदिनसमेत आवश्यक कार्य गर्नुपर्ने भएको छ ।

**उत्साहप्रद वातावरण**

यस बैङ्कका विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूसँग सुमधुर सम्बन्ध रहिआएको छ । विपन्न क्षेत्र कर्जाका लागि नेपाल राष्ट्र बैङ्कले गरेको व्यवस्थाका कारण बैङ्क तथा वित्तीय संस्थाहरूबाट वित्तीय स्रोत प्राप्त गर्न सहज भएको छ । विगत वर्षहरूमा भएको ब्याजदरको वृद्धिमा सुधार आएकाले साना किसानहरूमा त्यसको अनुभूति गराउन बैङ्कले पनि समयसापेक्ष ब्याजदरमा परिमार्जन गर्दै आएको छ । नेपाल सरकारबाट मासुजन्य तथा पशुपालन कर्जाका लागि प्राप्त सुलभ कर्जाले साना किसानहरूको आयबृद्धिमा सकारात्मक प्रभाव पारेको छ ।

एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित RFSDCP-II कार्यक्रमको सफल कार्यान्वयन र नेपाल सरकार कृषि विकास मन्त्रालय एवं अन्तर्राष्ट्रिय कृषि विकास कोषको सहकार्यमा सञ्चालन गरेको किसानका लागि उन्नत बिउबिजन कार्यक्रमले बैङ्कलाई अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको विश्वास जित्ने अवसर प्राप्त भएको छ ।

ग्राहक संस्थाहरूको निरन्तर बृद्धि एवं संस्थाहरूको समेत क्षमताबृद्धिले गर्दा बैङ्कको लघुकर्जा कारोबारमा सकारात्मक प्रभाव परेको छ ।

## बैङ्कको औद्योगिक तथा व्यावसायिक सम्बन्ध

कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भई बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'घ' वर्गको वित्तीय संस्थाका रूपमा सञ्चालन हुन इजाजतपत्रप्राप्त यस बैङ्कले नेपाल धितोपत्र बोर्डबाट इजाजत लिई सर्वसाधारणमा सेयरसमेत बिक्री-वितरण गरिसकेको छ । नेपाल स्टक एक्सचेन्जमा मिति २०७०/६/१४ गते सूचीकृत भई कारोबार सुरु भएको यस बैङ्कको सेयर रजिस्ट्रारमा नबिल इन्भेस्टमेन्ट बैङ्किङ्ग लिमिटेड नक्साल, काठमाडौं रहेको छ । बैंकले गतवर्ष २ बराबर १ कित्ताको दरले हकप्रद सेयर निस्काषन गर्ने निर्णय गरे अनुरुप आगामी पौष मसान्त भित्रमा हकप्रद सेयरको लागि आवेदन गर्न सूचना प्रकासन गरि सकिएको छ ।

यस बैङ्कको स्थापनाकालमा सेयर लगानी गरी बैङ्कको स्थापना र साना किसान अभियानलाई सवल एवं सफल बनाउनका लागि नेपाल सरकारका तर्फबाट महत्वपूर्ण सहयोग रहिआएको छ । पशुपालक साना किसानहरूलाई पशुपालन व्यवसाय सञ्चालन गर्न सहुलियत दरमा पशुपालन कर्जा, साना किसानहरूको पशुधन क्षतिको जोखिम न्यूनीकरणका लागि पशुधन सुरक्षण, साना किसान सहकारी क्षेत्रमा सामाजिक / सामुदायिक विकास, साना किसान अभियानमा आबद्ध साना किसान तथा कर्मचारीहरूको क्षमता विकास, पशुपालन गर्ने साना किसानहरूको पशुपालन प्रवर्द्धनात्मक कार्यक्रम, साना किसान सहकारीको सेवा विस्तारका लागि साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन गर्नमा नेपाल सरकारबाट निरन्तर सहयोग हुँदै आएको छ ।

ग्रामीण वित्तक्षेत्र विकास कार्यक्रमअन्तर्गत एसियाली विकास बैङ्कको सहयोगमा यस बैङ्कको सूचना-प्रविधिमा विकास गर्न, विज्ञहरूको परामर्श सेवा प्राप्त गर्न, हिमाली र पहाडी जिल्लाहरूमा लघुवित्त सेवा विस्तार गर्न, कमजोर साना किसान सहकारी संस्थाहरूको पुनर्संरचनासम्बन्धी कार्यमा एसियाली विकास बैंकले गरेको सहयोग २०७१ पौष मसान्तबाट समाप्त भएको छ ।

आ.व. २०७०/७१ देखि कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल विकासक्षेत्रका ६ वटा पहाडी जिल्लाहरू गुल्मी, अर्घाखाँची, रुकुम, रोल्पा, सल्यान र प्युठान गरी ६ जिल्लाका ३० गाविसमा साना किसान सहकारी अनुसरण कार्यक्रमको सुरुवात भएको छ । जसमा २०७२ मंसिर मसान्त सम्ममा थप ९ हजार भन्दा बढी साना किसान परिवारहरुले यस कार्यक्रममा अवद्ध हुने अवसर पाएका छन् । यस २४ वटा साना किसान सहकारी संस्था दर्ता भई ८ वटा स्थानीय स्तरमा हस्तान्तरण समेत भई सकको छ । त्यसै गरी नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि. ले यस बैङ्कसँग साना किसान सहकारी अनुसरण कार्यक्रम विस्तारमा समेत सहकार्य गर्दै आएको छ ।

नेपालस्थित इजरायली राजदुतावाससँग सहकार्य गरी सन् २०१३ मा २०५, सन् २०१४ मा ५१५ र सन् २०१५ को हाल सम्ममा ४२३ जना नेपाली विद्यार्थीहरूलाई इजरायलका विभिन्न तालिम / शैक्षिक संस्थाहरूमा १० महिने कृषि तालिमका लागि सहभागी गराइएको छ । तालिमबाट फर्किएका अधिकांश विद्यार्थीहरुले कृषि व्यवसाय अंगालेको पाईएको छ । त्यसै गरी यी विद्यार्थीहरुमा व्यावसायिकता विकासका लागि औद्योगिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा उद्यमशिलता विकास तालिम सञ्चालनका लागि सहकार्य समेत सुरु गरिएको छ ।

कृषि विकास बैङ्कसँगको साझेदारीमा अझ बढी कार्यक्रम सञ्चालन गर्ने लक्ष राखिएको छ । वित्तीय क्षेत्रमा कार्यरत सम्पूर्ण बैङ्क एवं वित्तीय संस्थाहरू तथा लघुवित्त सेवाको प्रवर्द्धनमा सहयोग पुऱ्याउने सङ्घ-संस्थाहरूसँग समेत यस बैङ्कको सुमधुर सम्बन्ध रहेको छ । वाणिज्य बैङ्कहरू, विकास बैङ्कहरू र वित्त कम्पनीहरूसँग विपन्न क्षेत्र कर्जामा प्रभावकारी सहकार्य भइरहेकोमा यसलाई निरन्तरता दिइनेछ ।

यो बैङ्क फिलिपिन्स स्थित Asia-Pacific Rural and Agricultural Credit Association (APRACA) र भारतस्थित Centre for International Co-operation and Training in Agricultural Banking (CICTAB) को सदस्यसमेत रहेको हुँदा उक्त संस्थासँगको साझेदारीमा बैङ्क तथा आबद्ध संस्थाका कर्मचारीको क्षमता विकासका कार्यक्रमहरूमा सहभागिता रहने गरेको छ ।

यस बैङ्कको समेत सेयर लगानी रहेको सेन्टर फर माइक्रोफाइनान्ससँग बैङ्कले समय-समयमा तालिम, गोष्ठी र सम्मेलनहरूमा सहकार्य गर्ने गरेको छ । त्यसै गरी पशुसेवा विभाग, सहकारी विभाग, जिल्ला विकास समिति (पशुपालन कर्जा सम्बन्धमा जिल्ला समन्वय समितिमार्फत), हेफर इन्टर नेसनल तथा अन्य विभिन्न सहयोगी निकायहरूसँग बैङ्कले सम्बन्ध र समन्वय विकास गरिरहेको छ ।

नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ, नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय सङ्घ, विभिन्न सहकारी संस्थाहरूको सहभागितामा फिलिपिन्स स्थित CLIMBS Life & General Insurance Cooperative को समेत लगानी रहने गरी नेपालका साना किसानहरूको जीवन तथा निर्जीवन बीमाका लागि एक बीमा व्यवसाय स्थापना गर्न प्रयास गरिएको छ ।

कृषिमा उन्नत / सुधारिएको प्रविधि विस्तार गर्न आई. डी. ई. सँग सहकार्यका लागि सामान्य प्रयास गरिएको छ । साना किसान परिवारका विद्यार्थीहरूमा शैक्षिक स्तरोन्नति र प्रतिस्पर्द्धा सिर्जना गर्न प्रवेशिका परीक्षामा विशिष्ट श्रेणीसहित उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुनेलाई पुरस्कारको व्यवस्था गरिएको छ । यी मध्येका विषयहरूलाई यस प्रतिवेदनका अन्य शीर्षकहरूमा अझ विस्तृत प्रस्तुति भएको छ ।

**तालिका - ९ : सेयर पुजीको संरचना**

| समूह | चुक्ता पुंजी (रु. मा) | प्रतिशत | समितिमा प्रतिनिधित्व संख्या |
|---|---|---|---|
| समूह (क) प्रवर्द्धक समूह (७०%) | १६,१०,०९,५००.०० | ६९.८० | |
| क. १ कृषि विकास बैङ्क लि. | ५,०६,६१,३००.०० | २१.९६ | १ |
| क. २.१ नेपाल बैङ्क लि. | १३,९६,२९,००.०० | ६.०५ | १ |
| क. २.२ नबिल बैङ्क लि. | ६९,८१,५००.०० | ३.०३ | |
| क. ३ साना किसान सहकारी संस्थाहरू | ८,९४,०३,८००.०० | ३८.७६ | ३ |
| समूह (ख) सर्वसाधारण सेयरधनी | ६,९६,७२,८००.०० | ३०.२० | २ |
| व्यावसायिक सञ्चालक | - | - | १ |
| जम्मा | २३,०६,८२,३००.०० | १००.०० | ८ |

## बैङ्कको सञ्चालक समितिको बनोट तथा यसमा भएको फेरबदल

१. सेयर संरचना र सञ्चालक समितिको बनोट

यस बैंकको प्रबन्धपत्रमा व्यवस्था भएबमोजिम अधिकृत पुंजी रु. २४ करोड, जारी र चुक्ता पुंजी रु. २३ करोड ६ लाख ८२ हजार पुगेको छ । बैंकले गत आ.व.मा घोषणा गरेको २ बराबर १ कित्ता हकप्रद सेयर बाँडफाँट भईसकेपछि सेयर पुँजी रु. ३४,६०,२३,५०० /- पुग्नेछ ।

बैङ्कको प्रबन्धपत्र र नियमावलीअनुसार यस बैङ्कमा प्रवर्द्धक समूह (क) बाट क्रमशः कृषि विकास बैङ्कका १ जना, साना किसान सहकारी संस्थाहरूका ३ जना र नेपाल बैङ्क लि. एवं नबिल बैङ्क लि. का आलोपालो गरी १ जना, समूह (ख) सर्वसाधारण सेयरधनीबाट निर्वाचित २ जना र व्यावसायिक सञ्चालक १ जना गरी जम्मा ८ जनाको सञ्चालक समिति रहने व्यवस्था छ ।

श्री खेम बहादुर पाठकको अध्यक्षतामा बैंकको सञ्चालक समितिमा हाल कृषि विकास बैंकका तर्फबाट श्री अनिल कुमार उपाध्याय, साना किसान सहकारी संस्थाहरुको तर्फबाट श्री खेमबहादुर पाठक, श्री सुखदेव न्यौपाने र श्री रविन्द्र यादव, नेपाल बैंक लि. को तर्फबाट श्री अरुण कुमार बज्राचार्य एवं सर्वसाधारण सेयरधनीका तर्फबाट श्री उमेश लम्साल र श्री भुपेश छत्कुली गरी सात जना पदाधिकारी रहनु भएकोछ ।

मिति २०७०/०६/०१ देखि नबिल बैङ्क लि. को पालो समाप्त भई प्रवर्द्धक संस्था नेपाल बैङ्क लि. का तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका श्री कुन्जप्रसाद मिश्रको उक्त बैङ्कमा सेवा अबधि समाप्त भएकोले मिती २०७१/०३/२० मा उहाँको स्थानमा श्री अरुण कुमार बज्राचार्य यस बैंकको सञ्चालक समिती सदस्यमा नियूक्त हुनुभएकोछ । त्यस्तै सर्वसाधारण शेयरधनीका तर्फबाट यस बैंकको सञ्चालक समितीमा निर्वाचित सञ्चालक श्री शंकर श्रेष्ठले दिनु भएको राजिनामा सञ्चालक समितीबाट मिती २०७२/०५/३१ मा स्विकृत भई उहाँको स्थानमा मिति २०७१/०७/०१ देखि श्री भुपेश छत्कुली ज्यूलाई बैंक तथा वित्तीय संस्था ऐन, २०६३ को दफा १७(१)(ख) बमोजिम बाँकी अवधीको लागि सञ्चालक समिति सदस्यमा नियूक्त गरिएको छ। व्यावसायिक सञ्चालकको रुपमा सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनुभएका सञ्चालक श्री उमाकान्त सिल्वालले सञ्चालक पदबाट दिनुभएको राजिनामा मिति २०७२/०५/३१ गते सञ्चालक समितिको बैठकले स्विकृत गरिसकेकोले उक्त सञ्चालक सदस्य पद रिक्त रहेको छ ।

**तालिका - १० : वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू**

| क्रसं | नाम | पद | प्रतिनिधित्व गरेको संस्था |
|---|---|---|---|
| १ | श्री खेमबहादुर पाठक | अध्यक्ष | साना किसान सहकारी संस्था लि. |
| २ | श्री अनिलकुमार उपाध्याय | सदस्य | कृषि विकास बैङ्क लि. |
| ३ | श्री अरुण कुमार बज्राचार्य | सदस्य | नेपाल बैङ्क लि. |
| ४ | श्री सुखदेव न्यौपाने | सदस्य | साना किसान सहकारी संस्था लि. |
| ५ | श्री रविन्द्र यादव | सदस्य | साना किसान सहकारी संस्था लि. |
| ६ | श्री उमेश लम्साल | सदस्य | सर्वसाधारण सेयरधनी |
| ७ | श्री भुपेश छत्कुली | सदस्य | सर्वसाधारण सेयरधनी |

## मानव–संसाधन

यस बैङ्कमा कार्यरत कर्मचारीहरू र व्यवस्थापनबीचको सौहार्द्रपूर्ण सम्बन्ध र कर्मचारीहरूको जिम्मेवारी र उत्तरदायित्वप्रतिको लगावले गर्दा सङ्ख्यात्मक रूपमा थोरै कर्मचारी रहे तापनि छोटो अवधिमा नै बैङ्कले महत्वपूर्ण उपलब्धि हासिल गर्न सकेको हो। बैङ्कले कर्मचारीहरूलाई प्रतिष्ठित शैक्षिक संस्थामा अध्ययनको अवसर दिने, राष्ट्रिय-अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीहरूमा सहभागी गराउने आदिजस्ता वृत्तिविकासका अवसरहरू प्रदान गर्ने गरेको छ। बैंकमा ७२ स्थायी समेत कुल ९५ दरबन्दी रहेकोमा हाल ५३ स्थायी समेत ८१ जना कार्यरत छन्। उपमहाप्रबन्धक १ र मुख्य प्रबन्धक १ जनाको नियुक्ति प्रकृया यसै आ.व. भित्र पुरा भईसक्नेछ।

## प्रतिवेदनको मितिसम्म चालु वर्षको उपलब्धि

सेयरधनी महानुभावहरू !

उपमहाप्रबन्धक र मुख्य प्रबन्धक पदमा भर्ना प्रकृया आरम्भ गरिएको छ भने अन्य स्थायी दरबन्दीहरू पूर्ति गर्ने क्रममा रहेकोछ। दुग्धजन्य पशुपालनका लागिसमेत सहुलियत कर्जाको व्यवस्था गरिएको छ। चालु आ. व. २०७२/७३ देखि CECI सँग सहकार्य गरी ३ जना क्यानेडियन भोलिन्टियर प्राप्त गर्न प्रयास गरिएकोमा १ जना आई सकेको र बाँकी २ जना आउने क्रममा रहेकाछन्। साना किसानहरूको घर उज्यालो बनाउन नवीकरणीय ऊर्जा कर्जा कार्यक्रमले व्यापकता पाएको छ। सन् २०१५ मा साना किसान परिवारका ४२३ युवा विद्यार्थीहरूलाई इजरायलमा कृषि तालिमका लागि पठाइएको छ।

यस कम्पनीको साधारण सेयरको कारोबारमा बजारले राम्रो प्रतिक्रिया जनाएको छ । नेपाल स्टक एक्सचेन्जमा मिति २०७०/६/१४ मा सम्झौता गरी सूचीकृत भएपश्चात् मिति २०७०/६/२२ देखि कारोबार शुरु भएको हो । त्यसै गरी आ. व. २०७१/७२ मा यस बैंकको सेयरको कुल २०५ दिन ४,२५७ कारोबार भएको देखिन्छ । उक्त अवधिमा न्यूनतम रु.९७४।- र अधिकतम रु. १,६९७- मा कारोबार भएको देखिन्छ। बजारले यस कम्पनीको साधारण सेयर प्रति राम्रो प्रतिकृया जनाएको भन्ने हाम्रो बुझाई छ।

आन्तरिक राजश्व कार्यालयले यस बैंकको आथिक वर्ष २०६५/६६ को संशोधित कर निर्धारण गरि थप कर रु.२,९६,५८,१४३/- निर्धारण गरेकोमा उक्त निर्णय उपर चित्त नबुझी बैंकले विभिन्न मितिमा प्रशासकीय पुनरावलोकन, श्री राजश्व न्यायाधिकरण तथा अन्त्यमा श्री सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो। श्री सर्वोच्च अदालतमा विचाराधीन रहेको मुद्दा कर फछ्र्यौट आयोग, २०७१ सँग मिति २०७२ भाद्र २९ मा यस बैकको अन्तिम कर दायित्व रु.१,७१,०८,०००/- हुने गरि सम्झौता गरी कर दायित्व फछ्र्यौट भएको छ।

राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस बैङ्कले २०७२ कार्तिक मसान्तसम्ममा ५७ जिल्लाका ७४१ गाविसमा ५१४ संस्थाहरूमार्फत सेवा विस्तार गरेको छ। केन्द्रीय कार्यालय र ९ वटा इलाका कार्यालय रहेको यस बैङ्कले आ. व. २०७२/७३ को कार्तिक मसान्तसम्ममा कूल रु. २ अर्ब ३ करोड ९१ लाख कर्जा लगानी गरेको छ भने रु. १ अर्ब ९६ करोड ३१ लाख साँवा असुली गरिसकेको छ। यस अवधिसम्ममा लगानीमा रहिरहेको रकम रु. ८ अर्ब १७ करोड ४७ लाख पुगेको छ।

## आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमहरू

बैङ्कले सन् २०२५ सम्ममा कूल १ हजार साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूमार्फत १० लाख विपन्न तथा साना किसान परिवारमा सेवा पुऱ्याउने लक्ष्य राखेको छ। भावी दिनमा बैङ्क तथा यसमा आबद्ध संस्थाहरूलाई सूचना-प्रविधिसँग जोड्ने, वित्तीय रूपमा स्वस्थ र सबल बनाउने, ग्राहक संस्थाहरूको व्यवस्थापकीय र वित्तीय स्थिति बलियो बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने, दिगो वित्तीय स्रोतमा पहुँच बनाउने, विभिन्न सहयोगी निकाय / संस्थाहरूसँग समन्वय गरी लघुवित्तमार्फत कृषिक्षेत्रको विकासमा योगदान पुऱ्याउने सन्दर्भमा यस बैङ्कले देहायअनुसारको भावी कार्यक्रमहरूमा जोड दिनेछ –

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका ग्रामीण क्षेत्रहरूमा सेवाविस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।

(२) आदिवासी, मधेसी, दलित, जनजाति, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट

**तालिका - ११ : कार्यरत कर्मचारी संख्या एवं दरबन्दी**

| क्र. सं. | सेवा प्रकार | कार्यरत कर्मचारी संख्या | | | २०७२/७३ को दर बन्दी |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | स्थायी कर्मचारी | १० | ४३ | ५३ | ७२ |
| २ | अन्य संस्थाबाट काज रहेका कर्मचारी | ० | १ | १ | – |
| ३ | करार सेवाका कर्मचारी | ३ | १४ | १७ | २३ |
| ४ | दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी | ३ | २ | ५ | – |
| ५ | परियोजनाका कर्मचारी | ० | ५ | ५ | – |
| कुल जम्मा : | | १६ | ६५ | ८१ | ९५ |

*(२०७२ कार्तिक मसान्त सम्मको विवरणको आधारमा)*

वञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरूलाई प्रभावकारी रूपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(३) मासुजन्य र दुग्धपदार्थ उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रमको निरन्तरताका लागि नेपाल सरकारसमक्ष समन्वयको कार्य भइरहनेछ ।

(४) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराइनेछ ।

(५) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानका आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिनेछ ।

(६) साना किसान सम्मेलन २०७१ को घोषणापत्रमा उल्लिखित लक्ष्य र उद्देश्यप्राप्तिका लागि नेपाल सरकार, सहयोगी निकायहरू तथा दातृसंस्थाहरूसँग समन्वय गरिनेछ ।

(७) बैङ्कको उद्देश्यप्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाइनेछ ।

(८) कार्यक्षेत्रभित्रका विपन्न तथा साना किसान परिवारमा सुधारिएको चुल्हो, सौर्य ऊर्जा र गोबरग्यास जस्ता नवीकरणीय ऊर्जाको विस्तारलाई निरन्तरता दिइनेछ ।

(९) विपन्न तथा साना किसानहरूमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न सूचना-प्रविधि एवं मोबाइल बैङ्किङ्का सम्भावनाहरूको खोजी गरिनेछ ।

(१०) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै बैङ्कको मुनाफामा वृद्धि गरी सेयरधनीहरूलाई यथोचित प्रतिफल उपलव्ध गराइनेछ ।

(११) विपन्न तथा साना किसानहरूको जोखिमविरुद्ध सुरक्षाका लागि मुलुकका विभिन्न सहयात्री संस्थाहरू तथा विदेशका उपयुक्त बीमा संस्थाहरूसँग सहकार्य गरी सहकारी / लघुबीमा संस्था स्थापना गर्न पहल गरिनेछ ।

## साधारणसभाका प्रस्तावहरू

सेयरधनी महानुभावहरू,

(क) सामान्य प्रस्ताव :

(१) सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. व. २०७१/७२ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व. २०७१/७२ को वासलात, सोही अवधिको नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसम्बन्धी अनुसूचीहरूलगायत वार्षिक आर्थिक विवरणहरूसमेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७२/७३ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।

(बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ६० एवं कम्पनी ऐन २०६३ को परिच्छेद-१८ को अधिनमा रही लेखापरीक्षक सी. ए. महेश खनाल, एम.खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सको नाम सिफारिस भई आएको छ ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००।- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु. ३०,३५,२९३/- मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरण गर्ने ।

(ख) विशेष प्रस्ताव :

(१) बैङ्कको जारी तथा चुक्ता पुँजी रु. ६४ करोड पुऱ्याउने सम्बन्धी विषयमा प्रबन्धपत्रका सम्बन्धित दफाहरूमा आवश्यक संशोधन गर्ने ।

(२) सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाका विषयमा नियमावलीका सम्बन्धित नियमहरूमा आवश्यक संशोधन गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम आ. व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरूलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००।- को २५ प्रतिसतका दरले हुने जम्मा रु. ५,७६,७०,५७५/- बराबरको बोनस सेयर वितरण गर्ने र बोनस सेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा फेरवदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध

सेयरधनी महानुभावहरू !

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बन्धित विवरणहरू अध्ययनका लागि यसै प्रतिवेदन पुस्तिकामा छुट्टै उल्लेख गरिएको व्यहोरा अनुरोध छ ।

अन्त्यमा, यस बैङ्कलाई निरन्तर सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल राष्ट्र बैङ्क, कम्पनी रजिस्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज र सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. प्रति आभार व्यक्त गर्दछौं । कृषि विकास बैङ्क लि., वाणिज्य बैङ्कहरूलगायत अन्य बैङ्क एवं वित्तीय संस्थाहरूप्रति

आभार प्रकट गर्दै यस बैङ्कको विकासमा सहयोग पुऱ्याउने एसियाली विकास बैङ्कलाई विशेष धन्यवाद दिन चाहन्छौं । त्यस्तै, यस बैङ्कलाई सहयोग गर्ने नेपाल स्थित इजरायली राजदूतावास, IFAD, GIZ तथा UNCDF / Clean Start लगायत सम्पूर्ण सहयोगी निकायहरूलाई समेत धन्यवाद ज्ञापन गर्दछौं ।

यस बैङ्कको सेयर रजिस्ट्रार नबिल इन्भेस्टमेन्ट बैङ्किङ्ग लि.सम्पूर्ण कर्मचारीहरूमा धन्यवाद व्यक्त गर्दछौं ।

बैङ्कका योजना र कार्यक्रमलाई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत यो स्नेह-निरन्तरताको अपेक्षा गर्दछौं । यसरी नै यस बैङ्कको अगुवाइमा साना किसान विकास अभियानलाई उचाइमा पुऱ्याउन अनवरत सेवा पुऱ्याउनुहुने नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ र जिल्ला कृषि सहकारी सङ्घहरू, साना किसान सहकारी संस्था लि. तथा आबद्ध सम्पूर्ण संस्थाहरूप्रति कृतज्ञता ज्ञापन गर्दै नेपालको गरिबी उन्मूलनको महायज्ञमा सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछौं ।

यस प्रतिवेदन अवधिमा बैङ्कलाई अगाडि बढाउन महत्वपूर्ण योगदान गर्ने पूर्वसञ्चालकहरू प्रा.डा. उमाकान्त सिलवाल, श्री कुञ्ज प्रसाद मिश्र र श्री शंकर श्रेष्ठलाई उहाँहरूले पुऱ्याउनुभएको योगदानका लागि धन्यवाद ज्ञापन गर्दछौं । साना किसान विकास बैङ्कलाई यो अवस्थामा पुऱ्याउन इमानदारीपूर्वक अहोरात्र मेहनत गर्ने प्रमुख कार्यकारी अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छौं । समयमै लेखापरीक्षण कार्य सम्पन्न गरिदिनुभएकोमा सी. ए. श्री खगेन्द्र भट्टराई, खगेन्द्र एन्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई पनि धन्यवाद छ । भविष्यमा पनि बैङ्कको बृहत्तर हित र प्रगतिका लागि सम्बद्ध सबै पक्षहरूबाट निरन्तर रूपमा सहयोग प्राप्त भइरहने अपेक्षा राख्तछौं ।

धन्यवाद ।

मिति २०७२/०९/२४

साना किसान विकास बैंक लि. (नेपाल राष्ट्र बैङ्कबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था) को

# प्रबन्धपत्र संशोधनसम्बन्धी प्रस्तावको तीनमहले विवरण

| सि नं | दफा/उपदफा | हालको व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ५(ख) | लघुवित्त विकास बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु. २३,०६,८२,३००/- (अक्षरेपी तेईस करोड छ लाख बयासी हजार तीनसय) मात्र हुनेछ। | लघुवित्त विकास बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु. ६४,००,००,०००/- (अक्षरेपी चौंसट्ठी करोड) मात्र हुनेछ। | जारी पुँजी बृद्धि गर्न आवश्यक देखिएकोले । |
| २ | ५ (ग) | लघु वित्त विकास बैंकको तत्काल चुक्ता पूँजी रु. २३,०६,८२,३००/- (अक्षरेपी तेईस करोड छ लाख बयासी हजार तीनसय) मत्र हुनेछ। | लघु वित्त विकास बैंकको तत्काल चुक्ता पूँजी रु.६४,००,००,०००।- (अक्षरेपी चौंसट्ठी करोड) मात्र हुनेछ। | चुक्ता पुँजी बृद्धि गर्न आवश्यक देखिएकोले । |

साना किसान विकास बैंक लि. (लघु वित्त विकास बैंक) को

# नियमावली संशोधन सम्बन्धी प्रस्तावको तीन महले

| सि नं | नियम | उपनियम | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|
| १. | २९ | सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था: | सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था: | | |
| | | २९(१)(ग) | लघु वित्त विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ । | हटाईएको । | उपविनियम २९(१)(ग) दैनिक तथा भ्रमण भत्तासँग मात्र सम्बन्धित भएको र टेलिफोन, सञ्चार एवं अध्यक्षको सुविधा सम्बन्धमा छुट्टै उपदफाको व्यवस्था गर्न वाञ्छनीय देखिएको ले । |
| | | | (उ) आफ्नो कार्यालयबाट टेलिफोन सुविधा नपाएका अध्यक्षलाई प्रतिमहिना रु.२,५००/- (अक्षरेपी दुई हजार पाँच सय मात्र) र आफ्नो कार्यालयबाट टे लिफोन सुविधा नपाएका सञ्चालकलाई प्रतिमहिना रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) उपलब्ध गराइनेछ । तर, अध्यक्ष/सञ्चालकले आफ्नो कार्यालयबाट माथि उल्लेख गरे भन्दा कम टेलिफोन सुविधा लिएको भएमा सो कम भए जतिको फरक रकम मात्र उपलब्ध गराइनेछ ।<br>(ऊ) लघुवित्त विकास बैंकका अध्यक्षका सुविधा देहायको बमोजिम हुनेछ ।<br>(१) लघुवित्त विकास बैंकका अध्यक्षलाई मासिक पत्रपत्रिका बापत रु.१०००/- उपलब्ध गराइने छ ।<br>(२) तर यस लघुवित्त विकास बैंकका अध्यक्षले अन्य कुनै निकाय वा प्रतिनिधित्व गर्ने संघ/संस्थाबाट माथि (क) मा उल्लेखित सुविधाहरु लिएको भएमा सो कम भए जतिको फरक रकम मात्र उपलब्ध गराइनेछ । | | |
| | | २९(१)(घ) | अन्य सुविधा साधारण सभाले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ । | लघु वित्त विकास बैंकका सञ्चालकलाई प्रदान गरिने टेलिफोन, सञ्चार, एवं सवारी साधन सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ ।<br>(क) टेलिफोन/मोबाईल फोन वापत लघुवित्त विकास बैंकका अध्यक्षलाई प्रति महिना रु.२,५००/- (अक्षरेपी दुई हजार पाँच सय मात्र) र सञ्चालकलाई प्रतिमहिना रु.१,५००/- (अक्षरेपी एक हजार पाँचसय मात्र) का दरले एकमुष्ट उपलब्ध उपलब्ध गराइनेछ ।<br>(ख) सञ्चालकलाई सेवा अवधिमा एक पटकका लागि (फिर्ता गर्न नपर्ने गरी) रु. २०,०००/- (अक्षरेपी बीस हजार मात्र) को मोबाईल फोन सेट वा स्वयंबाट खरिद गरी विल पेश गरेको खण्डमा सो वापत उक्त रकममा नबढाई विल अनुसार सोधभर्ना उपलब्ध गराइने छ ।<br>(ग) लघुवित्त विकास बैंकका सञ्चालकलाई पत्रपत्रिका वापत प्रतिमहिना रु.१०००/- (अक्षरेपी एकहजारमात्र) उपलब्ध गराइने छ ।<br>(घ) लघुवित्त विकास बैंकका अध्यक्षलाई बैठकमा भाग लिनको अतिरिक्त पदीय जिम्मेवारी अनुसारको कामको लागि सवारी साधन उपलब्ध गराइने छ । | उपविनियम २९(१)(ग) मा यो व्यवस्था रहेको तर उक्त उपनियम दैनिक तथा भ्रमण भत्तासँग मात्र सम्बन्धित भएकोले टेलिफोन, सञ्चार एवं अध्यक्षको सुविधा सम्बन्धमा छुट्टै उपदफाको व्यवस्था गर्न सो सुविधामा समय सापेक्ष बृद्धि गर्न वाञ्छनीय देखिएको, यस उपविनियममा "आफ्नो कार्यालयबाट सुविधा नपाएको " भन्ने शब्द झिक्न आवश्यक देखिएको, सञ्चालकहरुलाई एक/एक सेट मोबाईल फोन सेट उपलब्ध गराउन र अध्ययक्षज्यूलाई बैठकमा भाग लिनको अतिरिक्त पदीय जिम्मेवारी अनुसारको कामको लागि सवारी साधन उपलब्ध गराउन आवश्यक देखिएकोले । |

## साना किसान विकास बैङ्क लि.सञ्चालक समितिको प्रतिवेदन

(कम्पनी ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बन्धित अतिरिक्त विवरण)

**(क) विगत वर्षको कारोबारको सिंहावलोकन**

मुलुकको समग्र आर्थिक परिवेशमा भएको विकास र लघुवित्त क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो लघुवित्त विकास बैंक लघुवित्तको सेवा विस्तार गर्दै वित्तीय स्थितिमा उल्लेखनीय सुधार गर्न सफल भएको छ । यस लघुवित्त विकास बैंकले आ.ब. २०७१/७२ मा ९३,७९२ थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल ४,६०,३३४ परिवारलाई लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ । अघिल्लो आ.व.सम्म यस लघुवित्त विकास बैंकमा कुल ४२८ सहकारीहरु आवद्ध रहेकामा सो संख्या ५१० पुगेको छ ।

आ.व. २०७०/७१ को अन्तमा कुल लगानीमा रहेको रकम रु. ५ अर्व ३६ करोड ६२ लाख रहेकोमा समीक्षा वर्षमा उत्साहजनक रुपमा ५१ प्रतिसतले वृद्धि भई २०७२ साल आषाढ मसान्तमा रु. ८ अर्व ०९ करोड ६७ लाख पुगेको छ । साथै आ.व. २०७०/७१ मा रु. ५ अर्व १३ करोड ५५ लाख कर्जा लगानी गरेकोमा समीक्षा बर्षमा ४६ प्रतिसतले वृद्धि भई रु. ७ अर्व ४८ करोड ३४ लाख एवं कर्जा असूलीमा समीक्षा वर्षमा ४० प्रतिसतले वृद्धि भई कर्जा असूली रु. ४ अर्व ७५ करोड २९ लाख पुगेको छ ।

आ.व. २०७०/७१ मा कुल सञ्चालन आम्दानी रु. २३ करोड २७ लाख रहेकोमा आ.व. २०७१/७२ मा ५४ प्रतिसतले वृद्धि भई रु. ३५ करोड ९५ लाख पुगेको छ । साथै आ.व. २०७०/७१ मा खुद मुनाफा रु. ११ करोड ४१ लाख रहेकोमा आ.व. २०७१/७२ मा ३५ प्रतिसतले बृद्धि भई रु. १५ करोड ४१ लाख पुगेको छ । २०७१ आषाढ मसान्तमा बैंकको संचित नाफा रु. ११ करोड २४ लाख रहेको थियो । सञ्चालक समितिबाट साधारणसभा समक्ष आ.व.२०७१/७२ को खुद मुनाफाको जगेडा तथा कोष व्यवस्था पश्चात मध्येबाट चुक्ता पुँजी रु २३,०६,८२,३०० को २५% ले हुने रु. ५,७६,७०,५७५ को वोनस सेयर र बोनस शेयरको कर समायोजनको लागि १.३१६% को नगद लाभांश रु. ३०,३५,२९३ गरी जम्मा रु ६,०७,०५,८६८ बराबरको मुनाफा वितरण गर्न प्रस्ताव पारित गरिएको छ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर**

यस बैंकको ग्राहक संस्था संख्या एवं व्यावसायिक आकार वृद्धि भएकोले कर्जाको मागलाई संस्थाहरुको आन्तरिक श्रोतबाट पूर्ति हुन नसक्दा यस बैंकसँग मागको अत्याधिक चाप बढेको छ । कर्जाको सुरक्षण, कर्जाको लागतमा वृद्धि आदिको कारण लघुवित्त बजारमा उत्पन्न हुने असरहरुबाट यो बैंक समेत अछुतो रहन सक्दैन । बिपन्न क्षेत्र कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरु आफैं लघुवित्त संस्थाहरुमा थोक र खुद्रा कर्जा प्रवाह गर्न जाँदा बैंकको कारोबारमा पर्ने असरलाई पनि गम्भिरताका साथ हेरिएको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा**

आ.व.२०७०/७१ को असोज मसान्तमा आयकर र वोनस व्यवस्था पछिको नाफा रु. ३ करोड ५७ लाख रहेकोमा चालु आ.व. २०७१/७२ को असोज मसान्तमा रु. ४ करोड ८८ लाख हुन गएको छ। २०७१ को असोजमा खुद कर्जा तथा सापट रु. ५ अर्ब ५३ करोड ०७ लाख रहेकोमा २०७२ साल असोज मसान्तसम्ममा रु. ८ अर्ब २२ करोड १६ लाख पुगेको छ। २०७१ को असोजमा कुल निष्क्रिय कर्जाको प्रतिसत ०.१४ प्रतिसत रहेकोमा सोमा सुधार भै २०७२ साल असोज मसान्तमा ०.१६ प्रतिसत भएको छ ।

२०७२ बैसाख १२ को महाभुकम्पबाट प्रभावित क्षेत्रहरुमा बैंकले सहुलियतपूर्ण कर्जा कार्यक्रम अघिसारेको छ । बर्तमान अवस्थामा उत्पन्न असहज परिस्थिति (तराई आन्दोलन तथा अघोषित नाकाबन्दी) का कारण उत्पन्न परिस्थितिले बार्षिक लक्ष्यलाई केही अंशमा प्रभावित गर्न सक्ने देखिएको छ। साथै, यसका असरहरु कम गर्न बैंकले विभिन्न कार्यक्रमहरु अघि सार्नेछ ।

बैंकले सन् २०२५ सम्ममा कुल १ हजार साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरु मार्फत १० लाख विपन्न तथा साना किसान परिवारमा सेवा पुऱ्याउने लक्ष्य राखेको छ। भावी दिनमा बैंक तथा यसमा आवद्ध संस्थाहरुलाई सूचना प्रविधिसँग जोड्ने, वित्तीय रुपमा स्वस्थ्य र सवल बनाउने, ग्राहक संस्थाहरुको व्यवस्थापकीय र वित्तीय स्थिति बलियो बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने, दीगो वित्तीय स्रोतमा पहुँच बनाउने, विभिन्न सहयोगी निकाय/संस्थाहरुसँग समन्वय गरी लघुवित्त मार्फत कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याउने सन्दर्भमा यस बैंकले देहाय अनुसारको भावी कार्यक्रमहरुमा जोड दिनेछ ।

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका ग्रामीण क्षेत्रहरुमा सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

(२) आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरुलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रमको निरन्तरताको लागि नेपाल सरकार समक्ष समन्वयको कार्य भईरहनेछ ।

(४) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(५) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिने छ ।

(६) साना किसान विकास बैंकको सञ्चालक समितिमा समूह “क” संस्थापक सेयरधनी साना किसान कृषि सहकारी संस्था लि.हरुबाट प्रतिनिधित्व हुने ३ जना मध्ये एक जना महिला सञ्चालक रहने व्यवस्थाका लागि छलफल चलाईने छ ।

(७) साना किसान सम्मेलन २०७१ को घोषणा पत्रमा उल्लिखित लक्ष्य र उद्देश्य प्राप्तिका लागि नेपाल सरकार, सहयोगी निकायहरु तथा दातृ संस्थाहरुसँग समन्वय गरिनेछ ।

(८) बैंकको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(९) कार्यक्षेत्र भित्रका विपन्न तथा साना किसान परिवार मा सुधारिएको चुल्हो, सौर्य उर्जा र गोबरग्यास जस्ता नविकरणीय उर्जाको विस्तारलाई निरन्तरता दिईनेछ ।

(१०) बिपन्न तथा साना किसानहरुमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न सूचना प्रविधि एवं मोबाईल बैंकिङ्गका सम्भावनाहरुको खोजी गरिनेछ ।

(११) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको श्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै बैंकको मुनाफामा वृद्धि गरी सेयरधनीहरुलाई यथोचित प्रतिफल उपलब्ध गराइनेछ ।

(१२) विपन्न तथा साना किसानहरुको जोखिम विरुद्ध सुरक्षाको लागि मुलुकका विभिन्न सहयात्री संस्थाहरु तथा विदेशका उपयुक्त बिमा संस्थाहरुसँग सहकार्य गरी सहकारी/लघुबिमा संस्था स्थापना गर्न पहलन गरिनेछ ।

**(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध**

कम्पनी ऐन, २०६३ अन्तरगत दर्ता भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट “घ” बर्गको लघुवित्त संस्थाको रुपमा सञ्चालन हुन ईजाजतपत्र प्राप्त यस कम्पनीले नेपाल धितो पत्र बोर्डबाट ईजाजत लिई सर्वसाधारणमा सेयर समेत बिक्रिवितरण गरिसकेको छ । नेपाल स्टक एक्सचेञ्जमा सूचिकृत यस कम्पनीको सेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौं रहेको छ । यस बैंकले धितोपत्र अभौतिकीकरण सम्बन्धी कार्यका लागि सी.डी.एस. एण्ड क्लियरिङ्ग लिमिटेडसँग समेत सम्झौता गरि कार्य अघि बढाएको छ ।

यस कम्पनीले नेपाल सरकारको सहयोगमा सहुलियत दरमा मासुजन्य पशुपालन कर्जा कार्यक्रम, साना किसान सहकारी संस्थाहरुको क्षमता विकासका कार्यक्रम, सामाजिक सामुदायिक कार्यक्रमहरु, मासुजन्य पशुपालन प्रवर्धन तथा पशुबिमा कार्यक्रम र अनुसरण कार्यक्रम सञ्चालन गर्न सहयोग प्राप्त भएको छ । Nepal: Disaster Risk Reduction and Livelihood Restoration for Earthquake Affected Communities Project कार्यक्रम अन्तरगत एसियाली विकास बैंक एवं नेपाल सरकार अर्थ मन्त्रालयको सहयोगमा भुकम्प प्रभावित जिल्लामा तालिम तथा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी सम्झौता भएको छ । नेपाल सरकार, कृषि विकास मन्त्रालय र IFAD सँगको सहकार्यमा पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चालका पहाडी जिल्लाहरुमा अनुसरण कार्यक्रम शुरुवात भएको छ । नेपाल स्थित इजरायली राजदुतावाससँग सहकार्य गरी आ.व. २०७०/७१ मा २०५ जना, आ.व. २०७१/७२ मा ५१५ जना र आ.व. २०७२/७३ को हाल सम्ममा ४२३ जना साना किसान परिवारका नेपाली विद्यार्थीहरुलाई इजरायलका विभिन्न तालिम/शैक्षिक संस्थाहरुमा कृषि तालिमका लागि सहभागी गराईएको छ । UNCDF/CleanStart सँगको सहकार्यमा सन् २०१४ को मेदेखि ३ बर्ष भित्र करिब ४० हजार साना किसान परिवारमा सौर्य उर्जा, सुधारिएको चुल्हो तथा गोबरग्यास प्रविधि पुऱ्याउन साना किसान नविकरणीय उर्जा कार्यक्रम सञ्चालन गरिएको छ । कृषि विकास बैंकसँगको साझेदारीमा अझ बढी कार्यक्रम सञ्चालन गर्ने लक्ष राखिएको छ । वित्तीय क्षेत्रमा कार्यरत सम्पूर्ण बैंक एवं वित्तीय संस्थाहरु तथा लघुवित्त सेवाको प्रवर्धनमा सहयोग पुऱ्याउने संघ संस्थाहरुसँग समेत यस बैंकको सुमधुर सम्बन्ध रहेको छ । वाणिज्य बैंकहरु, विकास बैंकहरु र वित्त कम्पनीहरुसँग विपन्न क्षेत्र कर्जामा प्रभावकारी सहकार्य भई रहेकोमा यसलाई निरन्तरता दिईने छ । यस बैंकले मनिला फिलिपिन्स स्थित Asia-Pacific Rural and Agricultural Credit Association (APRACA) को सदस्यता प्राप्त गरेकोछ । भारत स्थित Centre for International Co-operation and Training in Agricultural Banking (CICTAB) को सदस्य समेत रहेको हुँदा उक्त संस्थासँगको साझेदारीमा बैंक तथा आवद्ध संस्थाका कर्मचारीको क्षमता विकासका कार्यक्रमहरुमा सहभागिता रहने गरेको छ । यस बैंकको समेत शेयर लगानी रहेको सेन्टर फर माईक्रो फाईनन्सबाट समेत

बैंकले समय समयमा तालिम, गोष्ठि र सम्मेलनहरुमा सहकार्य गर्ने गरेको छ । नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. यस कम्पनीसँग साना किसान सहकारी अनुसरण कार्यक्रममा सहकार्य गर्दै आएको छ । त्यसै गरी पशुसेवा विभाग, सहकारी विभाग, जिल्ला विकास समिति (पशुपालन कर्जा सम्बन्धमा जिल्ला समन्वय समिति मार्फत), हेफर ईन्टरनेशनल, तथा अन्य विभिन्न सहयोगी निकायहरुसँग बैंकले सम्बन्ध र समन्वय विकास गरिरहेको छ । यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

बैंकको प्रबन्धपत्र र नियमावली अनुसार कृषि विकास बैंकबाट १, साना किसान सहकारी संस्थाहरुबाट ३ र नेपाल बैंक लि. एवं नबिल बैंक लि. बाट आलोपालो गरी १, सर्वसाधारण शेयरधनीबाट २ एवं व्यावसायिक विशेषज्ञ १ गरी जम्मा ८ जनाको सञ्चालक समिति रहने व्यवस्था छ ।

१. यस बैंकको २०७१/०९/१८ मा सम्पन्न १३ औं वार्षिक साधारण सभाबाट यस बैंकका संस्थापक शेयरधनी सहकारी संस्थाका तर्फबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन मार्फत श्री खेम बहादुर पाठक, श्री सुखदेव न्यौपाने, र श्री रवीन्द्र यादव यस बैंकको सञ्चालक समीति सदस्यमा निर्वाचित हुनुभएको छ । यस सम्बन्धमा मिति २०७१/१०/०५ मा बोर्डलाई जानकारी पठाईसकिएको छ ।

२. नेपाल बैंक लिमिटेडको तर्फबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएका श्री कुञ्ज प्रसाद मिश्रको नेपाल बैंक लिमिटेडमा सेवा अवधि समाप्त भए पश्चात उहाँको स्थानमा श्री अरुण कुमार बज्राचार्य यस बैंकको सञ्चालक समितिमा मिति २०७२/०३/२० मा नियुक्त हुनु भएको हो । यस सम्बन्धमा मिति २०७२/०३/२७ मा बोर्डलाई जानकारी पठाईसकिएको छ ।

३. मिति २०७२/०५/३१ गतेका दिन सर्वसाधारण सेयरधनीका तर्फबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनुभएका श्री शंकर श्रेष्ठको र ाजीनामा सञ्चालक समितिबाट स्वीकृत भएको छ । यस सम्बन्धमा मिति २०७२/०६/०१ मा बोर्डलाई जानकारी पठाईसकिएको छ ।

४. यसै गरी मिति २०७२/०५/३१ गतेका दिन यस बैंकका व्यावसायीक सञ्चालकका रुपमा सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनुभएका डा. उमाकान्त सिलवालको राजीनामा सञ्चालक समितिबाट स्वीकृत भएको छ । यस सम्बन्धमा मिति २०७२/०६/०१ मा बोर्डलाई जानकारी पठाईसकिएको छ ।

५. मिति २०७२/०५/३१ मा सर्वसाधारण सेयरधनीका तर्फबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आउनुभएका श्री शंकर श्रेष्ठको राजीनामा पश्चात रिक्त रहन गएको स्थानमा सञ्चालक समितिले मिति २०७२/०७/०१ मा श्री भुपेश छत्कुलीलाई नियुक्त गरेको छ । यस सम्बन्धमा मिति २०७२/०७/१० मा बोर्डलाई जानकारी पठाईसकिएको छ ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू**

यस बैंकको कारोबारमा असर पार्ने मुख्य जोखिमको रुपमा देहायका कुराहरुलाई लिईएको छ :-

साझेदार केही साना किसान सहकारी संस्था लि.हरुमा बलियो रुपमा सुशासनको अवस्था कायम राख्न नसकेमा वा सञ्चालक एवं कर्मचारीहरुमा पूर्णरुपमा पेशागत दक्षता एवं अनुभवको अभाव रहेमा उत्पन्न हुन सक्ने जोखिमहरु,

- पुँजी बजारमा आउन सक्ने उतार चढावबाट यस बैंकलाई प्राप्त हुने कर्जा र सो को व्याजदरमा बृद्धि हुन सक्ने जोखिमहरु,
- लघुवित्त बजारको समस्याको रुपमा रहेको वित्तीय श्रोतको अपर्याप्तता, विना धितो कर्जा प्रबाह, कर्जा अनुगमनमा कमी आदी कारणले देखा पर्ने जोखिमहरु,
- लघु कर्जाका सम्बन्धमा हुने अनावश्यक र नकारात्मक प्रचारका कारण कर्जा लगानी तथा असुलीमा उत्पन्न हुने जोखिमहरू,
- देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू,
- नियमन निकायहरुबाट समय समयमा परिवर्तन हुने नीति नियममा भएको बदलावका कारणबाट हुन सक्ने सम्भावित जोखिमहरु,
- लघुवित्त क्षेत्रमा दक्ष जनशक्ति आकर्षण र रिटेन्सन सम्बन्धी जोखिम आदि ।
- २०७२ बैसाख १२ को महाभुकम्पबाट प्रभावित क्षेत्रहरुमा उत्पन्न हुन सक्ने जोखिम ।
- बर्तमान अवस्थामा उत्पन्न असहज परिस्थिति (तराई आन्दोलन तथा अघोषित नाकाबन्दी) का कारण उत्पन्न परिस्थिति ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोउपर सञ्चालक समितिको प्रतिकृया**

लेखापरीक्षण प्रतिवेदनमा कुनै पनि कैफियत उल्लेख छैन । लेखा परीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियतहरुको सम्बन्धमा भने प्रत्येक वर्षमा सुधार गरिदै आएको छ । सो प्रतिवेदनमा उल्लेख भएका

मुख्य मुख्य बूँदाहरु पालना गर्ने सम्बन्धमा यस समितिको प्रतिक्रिया एवं प्रगति निम्न बमोजिम रहेको छ :

- आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाउन यस बैकले लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित नीति तथा कार्यविधिहरु मध्ये Information Technology Policy र Internal Audit Manual को मस्यौदा तयार भई सकेको छ । Area Office Operation Policy र Assets and Liabilities Management Policy चालु आ.व.मा तयार गरी व्यवस्थापन नीति तर्जुमा गरिने छ ।
- वर्तमान मुल्य बृद्धिलाई मध्यनजर गरी सानो नगदिकोष रकमबाट प्रति बिल खर्च गर्न सक्ने रकममा पुनरावलोक गर्ने र सबै कार्यालयमा सानोतिनो खर्च गर्दा सानो नगदिकोष मार्फत खर्च गर्ने व्यवस्था मिलाउन बैंक व्यवस्थापनलाई निर्देशन दिइएको छ ।
- नविकरणीय उर्जा कर्जा लगानी/असुली कार्यविधि, २०७१ मा व्यवस्था भए अनुसार ग्राहक संस्थाहरुले सम्बन्धित किसानलाई कर्जा लगानी गर्दा AEPC बाट मान्यता प्राप्त उपकरण खरिद गर्ने व्यवस्था मिलाउनु पर्ने, संस्थाले सम्बन्धित सप्लायर्सहरुसँग सम्झौता गर्नु पर्ने, तोकिएको समयमा प्रतिवेदन इलाका कार्यालयमा बुझाउनु पर्ने र यस शीर्षकमा बैंक र संस्थाको लरर प्रत्येक अर्धबार्षिक अवधीमा भिडान हुनु पर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन नभएको भनी प्रतिवेदनमा उल्लेख भएको सन्दर्भमा आगामी दिनमा उक्त विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन र सो को अनिवार्य अनुगमन गर्ने व्यवस्था मिलाउन बैंक व्यवस्थापनलाई निर्देशन दिइएको छ ।
- यस बैंकका केही ग्राहक संस्थाहरुको ३ वर्षे व्यावसायिक योजना तयार गरी मिसिलमा अध्यावधिक गर्न छुट हुन गएको पाइएकोले क्रमशः व्यावसायिक योजना बनाउन लगाई अध्यावधिक गर्ने व्यवस्था मिलाउन बैंक व्यवस्थापनलाई निर्देशन दिइएको छ ।
- इलाका कार्यालय गजुरीमा कार्यालयका अभिलेख तथा फाइलिङ्ग व्यवस्थामा देखिएका कमि कमजोरीहरु सुधार गरी व्यवस्थित गराउने व्यवस्था मिलाउन बैंक व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

**(ज) लाभांश बाँडफाँट गर्न सिफारिस गरिएको रकम**

आ.व.२०७१/७२ को खुद मुनाफाको जगेडा तथा कोष व्यवस्था पश्चात मध्येबाट चुक्ता पुँजी रु २३,०६,८२,३०० को २५% ले हुने रु. ५,७६,७०,५७५ को वोनस सेयर र बोनस शेयरको कर समायोजनको लागि १.३१६% को नगद लाभांश रु. ३०,३५,२९३ गरी जम्मा रु ६,०७,०५,८६८ बराबरको मुनाफा वितरण गर्न साधारणसभा समक्ष प्रस्ताव पारित गरिएको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण,**

कुनै पनि शेयर जफत भएको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन । साथै यस कम्पनीमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरे बाहेक कुनै महत्वपूर्ण परिवर्तन भएको छैन ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी,**

यस प्रकारको कुनै पनि जानकारी आधारभूत शेयर धनीहरुबाट प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी,**

यस कम्पनीका प्रवर्धक सेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु संस्थागत रुपमा प्रतिनिधि भई आएको हुँदा व्यक्तिगत रुपमा यस बैंकको सेयर खरिद गरेको छैन ।

सर्वसाधारण सेयरधनीका तर्फबाट निर्वाचित सञ्चालक र व्यावसायिक हरुका नाममा यस बैंकको देहाय अनुसारको सेयर रहेको देखिन्छ ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा,**

यस प्रकारको कुनै सम्झौता भएको जानकारी प्राप्त भएको छैन ।

| क्रसं. | सेयरधनीको नाम | सेयरधनी नं./डिम्याट नं. | सेयर कित्ता संख्या |
|---|---|---|---|
| १ | श्री उमेश लम्साल | १३१५९ | १६३५ |
| २ | श्री भुपेश छत्कुली | १३०११८००००००६६७९ | १०० |

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम**

कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण,**

बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३, तथा प्रचलित कानूनहरु र नेपाल राष्ट्र बैङ्कले विभिन्न समयमा जारी गर्ने निर्देशन एवं परिपत्रहरुको अधिनमा रही बैङ्कले आफ्ना व्यावसायिक कारोवारहरु सञ्चालन गर्दछ । साधारण सभाको निर्देशन एवं सञ्चालक समितिका निर्णयहरुबाट बैङ्कका क्रियाकलापहरु निर्देशित हुने गर्दछन् । बैङ्कको प्रबन्ध पत्र, नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, लघुवित्त संस्थाहरुमा थोक कर्जा कार्यान्वयन कार्यविधि २०६६, पशुपालन कर्जा कार्यक्रम तथा कारोबार सञ्चालन कार्यपद्धति २०६७, स्वरोजगार कर्जा कारोवार सञ्चालन कार्यविधि २०६८, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०६२, इन्वार्ड विप्रेषण नीति तथा कार्यविधि २०६३, कर्जा अपलेखन विनियमावली २०६२, लिलामी सम्बन्धी कार्यविधि २०६८, कर्मचारी कल्याणकारी कोष तथा बिमा कार्यान्वयन कार्यविधि २०६८, साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०६७ तथा यस्तै अन्य नीति तथा कार्यविधिका अधिनमा रही बैङ्कका कार्यहरु सञ्चालन हुने गर्दछन् । बैङ्कका गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक लेखा परीक्षण समिति, कर्मचारी सेवा सुविधा व्यवस्था समिति र जोखिम व्यवस्थापन समिति रहेको छ । त्यस्तै आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त राख्न यस बैङ्कले तोकिएको मापदण्ड अनुसार लेखा राख्ने, नेपाल राष्ट्र बैङ्कको निर्देशनको पालना गर्ने/गराउने तथा वित्तीय कारोवारलाई नियमित एवं व्यवस्थित गर्न आन्तरिक नियन्त्रण नीति, २०६९ तर्जुमा गरी लागु गरेको छ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण**

| | | |
|---|---|---|
| कर्मचारी खच | - | रु.३,५८,७७,२४२/०२ |
| कार्यालय सञ्चालन खर्च | - | रु.२,९३,६६,३३१/८६ |
| जम्मा | - | रु.६,५२,४३,५७३/८८ |

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण,**

यस कम्पनीमा गैर कार्यकारी सञ्चालक श्री उमेश लम्सालको सञ्योजकत्वमा तल तालिकामा उल्लेख गरे अनुसारको तीन सदस्यीय लेखा परीक्षण समिति रहेको छ । यस समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ मा तोकिए बमोजिमका कार्यहरु गर्ने, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनमा लेखा परीक्षण समितिले गर्नु पर्ने भनी उल्लेख गरेका कार्यहरु गर्ने, लेखा परिक्षकले दिएको प्रतिवेदन उपर दफावार अध्ययन गरि सञ्चालक समितिलाई प्रतिवेदन सहित सुझाव र व्यवस्थापनलाई निर्देशन दिने एवं आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणका लागि अनुगमन, निरीक्षण र सुझाव प्रदान गर्ने जस्ता कार्यहरु गर्ने गर्दछ ।

यस समितिले सम्पत्तिको कर्जाको गुणस्तर अभिबृद्धि गर्ने, पुराना हिसाबहरु फरफारक, आन्तरिक नियन्त्रण प्रणालीहरुमा देखिएका कमजोरीहरुलाई सुधार गर्ने आदि लगायतका महत्वपूर्ण सुझावहरु सहितको प्रतिवेदन सञ्चालक समितिमा पेश गरेको र सञ्चालक समितिले सो को प्रभावकारी कार्यान्वयको लागि व्यवस्थापनलाई निर्देशन दिएको छ ।

लेखा परीक्षण समितिका पदाधिकारीहरुको नामावली तथा सुविधा

| नाम | पद | सुविधा |
|---|---|---|
| श्री उमेश लम्साल | संयोजक | प्रतिबैठक भत्ता रु. ३,०००।- |
| श्री अनिल कुमार उपाध्याय | सदस्य | |
| श्री रवीन्द्र यादव | सदस्य | |
| श्री भिम प्रसाद गैह्रे | सदस्य | प्रतिबैठक भत्ता रु. १५००।- |

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी छैन ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

**सञ्चालकहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

- सञ्चालक समितिको बैठकमा भाग लिए वापत प्रति बैठक रु.३,०००।- मात्र भत्ता
- अध्यक्षलाई पत्रपत्रिका वापत मासिक रु.१,०००।- र टेलिफोन खर्च वापत मासिक रु.२,५००।- मात्र
- अन्य सञ्चालकहरुलाई टेलिफोन वापत मासिक रु.१,०००।- मात्र (आफ्नो कार्यालयवाट सो सुविधा नभए मात्र)
- काठमाडौं बाहिरवाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ट स्थानीय परिवहन तथा भैपरि खर्च रु.१,५००।-
- काठमाडौं उपत्यका भित्रवाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ स्थानीय परिवहन तथा भैपरि खर्च रु.१,०००।-
- सञ्चालकहरुले कम्पनीको कामको सिलसिलामा भ्रमण गर्दा दैनिक भत्ता रु.२,५००।-
- कम्पनीको कामको सिलसिलामा हवाईजहाजबाट यात्रा गरेमा हवाईजहाजमा लागे बमोजिमको टिकट खर्च र हवाईजहाजको सुविधा उपभोग नगरी बसबाट यात्रा गरेमा बसभाडाको दोब्बरका दरले भ्रमण भत्ता उपलब्ध हुने । काठमाडौं उपत्यका बाहिर जुनसुकै ठाउँबाट बसबाट यात्रा गरी सञ्चालक समितिको बैठकमा भाग लिन आउने सञ्चालकलाई बसभाडाको दोब्बरका दरले भ्रमण भत्ता उपलब्ध हुने ।

**प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्मालाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

- मासिक पारिश्रमिक रु.१,७०,०००/-, टेलिफोन खर्च वापत मासिक रु.२,५००/-, दशैं खर्च १ महिनाको, पोशाक खर्च रु.१५,०००/-, बोनस, बैंक दिवस १ महिनाको र बिमा वापतको रकम गरी वार्षिक जम्मा रु.२७,६७,९२६/३०
- कार्यालय आउँदा जाँदा गाडी सुविधा रहेको ।

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम**

शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांशको रकम : यस बैंकको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि.बाट प्राप्त जानकारी अनुसार मिति २०७२/०३/३१ सम्म ३,९२९ जना शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम रु.४२,६५,९२४/९९ रहेको छ ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण**

यस प्रकारको सम्पत्ति खरिद वा बिक्री नभएको ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण**

यस प्रकारको कारोबार नभएको ।

**(भ) यस ऐन तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा**

आवश्यक सम्पूर्ण महत्वपूर्ण कुराहरु सञ्चालक समितिको प्रतिवेदनमा खुलाईएको छ ।

**(म) अन्य आवश्यक कुराहरु ।**

उल्लेखनीय अन्य कुराहरु नभएको ।

मिति २०७२/०८/११

सञ्चालक समिति,
साना किसान विकास बैङ्क लि.
सुविधानगर, तीनकुने, काठमाडौं



**झलेन्द्र भट्टराई**
कम्पनि सचिव/वरिष्ठ प्रबन्धक

# प्रमुख कार्यकारी अधिकृतको भनाई...

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु मध्ये साना किसानहरुको सबै भन्दा बढी स्वामित्व रहेको लघुवित्त बैंकको रुपमा साना किसान विकास बैंकलाई लिन सकिन्छ। यसमा २३१ वटा संस्थापक सेयरधनी साना किसान सहकारी संस्थाहरुको मात्र झण्डै ३९ प्रतिसत सेयर स्वामित्व रहेको छ। यस बैंकले सहकारिताको माध्यमबाट समुदायको परिचालनलाई गरिबी न्यूनिकरणकालागि प्रभावकारी औजारको रुपमा दृढताका साथ अघि बढाएको छ। स्थानीय सहभागिता र स्वामित्वमा लघुवित्तीय संस्थाको रुपमा सहकारीहरु स्थापित हुन सकेमा विपन्नवर्गहरुको वित्तीय पहुँच अभिवृद्धि हुने हाम्रो विश्वास रहिआएको छ। यसै उद्देश्य पुरा गर्ने क्रममा बैंकसँग २०७२ कार्तिक मसान्तसम्ममा ५१४ संस्थाहरु आवद्ध भईसकेका छन्। जसबाट ४ लाख ७५ हजार विपन्न तथा साना किसान परिवारमा वित्तीय पहुँच पुर्‍याउन बैंक सफल भएको छ। बैङ्क स्थापना देखि २०७२ असार मसान्तसम्ममा बैंकले आबद्ध संस्थाहरूलाई रु. २६ अर्ब १६ करोड लगानी गरी रु. १८ अर्ब ६ करोड असुली गरिसकेको छ। बैङ्कको लगानीमा रहेको ऋण रु. ८ अर्ब १० करोड पुगेको छ भने यी ग्रामीण क्षेत्रमा कार्यरत संस्थाहरुले आफ्ना सदस्यहरुमा रु. २१ अर्ब ७१ करोड कर्जा परिचालन गरेकाछन्। यस प्रकार आफुलाई आवश्यक पर्ने पुँजीको ६३ प्रतिसत अंश आन्तरिक रुपमा पूर्ति गर्न यी संस्थाहरु सफल भएका छन्। यसलाई आत्मनिर्भरताको दीगो लक्षणको रुपमा हेर्न सकिन्छ।

बैंकले अब क्रमिकरुपमा संस्थाहरुलाई कृषि उपज प्रशोधन एवं बजारीकरणमा समेत आफ्नो व्यावसायिक दक्षता देखाउन प्रोत्साहन एवं सहयोग गर्न थालेको छ। साना किसान कृषि सहकारी संस्थाहरुले विभिन्न वित्तीय संरचनाबाट प्रारम्भ गरेका चिया, धान र तोरीका आधुनिक कारखानाहरुको प्रयोग उत्साजनक देखिएको छ। भविष्यमा कुनै न कुनै रुपमा प्रत्येक संस्थाले मुल्यश्रृङ्खलामा सकृय सहभागिता जनाई मुल्य अभिवृद्धिको लाभ लिन सक्ने सम्भावना प्रकट गराएको छ। त्यसैले यस दिशामा अघि बढ्न साना किसान सहकारी संस्थाहरुमा आवद्ध साना किसानहरु सबैको सहभागिता र सहयोग जुटाई कृषिको व्यावसायिकरण, विविधिकरण र किसान कै हित हुने गरी नयाँ नयाँ क्षेत्र पहिचान गरी नयाँ कामको थालनी गर्नु पर्ने आवश्यकता देखिएको छ।

कृषि पेशाले वर्तमान अवस्थमा युवा जनशक्तिलाई त्यति आकर्षित गर्न नसक्नुलाई गम्भिर रुपमा हेर्न आवश्यक छ। उनीहरुमा रहेको उर्जा एवं जाँगरलाई कृषि क्षेत्रमा उपयोग गर्न सीप, प्रविधि, वित्तीय सेवा र अन्य अनुकुल वातावरण सिर्जना हुन जरुरी छ। यस बैंकले विभिन्न निकायहरुको सहकार्यमा सानै रुपमा भए पनि युवाहरुलाई इजरायलको उच्च कृषि प्रविधि अध्ययन/अवलोकन गर्न पाउने अवसर सिर्जना गरेको छ। हाल सम्म ११ सय भन्दा बढी साना किसान युवाहरुले यस बैंक मार्फत इजरायलका विभिन्न तालिम केन्द्र र कलेजहरुमा १० महिने कृषि तालिममा सहभागी हुन पाईसकेका छन्। तालिम पुरा गरी फर्किएका युवाहरुले कृषिको रुपान्तरणमा धेरै राम्रो काम गर्ने हामीले आशा लिएका छौं।

साना किसान सहकारी संस्था मार्फत लघुवित्त सेवा क्रमिक रुपमा विस्तार गर्न अनुसरण/क्षेत्र विस्तार कार्यक्रमलाई बैंकले महत्वका साथ अगाडी बढाएको छ। आर्थिक वर्ष २०७२/७३ मा नेपाल सरकार अर्थ मन्त्रालयको सहयोगमा थप ५० गाविसहरुमा साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयनका कार्यहरू अघि बढाइएको छ। त्यसैगरी नेपाल सरकार कृषि विकास मन्त्रा( लय र अन्तर्राष्ट्रिय खाद्य तथा कृषि सङ्गठनको सहयोगमा रुकुम, रोल्पा, सल्यान, प्युठान, अर्घाखाँची र गुल्मीका ३० गाविसहरुमा अनुसरण कार्य विस्तार भएको छ।

साना किसानहरूलाई पशुपालन कार्यमा प्रोत्साहित गरी नेपालमा ठूलो परिमाणमा भइरहेको मासुजन्य पदार्थको आयात प्रतिस्थापन समेत गर्न देशभित्रै मासुजन्य पदार्थको उत्पादन बढाउने उद्देश्यले यस बैङ्कले नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन गरेको मासुजन्य पशुपालन कर्जा कार्यक्रमबाट २०७२ असारसम्ममा रु. ५ अर्ब २५ करोड ३० लाख बराबरको मासु तथा २ अर्ब ७० करोड ९० लाख बराबरको दूध गरी कूल रु. ७ अर्ब ९६ करोड २० लाख बराबरको मासु तथा दूध उत्पादनमा सहयोग पुगेको देखिन्छ। यो उपलब्धि साना किसानहरुको सकृयाताको हो जसको निरन्तरता रहन एकदमै जरुरी छ।

बैसाख १२ को विनासकारी भुकम्पबाट प्रभावित साना किसानहरुको उत्थानका लागि नेपाल सरकार र एसियाली विकास बैंकको सहयोगमा विशेष कर्जा तथा तालिम कार्यक्रम सञ्चालन गर्न आवश्यक तयारी भईरहेको छ। नेपाल राष्ट्र बैंक (UNNATI), नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ, IFAD, UNCDF, CICTAB, APRACA, आदिजस्ता सहयोगी सङ्घ-संस्थाहरूसँग सहकार्य

गरी साना किसान विकास अभियानलाई नयाँ उचाईमा पुऱ्याउन बैंकले गरेको प्रयासलाई आगामी दिनमा समेत कुनै कमी नहुने गरी अघि बढाईने छ ।

संस्थाहरुको वित्तीय स्वास्थ्य तथा संस्थामा संलग्न नेतृत्व वर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि गर्न अवसरहरूको खोजी गरी तालिम, अवलोकन भ्रमण, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गोष्ठी र सम्मेलन जस्ता अवसरहरूमा सहभागी गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

बैंकले दीगोपना र सेवालाई सँगसँगै अघि बढाउने नीति लिएको छ । कर्जा प्राप्त गर्ने स्रोतहरुमा विविधिकरण गरिएको छ भने लगानी गर्ने संस्थाहरु समेत फरक फरक किसिमका रहेका छन् । कर्जा सम्पत्तिको गुणस्तर कायम गर्न आवद्ध संस्थाहरुको क्षमता अभिवृद्धि एवं अनुगमन प्रभावकारी बनाईएको छ । बैंकले लगानी गरेको कर्जामध्ये भाखा नाघेको कर्जा रकम ०.१७ प्रतिशतमात्र हुनुले यो कुराको पुष्टि गर्दछ । आर्थिक वर्ष २०७०/७१ को अन्तमा यस बैङ्कको कूल सम्पत्ति रु. ६ अर्ब ६१ करोड रहेकोमा आ. व. २०७१/७२ को असारसम्म आइपुग्दा त्यसमा ३४ प्रतिशतले बृद्धि भई कूल सम्पत्ति रु. ८ अर्ब ८८ करोड पुगेको छ । आर्थिक वर्ष २०७१/७२ मा बैंङ्कले रु. १५ करोड ४१ लाख खुद नाफा गर्न सफल भएको छ जुन गत आ.व.को नाफामा ३५ प्रतिशतको बृद्धि हो ।

देशको कृषि-उत्पादनमा साना किसानहरूको अग्रणी भूमिका हुने हुँदा कृषिमा सुरक्षा, कृषि सामाग्री व्यवस्था, कृषि प्रविधि र कृषि बजारसँगै ऋणको सहज व्यवस्था गर्न सकेमा किसानको उत्पादन गर्ने क्षमता अभिवृद्धि भई साना किसानहरूलाई लाभ पुग्नुका अतिरिक्त सम्पूर्ण मुलुकलाई नै फाइदा पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ । साना किसान विकास बैंकले आफ्नो ठाउँ र हैसियत अनुसार यिनै विषयलाई प्राथमिकतामा राख्दै कार्य गर्ने प्रयत्न गरेको छ र आउँदा दिनहरुमा निरन्तर रुपमा गर्ने प्रण समेत गर्दछ ।

धन्यवाद !

**जलनकुमार शर्मा**

प्रमुख कार्यकारी अधिकृत

२४ पौष, २०७२

# बैङ्कले प्रदान गर्ने सेवाहरू

## कर्जाको ब्याजदर

यस बैङ्कका ग्राहक सहकारी संस्थाहरूको सङ्ख्या वृद्धि हुँदै गएको, व्यावसायिक आकार पनि वृद्धि भएका एवं प्रतिस्पर्धीहरुको संख्या पनि वृद्धि भएकाले कर्जाको माग सम्बोधन गर्नु, त्यसको प्रभावकारी अनुगमन तथा निरीक्षण गर्नु, कर्जाको गुणस्तरीयता कायम राख्नु, लाभ-लागत सन्तुलन मिलाउनु, माग अनुमान गर्नु एवं वित्तीय स्रोतको सुनिश्चितता प्राप्त गर्नु जस्ता कार्यहरू जटिल बन्दै गएका छन् । पुँजीको उपलब्धता, कर्जाको सुरक्षण, कर्जाको लागतमा वृद्धि, लघुवित्त क्षेत्रको बढ्दो प्रतिस्पर्द्धा आदिको कारण उत्पन्न हुने असरहरूबाट यो बैङ्कसमेत अछुतो रहन सक्तैन । वित्तीय बजारमा तरलताको अवस्था, बजारको ब्याजदर, पुँजीको प्रभावकारी परिचालन, ग्राहक संस्थाहरूको वित्तीय अवस्था, बैङ्कको कार्यकुशलता र साख नै ब्याजदरलाई प्रभाव पार्ने मुख्य तत्वका रूपमा रहेका छन् । प्रभावकारी वितरण प्रणाली स्थापना गर्न सकेमा विपन्न तथा साना किसानहरूमा लघुवित्त सेवामार्फत पनि कम ब्याजदरमा कर्जा प्रवाह गर्न सकिन्छ भन्ने बैङ्कको मान्यता रहेको छ । यसैले बैङ्क समय-समयमा ब्याजदर परिमार्जन गर्ने र त्यसको प्रभाव साना किसानहरूले महसुस गर्न पाउने व्यवस्था कायम गर्न सजग रहेको छ। हाल यस बैङ्कले प्रवाह गर्ने लघुकर्जामा वार्षिक ९%, मासुतथा दुग्धजन्य पशुपालन कर्जामा ५%, नवीकरणीय ऊर्जा कर्जामा ८% को दरले ब्याज लिने व्यवस्था रहेको छ। वि. सं. २०७१ साल बैशाख १ गतेदेखि लागू गरेको कर्जाको ब्याजदर तालिका - १२ मा प्रस्तुत छ ।

रकम रु हजारमा

**तालिका - १२ : कर्जाको ब्याजदर**

| क्रसं | कर्जाको प्रकार | वार्षिक ब्याजदर (%) | समयमा बुझाउँदा प्रदान गरिने छुट (%) | खुद ब्याजदर (%) |
|---|---|---|---|---|
| १. | पशुपालन कर्जा | ९% | ४% | ५% |
| २. | अन्य लघुकर्जा | ९.२५% | ०.२५% | ९% |
| ३. | नविकरणीय ऊर्जा कर्जा * | ८.२५% | ०.२५% | ८% |

* *२०७१/३/२९ देखि लागू*

## थोक लघुकर्जा कार्यक्रम

साना किसान सहकारी संस्था र यस्तै प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई लघुवित्तका लागि आवश्यक पर्ने वित्तीय स्रोत जुटाउन थोक कर्जा उपलब्ध गराउनु यस बैङ्कको मुख्य क्रियाकलाप हो । आफ्ना सदस्यहरूमा लघुवित्त सेवा प्रदान गर्न साना किसान सहकारी संस्था तथा अन्य समान प्रकृतिका लघुवित्त संस्थाहरूले बैङ्कसँग सहकार्य गर्ने गरी आबद्धताका लागि आवेदन गर्दछन् । निर्दिष्ट योग्यता पुगेका संस्थाहरूले आवश्यक सर्त पूरा गरेपश्चात् बैङ्कले थोक कर्जा प्रवाह गर्दछ । यी संस्थाहरूमा बैङ्कले कर्जा प्रवाहका अतिरिक्त संस्थागत क्षमता विकास गर्ने, संस्थागत परीक्षण गर्ने, संस्थाको आवश्यकता पहिचान गर्ने तथा अनुगमन र निरीक्षण गर्ने कार्यसमेत गर्दै आएको छ ।

बैङ्कले हालसम्म मुख्य रूपमा लघुकर्जा र आ. व. २०६७/६८ देखि मासुजन्य पशुपालन कर्जा (२०७१/७२ देखि यसको दायर लाई फराकिले बनाई मासु तथा दुग्धजन्य पशुपालन कार्जाका रुपमा) उपलब्ध गराउँदै आएको छ । आ. व. २०७१/७२ देखि नवीकरणीय ऊर्जा कर्जा कार्यक्रम आरम्भ गरेकोमा उत्साहजनक उपब्धि तथा सहभागिता देखिएको छ भने विगतमा सञ्चालन गरेको स्वरोजगार कर्जा कार्यक्रम समापनको भइसकेको छ । कर्जाको ब्याज मासिक रूपमा बुझाउनुपर्ने र सावाँ भने किस्ताबन्दी रूपमा त्रैमासिक रूपमा बुझाउन सकिने व्यवस्था गरिएको छ भने नविकरणीय उर्जा तथा पशुपालन कर्जाको हकमा पहिलो छ महिना ग्रेस अबधिको रुपमा राखिएको छ । कर्जाहरूको भुक्तानी अवधि बढीमा ३ वर्षसम्म रहेको छ । यसरी उद्देश्यगत रूपमा भएको कर्जा लगानीको अवस्था तालिका १३ मा दिइएको छ ।

**तालिका - १३ : विभिन्न प्रकारका कर्जाको अवस्था**

रकम रु हजारमा

| क्रसं | कर्जाको प्रकार | २०७१/७२ को लरर | २०७२ असोज को लरर | भार (%) |
|---|---|---|---|---|
| १ | लघुकर्जा | ५८६५६६४ | ६०२५५५२ | ७३.२९ |
| २ | पशुपालन कर्जा/विशेष कर्जा(मासु तथा दुग्धजन्य) | २०७२४८५ | २०२४४०४ | २४.६२ |
| ३ | नवीकरणीय ऊर्जा कर्जा | १५८६०१ | १७१६७२ | २.०९ |
| | जम्मा | ८०९६७५० | ८२२१६२८ | १००.०० |

२०७२ असार मसान्तसम्ममा बैङ्कको लगानीको ७२% अंश लघुकर्जाका लागि थोक कर्जामा र २६% अंश मासुजन्य तथा दुग्धजन्य पशुपालन कर्जामा रहेको छ। नवीकरणीय ऊर्जा कर्जा कार्यक्रम आ. व. २०७१/७२ बाट मात्र आरम्भ भएको भएता पनि २% अंश ओगटेको छ। युवा तथा स्वरोजगार कार्यक्रमअन्तर्गतको कर्जा सहयोगमा सञ्चालित स्वरोजगार कर्जा कार्यक्रम भने समाप्त भइसकेको छ।

**पशुपालन कर्जा कार्यक्रम :**

बिपन्न तथा साना किसानहरुको आयआर्जन एवं कृषि व्यवसायका लागि पशुपालन सबै भन्दा महत्वपूर्ण र परम्परागत व्यवसायको रुपमा रही आएको छ। यस व्यवसायलाई क्रमशः पेशामा रुपान्तरण गरी दिगो आयआर्जनको आधार तयार तयार गर्न एवं मुलुकलाई पशुजन्य पदार्थमा आत्मनिर्भर बनाउन आ.व. २०६७/६८ देखि नेपाल सरकारको सहुलियतपूर्ण कर्जामा यो विशेष कर्जा कार्यक्रम सञ्चालन गरिएको छ। बैंकमा आवद्ध संस्थाहरुले आफ्ना सदस्यलाई पशुपालन कर्जा उपलब्ध गराउन बैंकबाट थोक कर्जाको यसलाई प्रयोग गर्न सक्नेछन्। किसानले कर्जालिएको ९ औं महिना देखि प्रत्येक त्रैमासिक रुपमा ३ बर्ष भित्रमा सावाँ र प्रत्येक महिना व्याज बुझाउने व्यवस्था गरिएको छ। किसानले निर्धारित समयमा यस कर्जाको सावाँ तथा व्याज बुझाएमा ९ प्रतिसत वार्षिक व्याजदरमा कर्जा प्रयोग गर्न पाउनेछन् भने संस्थाले बैंकलाई ५ प्रतिसतको दरले व्याज बुझाउनु पर्ने व्यवस्था रहेको छ।

आ. व. २०७१/७२ अघि मासुजन्य पशुपालन कर्जाका रूपमा सञ्चालित यस कार्यक्रमको दायरालाई फराकिलो बनाई प्रतिवेदन आर्थिक वर्षमा मासु तथा दुग्धजन्य पशुपालन कर्जाका रूपमा सञ्चालन गर्ने गरी नेपाल सरकारबाट रु. १ अर्ब कर्जाको बजेट व्यबस्था भएको थियो। आ. व. २०७१/७२ सम्ममा प्राप्त रु. ३ अर्ब रकम, ३३ हजार पशुपालक साना किसानलाई मासु तथा दुग्धजन्य पशुपालन गर्ने गरी लगानी गर्ने लक्ष रहेकोमा ३१३ साना किसान सहकारी संस्थाका ५३ हजार छ सय ८० जना पशुपालक साना किसानलाई २ लाख ९५ हजार ७ सय ९६ मासु तथा दुग्धजन्य पशुवस्तु पालन गर्ने गरी रु. ४ अर्ब २३ करोड ७० लाख कर्जा लगानी गरी भौतिक प्रगति तर्फ १६७ प्रतिशत र वित्तीय प्रगति तर्फ १३६ प्रतिशत प्रगति हासिल भएको छ।

**तालिका - १४ : मासु तथा दुग्धजन्य पशुपालन कर्जाको प्रगति विवरण**

| क.सं. | विवरण | २०७० असारसम्म | २०७१ असार | २०७२ असार | सुरुदेखि २०७२ असार सम्मको जम्मा |
|---|---|---|---|---|---|
| १ | पशुपालन कर्जा लगानी गर्ने संस्था सङ्ख्या | २०७ | २५७ | ३१३ | ३१३ |
| २ | पशुपालन गर्न कर्जा लिने किसान सङ्ख्या | २५४११ | १२९६२ | १५३०७ | ५३६८० |
| ३ | कर्जा लगानी (रु. हजारमा) | १६२२९०३ | १०९४२४९ | १५१९९३१ | ४२३७०८३ |
| ४ | कर्जाबाट पालन गरिएका पशु सङ्ख्या : | १२२४०६ | ७६३३९ | ९७०५१ | २९५७९६ |
| | ४.१ बाखा | ९०४३३ | ५३४३९ | ६२५४४ | २०६४१६ |
| | ४.२ बङ्गुर | १४५३५ | ९६१३ | १५२११ | ३९३५९ |
| | ४.३ पाडापाडी | ६३१७ | ४३७२ | ६०७४ | १६७६३ |
| | ४.४ भैंसी | ११121 | ८९१५ | ११६९७ | ३१७३३ |
| | ४.५ गाई | - | - | १५२५ | १५२५ |

२०७२ असार मसान्तसम्ममा लगानी भएको पशुका आधारमा प्रक्षेपण गर्दा पशुपालन कर्जाबाट पालिएका कूल २ लाख ९५ हजार ७ सय ९६ मासु तथा दुग्धजन्य पशुबाट १६ हजार २ सय ३३ मेट्रिक टन मासु र ४५ हजार १ सय ६४ मेट्रिक टन दूध उत्पादन भएको अनुमान गरिएको छ, जसमा रु. ५ अर्ब २५ करोड ३० लाख बराबरको मासु तथा २ अर्ब ७० करोड ९० लाख बराबरको दूध गरी २०७२ असारसम्म कूल रु. ७ अर्ब ९६ करोड २० लाख बराबरको मासु तथा दूध उत्पादनमा सहयोग पुगेको देखिन्छ।

**तालिका - १४ : पशुपालन कर्जाको उत्पादन तथा आम्दानीमा योगदान प्रक्षेपण : २०७२ असार**

| विवरण | भैँसी | बाखा | बङ्गुर | पाडा | गाई | जम्मा |
|---|---|---|---|---|---|---|
| ऋण लगानी (रु. १० लाखमा) | २३८० | १३३२ | २९४ | ११७ | ११४ | ४२३७ |
| पालिएका पशुवस्तु सङ्ख्या | ३१७३३ | २०६४१६ | ३९३५९ | १६७६३ | १५२५ | २९५७९६ |
| मासुका लागि बेचिएका पशुवस्तु सङ्ख्या | २०६२६ | ४४५८५८ | ७८७१८ | १५९२५ | | ५६११२७ |
| मासुका लागि बेचिएका पशुवस्तुको जिउँदो तौल (मे. टन) | ७२१९ | ११९४६ | ५९०३ | ५५७३ | | २९८४१ |
| कूल मासु उत्पादन | ४३३१ | ५०१६ | ३५४२ | ३३४४ | | १६२३३ |
| अनुमानित मासुको मूल्य (रु. १० लाखमा) | ८६६ | ३०१० | ७०८ | ६६९ | | ५२५३ |
| गाई/भैँसीको दूध उत्पादन (मे.टन) | ४३०९३ | | | | २०७१ | ४५१६४ |
| दूधको अनुमानित मूल्य (रु. १० लाखमा) | २५८५ | | | | १२४ | २७०९ |
| मासु र दूध उत्पादनमा पुगेको योगदान (रु. १० लाखमा) | ३४५१ | ३०१० | ७०८ | ६६९ | १२४ | ७९६२ |

## साना किसान नविकरणीय ऊर्जा कार्यक्रम

यू. एन. सी. डी. एफ / क्लिन स्टार्टसँग सहकार्य गरी बैङ्कले साना किसान वातावरण तथा नविकरणीय ऊर्जा कार्यक्रम सञ्चालन गरेको छ । ग्रामीण दुर्गममा बिजुली-बत्ती र सुविधायुक्त ऊर्जा प्रणालीबाट विमुख रहेका साना किसान तथा विपन्न परिवारहरूमा सौर्य ऊर्जा, बायोग्यास, धूवाँरहित चुल्हो र सुलभ शौचालय आदिको उपयुक्त सेवा पुर्‍याउने यो कार्यक्रमबाट वि. सं. २०७१ बैशाख देखि ३ वर्षमा लगभग ४० हजारभन्दा बढी परिवार लाभान्वित हुने लक्ष्य राखिएको थियो । आ.व. २०७१/७२ को अन्तसम्ममा आइपुग्दा साना किसानहरुको उत्साहजनक सहभागिता देखिएको छ । यो कार्यक्रम सुरु भएपछि पहिलो आ. व.२०७१/७२ मा ७९ सहभागि संस्था मार्फत घरेलु सौर्य विद्युतको लक्ष्य ८४४० थानमा प्रगति ९२६४ थान अर्थात ११० प्रतिशत प्रगति भएको छ । त्यस्तै वायो ग्यास तर्फ २९ थान लक्ष्य रहेकोमा ८३ थान गोबर ग्यास जडान भई २८६ प्रतिशत प्रगति भइसकेको छ । १८३ थान सुधारिएको चुलो समेत जडान भई समग्रमा ९८ प्रतिशत प्रगति भएको छ । लगानी तर्फ बैंकले रु १३ करोड ७८ लाख ३२ हजार लगानी गरी १४९ प्रतिशत प्रगति भएको छ । समग्रमा किसानहरुमा नविकरणीय उर्जा शीर्षकमा रु १४ करोड ७० लाख २८ हजार ४ सय आठ रकम परिचालन भएको छ ।

**तालिका - १५ : नविकरणीय उर्जा कर्जा कार्यक्रमको प्रगति**

| क्र. सं | नविकरणीय उर्जा प्रकार | | जडान संख्या | ऋण लगानी (रु.हजारमा) |
|---|---|---|---|---|
| १. | बायो ग्यास | | ८३ | ३३३३ |
| २. | सौर्य उर्जा | २० वाट सम्म | ५२६५ | ५१५३५ |
| | | २० वाट माथि | ३९९९ | ९२१६० |
| ४. | सुधारिएको चुलो | | १८३ | ० |
| | जम्मा: | | ९५३० | १४७०२८ |

*आर्थिक वर्ष २०७१/७२ को मात्र*

## नेपाल सरकारको सहयोगमा बैङ्कबाट सञ्चालित कार्यक्रमहरू

### साना किसान सहकारी अनुसरण कार्यक्रम

बैङ्कले ग्रामीण क्षेत्रमा प्रभावकारी दिगो लघुवित्त सेवा प्रवाहका लागि स्थानीय प्रणाली विकास गर्न नवप्रवर्तनीय अभ्यासका रूपमा साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । साना किसान सहकारी अनुसरण कार्यक्रमअन्तर्गत साना किसान सहकारीको लघुवित्त सेवा नपुगेका क्षेत्रका विपन्न तथा साना किसानहरूलाई सङ्गठित गरी आ-आफ्नो गाविसमा आवश्यक लघुवित्त सेवा दिन सक्षम साना किसान सहकारी संस्थाको गठन गरी दिगो र निरन्तर सेवा उपलब्ध हुने व्यवस्था मिलाइन्छ । अनुसरणबाट निर्मित साना किसान सहकारी संस्थाले आफ्ना सदस्यको आर्थिक/सामाजिक विकासका लागि योजना तर्जुमा तथा लघुवित्त सेवाको कार्यान्वयन गर्ने सामर्थ्यसहितको संस्थागत विकासको यो परिकल्पना नेपालको मात्र नभएर अन्य मुलुकलाई समेत अनुसरण योग्य हुने ठानिएको छ । यसबाट ग्रामीण क्षेत्रमा लघुवित्त सेवा प्रदान गर्नमा ठूलो सहयोग पुगेको छ ।

अनुसरण कार्यक्रममा नेपाल सरकारको महत्वपूर्ण सहयोग रहँदै आएको छ । बैङ्कले विश्व बैङ्क अन्तर्गत सीजीएपीबाट प्राप्त पुरस्कार राशीलाई अनुसरण कोषका रूपमा स्थापना गरी साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै

विगतमा अनुसरण कार्यमा जी. आई. जेड. र कृषि विकास बैङ्कको समेत सहयोग रहेको छ। आर्थिक वर्ष २०७१/०७२ मा साना किसान सहकारीको सेवा नपुगेका थप १०० वटा गा.बि.स.मा सो सेवा उपलब्ध गराउन सक्षम स्थानीयस्तरको साना किसान सहकारी संस्था प्रवर्द्धनको कार्य अघि बढाइएको छ। यो समेत २०७२ असार मसान्तसम्ममा देशका विभिन्न ३५२ गा. वि. स. मा अनुसरण कार्यक्रम सञ्चालन भएको र सोमध्ये १८८ भन्दा बढी साना किसान सहकारी संस्थाहरू स्थापना भई स्वतन्त्र रूपमा सञ्चालनमा आइसकेका छन्। ३५२ गाविसमा साना किसान सहकारी संस्थाको स्थापना गर्ने कार्यमा रु. १५ करोड १९ लाख ७२ हजार खर्च भएको छ भने यी संस्थाहरूले २ लाख ५० हजारभन्दा बढी परिवारमा रु. ५ अर्बभन्दा बढीको लघुवित्त सेवा प्रदान गर्दै आएका छन्। यस्तै चालु आर्थिक वर्ष २०७२/७३ मा पनि बैङ्कले नेपाल सरकारको अनुदान सहयोगमा साना किसान सहकारी संस्था लि. को सेवा नपुगेका ग्रामीण क्षेत्रका थप ५० गा. वि. स. मा साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयनका कार्यहरू लक्ष्यअनुसार अघि बढाएको छ।

अन्तर्राष्ट्रिय खाद्य तथा कृषि सङ्गठनको सहयोगमा रुकुम, रोल्पा, सल्यान, प्युठान, अर्घाखाँची र गुल्मीमा ३० वटा गाविसमा भैरहेको साना किसान सहकारी अनुसरण कार्य सुचारु रहेको छ। धादिङ र मकवानपुरका साना किसान कृषि सहकारी जिल्ला संघहरूबाट एग्रिटेरा नेदरल्यान्डको सहयोग जुटाई थप ११ गाविसमा साना किसान सहकारी अनुसरण गर्ने कार्य भएको छ। २०७३ असारसम्ममा अनुसरण कार्यक्रमबाट स्थापना हुने संस्थाको सङ्ख्या ४०२ भन्दा बढी हुनेछ। यसबाट झन्डै ३ लाख साना किसान परिवार लाभान्वित हुनेछन्।

अनुसरण कार्यक्रमको हालसम्मको प्रगति तलको तालिकामा दिइएको छ।

**तालिका १७ : साना किसान सहकारी अनुसरण कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| विवरण | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | कूल जम्मा |
| गा.वि.स. सङ्ख्या | १२ | १२ | १२ | १६ | ७७ | ६० | ६३ | १०० | ३५२ |
| लाभान्वित परिवार संख्या | ८६४० | ८४०० | ८१६० | १०५६० | ४९२८० | ३७२०० | २६७७५ | ५०००० | १९९०१५ |
| खर्च रकम (रु. हजारमा) | २४९९ | ५००० | ४९७९ | ५००० | ३००४९ | २३३०६ | २४१३९ | ५७००० | १५१९७२ |

**तालिम / गोष्ठी / अवलोकन (क्षमता विकास) कार्यक्रम**

तालिम/गोष्ठी कार्यक्रमअन्तर्गत आ. व. २०७१/७२ सम्ममा नेपाल सरकारबाट प्राप्त भएको अनुदान रु. रु.४ करोड ८० लाख प्राप्त भएको र सो सहयोगबाट विभिन्न किसिमका १९५३ वटा तालिममा ७८ हजार ४६६ साना किसान सदस्यले सहभागी हुने अवसर प्राप्त गरेका छन्। यस तालिम/गोष्ठीअन्तर्गत आ. व. २०७१/७२ सम्म रु. चार करोड चौरानब्बे लाख उन्नाइस हजार खर्च भएको छ। यसबाट साना किसानहरूलाई सहकारी व्यबस्थापन, नेतृत्व तथा क्षमता विकास तथा परियोजना सञ्चालन सीप हासिल गर्न महत्वपूर्ण योगदान पुगेको छ। आ. व. २०७१/७२ मा मात्र नेपाल सरकारबाट उपलब्ध रु. ९० लाख अनुदान सहयोग अन्तर्गत विभिन्न किसिमका १५५ तालिम/गोष्ठी सञ्चालन भई सात हजार छ सय पचहत्तर जना लाभान्वित भएका छन्। यससम्बन्धी विस्तृत विवरण तल तालिकामा दिइएको छ।

**तालिका १८ : तालिम / गोष्ठी (क्षमता विकास) कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| विवरण | आर्थिक वर्ष (रु. हजारमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७ | ६७/६८ | ६८/६९ | ६९/७० | ७०/७१ | ७१/७२ | जम्मा |
| तालिम सङ्ख्या | २६४ | ३०५ | १८९ | २७७ | १८२ | २४० | १६५ | १७६ | १५५ | १९५३ |
| सहभागी सङ्ख्या | ८८८५ | १०३५२ | ८२६५ | ८१६५ | ८३३८ | ८५४१ | ९२३५ | ९०१० | ७६७५ | ७८४६६ |
| संस्थाले व्यहोरेको रु. | ० | ० | ० | ० | १२ | ० | १७ | २८ | १५ | ७२ |
| अनुदान खर्च रु. | ३५०१ | ३५०१ | ३६९७ | ३४६२ | ९०६१ | ४६१६ | ४९२५ | ७५८४ | ९००० | ४९३४७ |
| कूल खर्च रु. | ३५०१ | ३५०१ | ३६९७ | ३४६२ | ९०७३ | ४६१६ | ४९४२ | ७६१२ | ९०१५ | ४९४१९ |

**सामाजिक/सामुदायिक एवं पूर्वाधार विकास कार्यक्रम**

ग्रामीण क्षेत्रमा सुलभ शौचालय, विद्यालय मर्मत, पुलपुलेसो, कुलोमर्मत, कृषिसडक स्याहार-सम्भार, बृक्षरोपण, पशु उपचार शिविर, उन्नत नश्लका बीउ पशुको व्यवस्था, पशु भ्याक्सिन, सामुदायिक भवन, तालिम भवन, बालविकास, कृषि औजार, स्ट्रेचर आदि सामाजिक/सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्थाहरूलाई स-सानो सहयोग उपलब्ध गराइन्छ। यसमा जनसहभागिता जुटाई आ. व. २०७१/७२ मा संस्थाहरूले विभिन्न २४३ वटा कार्यक्रम सञ्चालन गरी त्यसबाट १ लाख ४९ हजार

२ सय ५२ परिवार लाभान्वित हुने अवसर प्रदान गरेका छन् । उक्त कार्यक्रम सञ्चालन गर्दा लागेको कूल खर्च रकम रु. ५ करोड ६ लाख ४१ हजारमध्ये संस्थाका तर्फबाट उल्लेखनीय योगदान (आन्तरिक ७१% मध्ये संस्थाको लागत ४९% र जनसहभागिता २२%) रहेको छ भने अनुदान सहयोग २९% मात्र रहेको छ ।

यस कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७१/७२ सम्म कूल जम्मा रु. तीन करोड ९० लाख ७९ हजार अनुदान उपलब्ध गराइएकोमा सोबाट कूल पाँच लाख ९५ हजार ९६ साना किसान परिवार लाभान्वित भएकाछन् । जस अन्तर्गत हुने १६६२ कार्यक्रम कार्यान्वयन भएका छन् । यसबाट रु. २२ करोड ३८ लाख ५३ हजार बराबरको सामाजिक/सामुदायिक विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ । संस्थाहरूले निर्माण गरेका सामुदायिक भवन, खानेपानी, सडक, वातावरण संरक्षणका पूर्वाधारहरूको वर्तमान मूल्य हेर्ने हो भने यसबाट अर्बौं मूल्यका सामाजिक सम्पत्तिको विकास भएको छ । यससम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १९ : सामुदायिक एवं पूर्वाधार विकास कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| विवरण | आर्थिक वर्ष (रु हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ६४/६५ | ६५/६६ | ६६/६७ | ६७/६८ | ६८/६९ | ६९/७० | ७०/७१ | ७१/७२ | जम्मा |
| कार्यक्रम सङ्ख्या | ३२३ | १७७ | १३७ | १०८ | १६२ | १४० | १९४ | २४३ | १६६२ |
| लाभान्वित परिवार | ११२५५ | ५५४१२ | ११६६८३ | ३२०३५ | ७५२५६ | ६२६०० | ८३०४५ | १४९२५२ | ५९५०९६ |
| संस्थाले व्यहोरेको रकम | १४४५ | २३८१४ | ३७९९ | १०५७३ | २८३२२ | २०२६६ | १८५०५ | २४६२० | १३२७८९ |
| जनसहभागिता रकम | १३४५ | २३५३ | २६१९ | १५६८ | १९२६६ | ४७४८ | ७७२० | ११०२१ | ५१९८५ |
| अनुदान खर्च रकम | १५०० | १५०० | १४९७ | १५०० | ४९८३ | ४१०० | ७५०० | १५००० | ३९०७९ |
| कूल खर्च रकम | ४२९० | २७६६७ | ७९१५ | १३६४१ | ५२५७१ | २९११४ | ३३७२५ | ५०६४१ | २२३८५३ |

**मासुजन्य पशुधन प्रवर्द्धन कार्यक्रम :**

मासुजन्य पशुधन प्रवर्द्धन कार्यक्रमअन्तर्गत बैङ्कले आ. व. २०७१/७२ मा पशुपालन व्यवस्थापन, उपचार तथा पशुधन सुरक्षण जस्ता विभिन्न १६६ वटा तालिम, उन्नत नश्लका बोका वितरण र सो सँग सम्बन्धित अन्य कार्यक्रम गरी २७५ कृयाकलापहरु सम्पन्न भएका छन् । उक्त कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त अनुदानमध्ये रु. एक करोड खर्च भएको छ । बैङ्कबाट आर्थिक वर्ष २०६७/६८ देखि पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन भएकोमा सो कर्जा कार्यक्रमलाई सहयोग पुर्‍याउने उद्देश्यले आर्थिक वर्ष २०६८-६९ देखि सुरु गरिएको यस पशुपालन प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानका लागि हाते पुस्तिका, मासुजन्य पशुपालनका लागि उपयोगी ब्रोसर/पम्पलेट, भिडियो सामाग्री तयारी र प्रदर्शन, १०० जनालाई पशुस्वास्थ्य कार्यकर्ताको ३५ दिने प्राविधिक तालिम, २२ हजार जनालाई पशुपालन व्यबस्थापन तथा पशुधन सुरक्षण तालिम उपलब्ध गराइएको छ । हालसम्म यसबाट २४ हजारभन्दा बढी लाभान्वित भएका छन् भने यो कार्यक्रमअन्तर्गत रु. २ करोड १० लाख ७१ हजार खर्च भएको छ । कार्यक्रमको प्रभावकारिताका आधारमा चालु आर्थिक वर्ष २०७२/७३ मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइएको छ । पशुपालन प्रवर्द्धन कार्यक्रमको प्रगति तल तालिकामा दिइएको छ ।

**तालिका २० : पशुपालन प्रवर्द्धन कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| विवरण | आर्थिक वर्ष (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|
| | ६८/६९ | ६९/७० | ७०/७१ | ७१/७२ | जम्मा |
| तालिम तथा कार्यक्रम सङ्ख्या | १३९ | ११२ | १७३ | २७५ | ६९९ |
| लाभान्वित परिवार सङ्ख्या | ५८१७ | ४२२८ | ५३६८ | ८७६९ | २४१८२ |
| संस्थाले व्यहोरेको खर्च रकम | ४६ | ४९ | ३१ | ३२ | १५८ |
| बैङ्कले व्यहोरेको अनुदान खर्च रकम | ४७०० | २८४२ | ३३७१ | १०००० | २०९१३ |
| कूल खर्च रकम | ४७४६ | २८९१ | ३४०२ | १००३२ | २१०७१ |

**पशुधन सुरक्षण कार्यक्रम**

पशुधन सुरक्षण कार्यक्रमअन्तर्गत आ. व. २०७१/७२ मा बैङ्कको समन्वयमा साना किसान सहकारी संस्थाहरूले १३ हजार आठ सय ८९ परिवारका रु. ९५ करोड ८६ लाख मूल्यका ४१ हजार ४ सय ८७ वटा पशुको सुरक्षण कार्यक्रम सञ्चालन गरेका छन् । आ. व. २०७१/७२ बाट सुरक्षण शुल्क र उक्त शुल्कमा नेपाल सरकारको अनुदानबाट व्यहोरिने हिस्साको अनुपातमा परिवर्तन भएको कारण प्रतिवेदन आ.व.को अन्त्यसम्ममा सरकारी अनुदानबाट भएको खर्च किसानबाट व्यहोरिएको सुरक्षण शुल्क भन्दा

बढी रहेको छ । यसरी आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७१/७२ सम्ममा ४१ हजार नौ सय ३४ पशुपालक किसान परिवारका कूल १ अर्ब ८९ करोड ३३ लाख मूल्यका एक लाख नौ हजार नौ सय १२ वटा पशुवस्तुको सुरक्षण गर्दा लागेको कूल खर्च रकम रु. १४ करोड ५७ लाख ५५ हजारमध्ये नेपाल सरकारबाट प्राप्त अनुदानको योगदान ५९ प्रतिशत र पशुपालक साना किसानहरूको योगदान ४१ प्रतिशत रहेको छ । साना किसान सहकारी संस्था लि. हरूबाट आर्थिक वर्ष २०६८/६९ अघि कृषि विकास बैङ्कमार्फत समेत यो कार्यक्रम कार्यान्वयन हुँदै आएको थियो र सो समेतबाट २०७१ असार मसान्तमा रु. १७ करोडको हाराहारीमा यस कोषमा संस्था स्तरमा रकम जम्मा भएको छ । बैङ्कबाट कार्यक्रम सञ्चालन भएको अवधिको वार्षिक प्रगति तल तालिकामा दिइएको छ ।

**तालिका २१ : पशुपालन प्रवर्द्धन अन्तर्गत पशुधन सुरक्षण कार्यक्रमको आर्थिक वर्षअनुसारको प्रगति विवरण**

| विवरण | आर्थिक वर्ष (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|
| | ६८/६९ | ६९/७० | ७०/७१ | ७०/७१ | जम्मा |
| सुरक्षण भएको पशुसङ्ख्या | ३१३०३ | १८६६९ | १८४५३ | ४१४८७ | १०९९१२ |
| लाभान्वित साना किसान परिवार | ११८४५ | ७२४१ | ८९५९ | १३८८९ | ४१९३४ |
| पशुपालक किसानले व्यहोरेको रकम | १०६५२ | १५४२७ | २०६५६ | १३०७१ | ५९८०६ |
| बैङ्कले व्यहोरेको अनुदान खर्च रकम | १०६५२ | १५४२७ | २०६५६ | ३९२१४ | ८५९४९ |
| कूल खर्च रकम | २१३०४ | ३०८५४ | ४१३१२ | ५२२८५ | १४५७५५ |

## सरकार तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा सञ्चालित अन्य कार्यक्रमहरु

### किसानका लागि उन्नत बीउविजन कार्यक्रम

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालन हुने ‘किसानका लागि उन्नत बीउबिजन कार्यक्रम’ मा सहकार्य गर्न यस बैङ्क र कृषि विकास मन्त्रालयबीच सम्झौता भई रुकुम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ६ जिल्लाका ३० गाविसमा साना किसान सहकारी अनुसरण कार्य भइरहेको छ । यस कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घले समाज परिचालन र संस्थागत विकाससम्बन्धी कार्य गर्दै आएको छ भने बैङ्कले लघुवित्त सेवाका सम्पूर्ण कार्य गर्दै आएकोछ ।

### साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम

कृषिसम्बन्धी ज्ञान, सीप र अभ्यास प्रदान गरी युवाहरूमा व्यावसायिक कृषी क्षमता बढाउन नेपालका लागि इजरायली राजदूतावासको सहकार्यमा ‘साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम’ सञ्चालन गरिएको छ । यस कार्यक्रमअन्तर्गत साना किसान परिवारका विद्यार्थीहरूलाई उन्नत कृषिप्रणालीसम्बन्धी तालिमका लागि इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा अध्ययनका लागि सहभागी गराइन्छ । १० महिना अवधिसम्म सञ्चालन हुने उक्त तालिममा साताको १ दिन सैद्धान्तिक कक्षा र ५ दिन अनुसन्धानमुखी प्रयोगात्मक कार्य सञ्चालन हुनेछ । प्रयोगात्मक कार्यका लागि तालिमका सहभागीहरूले इजरायली नियम र मापदण्डअनुसारको पारिश्रमिक प्राप्त गर्नेछन् । तालिमको अन्त्यमा सहभागीहरूले सिकेका कुराहरूको प्रस्तुतिसहित सो तालिम केन्द्रमा अनुसन्धान प्रतिवेदन बुझाउनुपर्नेछ ।

सन् २०१५/१६ का लागि समेत साना किसान बैङ्कसँग आबद्ध भएका विभिन्न जिल्लाका साना किसान कृषि सहकारी संस्थाका सदस्य साना किसान परिवारका योग्य र इच्छुक व्यक्तिहरूमध्येबाट गोलाप्रथा एवं अन्तर्वार्ता विधिबाट विद्यार्थीहरूको छनौट गरी ४२३ बिद्यार्थीलाई यस कार्यक्रममा सहभागी गराई सकिएको छ । अघिल्लो वर्ष यस कार्यक्रममा ७२० जना विद्यार्थीहरूले भाग लिएकोमा तालिम पूरा गरी नेपाल फर्किसकेका छन् । धादिङ्ग र मकवानपुरका झण्डै १०० जना विद्यार्थीहरुलाई त्यस क्षेत्रमा विनासकारी भुकम्पको बढी असर परेकोले केही राहत मिलोस भनी सम्बन्धित तालिम अर्को १० महिनाको अवधि बढाइएकोले तालिममा नै रहेका छन् । यस प्रकारका तालिमबाट साना किसान परिवारका विद्यार्थीहरूमा सीप तथा क्षमतामा अभिवृद्धि भई नेपालकै कृषिक्षेत्रका लागि महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ । इजरायलको यो कृषि तालिमबाट फर्केका विद्यार्थीहरूले सिकेका सीप, प्रविधि र ज्ञानको प्रसारबाट सम्बन्धित गाउँका अन्य साना किसानहरू समेत लाभान्वित भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ । आबद्ध साना किसान कृषि सहकारी संस्थाहरूमार्फत साना किसान विकास बैङ्कको वित्तीय सेवासमेत प्राप्त गरी यी विद्यार्थीहरू स्वयम्ले स्वदेशमा नै व्यावसायिक कृषि परियोजनाहरू सञ्चालन गरी विपन्न र साना किसानहरूको जीवनमा परिवर्तन ल्याउन उदाहरण बन्नेछन् भन्ने आशा राखिएको छ ।

### साना किसान सूचना प्रविधि विकास कोष

आजको सूचना-प्रविधिको युगमा सबै ग्रामीण सहकारी संस्थाहरूको सूचना-प्रविधिमा सहज पहुँच हुनुपर्छ भन्ने बैङ्कको मान्यता रहेको छ। बैङ्क तथा संस्थाका जनशक्तिहरूमा सूचना-प्रविधिसम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्न, यससम्बन्धी आवश्यक न्यूनतम उपकरण, यन्त्र र सुविधाहरू विस्तार गर्न र यस प्रकारका कार्यहरूलाई यथाशक्य निरन्तरता दिन बैङ्कमा एक सूचना-प्रविधि विकास कोष खडा गरिएको छ । यस कोषमा दातृ तथा सहयोगी निकायहरूबाट प्राप्त सहयोग, सहभागी संस्थाहरूको योगदान र बैङ्कको सहयोग रहनेछ । हाल यस कोषमा रु. १० लाख मौज्दात रहेको छ ।

यसै सिलसिलामा विभिन्न प्रक्रिया पूरा गरी विगतमा १-१ वटाको दरले १०० वटा साना किसान सहकारी संस्थाहरूलाई ल्यापटप वितरण गरी सूचना-प्रविधिमा संस्थाहरूको पहुँच सहज बनाउन सहयोग पुऱ्याइएको थियो ।

नेपालजस्तो भौगोलिक विषमता भएको मुलुकमा लघुवित्तको सहज पहुँच अभिबृद्धि गर्न मोबाइल बैङ्किङ्गको अवधारणा विकास गर्न जरुरी देखिएको छ । यसका लागि सेवाप्रदायक र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग सहकार्य गर्न बैङ्कले पहल गरेको छ । लघुवित्तमा नयाँ र उच्च तहको प्रविधि प्रयोग गरी लघुवित्त सेवालाई सहज रूपमा दुर्गम हिमाली र पहाडी जिल्लाहरूमा अझ प्रभावकारी रूपले विस्तार गर्न बैङ्कले सूचना-प्रविधिलाई महत्वका साथ उपयोग गर्ने सोच रहेको छ ।

### अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा अध्ययन-भ्रमण

अन्तर्राष्ट्रिय लघुवित्तसम्बन्धी कार्यक्रमहरूमा बैङ्कका उच्च पदाधिकारीबाट भाग लिइने र CICTAB, APRACA, UNITERRA, ICA आदि संस्थाबाट सञ्चालन हुने तालिम, गोष्ठि तथा भ्रमण कार्यक्रममा यस बैङ्कका तर्फबाट सहभागिता रहँदै आएको छ । यसैअनुरूप उक्त संस्थाको भारतलगायत अन्य सदस्य देशमा सञ्चालन हुने तालिममा यो बैङ्क र साना किसान सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई पठाउने प्रक्रियालाई निरन्तरता दिइएको छ ।

### साना किसान बाल शिक्षा अभियान

आर्थिक वर्ष २०७०/०७१ देखि साना किसान परिवारका विद्यार्थीहरूमा शैक्षिक स्तरोन्नति र प्रतिस्पर्द्धा सिर्जना गर्न बैङ्कले कार्यक्रम तर्जुमा गरेको छ । प्रवेशिका परीक्षामा विशिष्ट श्रेणीसहित उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने साना किसान परिवारका बालबालिकाहरूलाई पुरस्कारको स्थापनाबाट यस कार्यक्रमको प्रारम्भ गरिएको छ । यस बैङ्कका कार्यक्षेत्रभित्र रहेका प्रत्येक बैङ्क कार्यालयअन्तर्गतमा रहेका साना किसान कार्यक्रममा आबद्ध साना किसान परिवारका बालबालिकाहरूमध्ये आफ्नो क्षेत्रमा विशिष्ट श्रेणीसहित उत्कृष्ट हुने एक-एकजना गरी जम्मा ९ जनालाई जनही रु. २५ हजारको दरले उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिएको छ । चालु आर्थिक वर्ष २०७२/०७३ मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

### विप्रेषण सेवा

वैदेशिक रोजगारीका लागि ग्रामीण क्षेत्रबाट विदेश जानेहरूको सङ्ख्या बढ्दै गएको छ । गाउँठाउँमा विदेशबाट पठाइने रकम सहज ढङ्गले प्राप्त गर्न झेल्नुपरेको कठिनाइ कम गर्न बैङ्कले साना किसान सहकारी संस्थाहरूलाई समेत रेमिट्यान्स कारोबारमा संलग्न गराई घरआँगनमै रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ । ग्रामीण क्षेत्रमा रहेका साना किसान सहकारी संस्थालाई सहज रूपमा रेमिट्यान्स कार्यक्रममा सरिक गराउँदा स्थानीय जनताले ठूलो राहत महसुस गरेको देखिएको छ ।

### साना किसान सम्मेलन २०७१ को आयोजना

बैङ्कले २०७१ साल कार्तिक १६ र १७ गतेका दिन काठमाडौँको होटल याक एन्ड यतीमा साना किसान अभियानमा पहिलोपटक अभूतपूर्व सफलतासहित साना किसान सम्मेलन, २०७१ सम्पन्न गरेको थियो । त्यसमा साना किसानहरूका तर्फबाट करिब आठ सयजना र अभियानसँग सम्बन्धित एवं अभियानलाई सहयोग गर्ने सरोकारवाला सङ्घ-संस्था र व्यक्तिका तर्फबाट समेत गरी १२ सयजतिको सहभागिता रहेको थियो । सम्मेलनमा साना किसान अभियानलाई सघाउ पुऱ्याउने खालका महत्वपूर्ण २४ कार्यपत्रहरू प्रस्तुत भएका थिए । साथै, आगामी १० वर्षभित्र साना किसान सहकारीको कार्यक्षेत्रभित्र गरिबी उन्मूलन हुने गरी कार्यक्रम तय गरी कार्यान्वयन गर्ने, बैङ्कमा आबद्ध हुने सहकारी संस्थाको सङ्ख्या १ हजार र गाविस १३ सय पुऱ्याउने र १० लाख परिवारमा साना किसान सहकारी संस्थाको सेवा पुऱ्याउने घोषणा समेत सम्मेलनले गरेको थियो । सोही सम्मेलनको घोषणा समेतलाई मध्यनजर गरी बैङ्कका कार्यक्रमहरु तर्जुमा गर्दै आएको छ ।

# बैंकमा आवद्ध संस्थाहरु एवं सेवा विस्तार

ग्रामीण क्षेत्रका विपन्न, सीमान्तकृत तथा साना किसानहरूको स्वामित्व र व्यवस्थापनमा सञ्चालन हुने साना किसान सहकारी संस्था लि. र समान प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने संस्थाहरूमार्फत लक्षित वर्गमा लघुवित्त सेवा पुऱ्याउन त्यस किसिमका संस्थाहरूको निर्माण र बैङ्कसँग आबद्ध गराउने कुरालाई महत्व दिइएको छ । आ. व. २०७०/७१ का अन्तसम्ममा ४२८ वटा संस्थाहरू यस बैङ्कसँग आबद्ध रहेकोमा आ. व. २०७१/७२ को अन्तसम्ममा १९% ले वृद्धि भई ५१० पुगेको छ भने २०७२ कार्तिक सम्म संस्था संख्या ५१४ पुगेका छन् । हिमाली ५, पहाडी ३२ र तराईका २० गरी ५७ जिल्लामा रहेका ती संस्थाहरूमा २०७२ कार्तिक मसान्तसम्ममा४,७४,४८० विपन्न तथा साना किसान परिवार आबद्ध रहेका छन् भने देशको विभिन्न ग्रामीण भेगहरुमा साना किसान संस्थाहरु निर्माण गरिदिन धेरै माग आइरहेको छ । यस बैङ्कसँग आबद्ध संस्थाहरूका केही सूचक र तथ्याङ्कहरू तालिका - २२ मा प्रस्तुत छ ।

**तालिका - २२ : बैंकमा आबद्ध संस्थाका केही तथ्याङ्क (२०७२ कार्तिक मसान्त)**

| क्र.सं. | विवरण | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७०/७१ | २०७२ कार्तिक |
|---|---|---|---|---|---|---|---|---|
| १ | आबद्ध संस्था सङ्ख्या | २३४ | २५१ | २९१ | ३९१ | ४२८ | ५१२ | ५१४ |
| २ | महिला संस्था सङ्ख्या | २६ | ४२ | ७३ | १०९ | १२६ | १९३ | १९६ |
| ३ | समूह सङ्ख्या | २४,४१२ | २८,४२३ | ३२,३५९ | ४०,९९१ | ४५,६३८ | ६०,३३४ | ६२७०४ |
| ४ | सदस्य सङ्ख्या | १५९७६७ | १८९८७७ | २३०२२५ | ३२३३८४ | ३७६९५७ | ४६०५९० | ४७४४८० |
| ५ | महिला सदस्य | ५९% | ६३% | ६६% | ६७% | ७०% | ७२% | ३४६९५३ |
| ६ | सेयर पुंजी (रु. लाखमा) | २६०९ | ४५३० | ६२४६ | १०४८८ | १४६१८ | २०३२४ | २१७९७ |
| ७ | कूल आन्तरिक पुंजी निर्माण (रु. लाखमा) | १९०२१ | २९९२९ | ३९४९९ | ६५२७३ | ९१२०५ | १३२४६६ | १३९७१९ |
| ८ | लगानीमा रहिरहेको कर्जा (रु. लाखमा) | ३३५५१ | ४९८१६ | ६५६८७ | १०४४२२ | १४६९०५ | २०७३४८ | २१७०७७ |
| ९ | लगानीमा रहिरहेको बृद्धि % | ४४% | ४८% | ३२% | ५९% | ४१% | ४१% | ४.७०% |
| १० | कर्जा असुली दर % | ९१.५९% | ९५.२२% | ९५.४४% | ९७.४६% | ९७.६८% | ९७% | ९४% |

बैङ्कले लघुवित्त सेवा प्रदान गरेका संस्थाहरूको आ.व. २०७२/७३ कार्तिक मसान्तसम्मको लगानीमा रहीरहेको कर्जा रु. २१ अर्ब ७० करोड ७७ लाख पुगेको छ, जसमध्ये आबद्ध संस्थाहरूले रु. १३ अर्ब ९७ करोड १९ लाख (६४.३६%) आन्तरिक पुँजी निर्माण गरी परिचालन गरेका छन् । यस तथ्यबाट संस्थाहरूको आत्मनिर्भरता र वित्तीय सक्षमतामा बृद्धि भएको पुष्टि हुन्छ । २०७२ साल

**तालिका - २३ : बैंकमा आबद्ध संस्थाहरूको अवस्थिति तथा अवस्था (२०७२ कार्तिक मसान्त)**

| विकास क्षेत्र | जिल्ला संख्या | संस्था संख्या | गाविस संख्या | कुल परिवार संख्या | सेयर पुंजी रु. हजारमा | आन्तरिक पुंजी रु. हजारमा | लगानीमा रहेको रकम रु. हजारमा | महिला सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|
| **पूर्वाञ्चल** | १३ | १२२ | १५४ | ८५७३२ | ४५८९१९ | २५५७६१७ | ३५६१०२१ | ६२३४७ |
| हिमाल | २ | ३ | ३ | १०९७ | ६०९४ | ४०६०७ | ४३४०० | ४९४ |
| पहाड | ६ | ३१ | ५० | १६३५५ | ६७८७६ | ३१४१०३ | ४६३२१६ | १२०९९ |
| तराई | ५ | ८८ | १०१ | ६८२८० | ३८४९४९ | २२०२९०७ | ३०५४४०५ | ४९७५४ |
| **मध्यमाञ्चल** | १७ | १७५ | २६३ | १९०६७६ | ७७७४७२ | ५६०९९९८ | ८७५३१११ | १३३६४४ |
| हिमाल | ३ | २५ | ६१ | ५४१७९ | १९९२९३ | १६००८४१ | १६९३२९२ | २८५८५ |
| पहाड | ७ | ७६ | ८५ | ५९०५५ | २४१६०२ | १५४३३३६ | २३७८११३ | ४४९४१ |
| तराई | ७ | ७४ | ११७ | ७७४४२ | ३३६५७७ | २४६५८२१ | ४६८१७०६ | ६०११८ |
| **पश्चिमाञ्चल** | १४ | ११२ | १९९ | १०९८१२ | ५३५४६८ | ३९३७००२ | ५८७५९१४ | ८००११ |
| पहाड | ११ | ६६ | १३० | ५४१२१ | २५५५३५ | १३३९५६३ | २०७१९७३ | ३८५७७ |
| तराई | ३ | ४६ | ६९ | ५५६९१ | २७९९३३ | २५९७४३९ | ३८०३९४१ | ४१४३४ |
| **मध्य पश्चिमाञ्चल** | ८ | ७९ | १०२ | ५८४३३ | ३०२५५९ | १३३३५१६ | २४९०५७९ | ४८००७ |
| पहाड | ५ | २८ | ४४ | १८९२५ | ७९४५१ | ३७४८८८ | ५९९१२८ | १४८८८ |
| तराई | ३ | ५१ | ५८ | ३९५०८ | २२३१०८ | ९५८६२८ | १८९१४५१ | ३३११९ |
| **सुदुर पश्चिमाञ्चल** | ५ | २६ | ३५ | २९८२७ | १०५३१४ | ५३३७६७ | १०२७०५८ | २२९४४ |
| पहाड | ३ | ६ | ६ | ५५६१ | ६५०३ | ५४४४२ | १२९५८८ | २६८७ |
| तराई | २ | २० | २९ | २४२६६ | ९८८११ | ४७९३२५ | ८९७४७० | २०२५७ |
| **कुल जम्मा** | ५७ | ५१४ | ७५३ | ४७४४८० | २१७९७३२ | १३९७१९०० | २१७०७६८३ | ३४६९५३ |
| हिमाल | ५ | २८ | ६४ | ५५२७६ | २०५३८७ | १६४१४४८ | १७३६६९२ | २९०७९ |
| पहाड | ३२ | २०७ | ३१५ | १५४०१७ | ६५०९६७ | ३६२६३३२ | ५६४२०१८ | ११३१९२ |
| तराई | २० | २७९ | ३७४ | २६५१८७ | १३२३३७८ | ८७०४१२० | १४३२८९७३ | २०४६८२ |

असार मसान्तसम्ममा संस्थाहरूको कर्जा असुली दर ९४% कायम रहनुले संस्थाको वित्तीय स्वास्थ्य एवं बैङ्कको जोखिमको अवस्था बुझ्न सहज बनाउँछ। २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प तथा त्यस पश्चतका सृङ्खलादद्ध साना तथा ठूला भूकम्प तथा तराईको प्रतिकुल अवस्थाको कारण असुली दरमा ह्रास आएको छ।

भौगोलिक हिसाबमा बैङ्कले ५ वटा हिमाली जिल्लाका २८ वटा सहकारी संस्थामार्फत ६४ गा.वि.स. का ५५हजार २सय ७६ परिवारलाई सेवा पुऱ्याउन सकेको छ। तराईका २० जिल्लामा सबैभन्दा बढी २७९ वटा संस्थाहरु ले जम्मा ३७४ गा.वि.स. मार्फत २ लाख ६५ हजार १ सय ८७ परिवारलाई आवद्ध गराई सेवा प्रदान गर्दैआइरहेका छन्। त्यस्तै ३२ वटा पहाडी जिल्लामा रहेका २०७ संस्थामार्फत ३१५ गा.वि.स.का १ लाख ५४ हजार १७ परिवारमा सेवा पुऱ्याइएको छ। साना किसान विकास बैङ्कको यो कार्यक्रममा आबद्ध साना किसान परिवारले हिमालका ६४ गाविसमा रु. १ अर्ब ७३ करोड ६७ लाख, पहाडका ३१५ गाविसमा रु. ५ अर्ब ६४ करोड २० लाख र तराईका ३७४ गाविसमा रु. १४ अर्ब ३२ करोड ८९ लाख गरी कूल ७५३ गाविसहरूमा रु. २१ अर्ब ७० करोड ७७ लाख बराबरको वित्तीय स्रोत परिचालन गरेका हुन्। यो मध्ये ६४.३६% वित्तीय स्रोत आन्तरिक रुपमा पुंजी निर्माण गरी परिचालन गर्न संस्थाहरु सक्षम भएका छन्। यी संस्थाहरुले २ अर्ब १७ करोड ९७ लाख त सेयर पुँजीमात्र संकलन गरेका छन्। यो कुल परिचालित रकमको १० प्रतिशत हो।

विकासक्षेत्रका आधारमा सबैभन्दा बढी मध्यमाञ्चल विकासक्षेत्रका १७ जिल्लामा १७५ वटा संस्थाहरूमार्फत २६३ गाविसका १ लाख ९० हजार ६ सय ७६ परिवारमा सेवा पुगेको छ भने सबैभन्दा कम सुदूरपश्चिमाञ्चल विकासक्षेत्रको ५ जिल्लामा २६ वटा संस्थाहरूमार्फत ३५ गाविसका २९ हजार ८ सय २७ परिवारमा सेवा पुगेको छ। बैङ्कले सेवा विस्तार गरेका सहकारी संस्थाहरूको अवस्थिति र अवस्था तालिका नं. २२ मा देखाइएको छ।

## महिला सहभागितामा जोड

यस बैङ्कमा आबद्ध साना किसान सहकारी संस्था र समान प्रकृतिका अन्य लघुवित्त कार्य गर्ने संस्थाहरूमा आबद्धमध्ये ७३% सदस्यहरू महिला रहेका छन्। महिलामात्र सहभागी भई सञ्चालन गरेका सहकारी संस्थाहरुको संख्या हिमाली जिल्लामा २, पहाडी जिल्लामा ७१ र तराईका जिल्लामा १२३ गरी कुल १९६ पुगेको छ भने यी संस्थाले कुल २२८ गा. वि.स.मा सेवा विस्तार गरेका छन्। यी संस्थामा एक लाख ५१ हजार ३ सय ९६ परिवार आवद्ध रहेका छन्। यी महिला संस्थाहरूको मात्र लगानीमा रहेको ऋण रु. ५ अर्ब १३ करोड ९३ लाख पुगेको छ। यी संस्थाहरुमा भा.ना. कर्जा १.२३% प्रतिसत भन्दा कम रहेको छ।

**तालिका - २४ : महिला साना किसान सहकारी संस्थाहरूको अवस्थिति एवं अवस्था (२०७२ कार्तिक मसान्त)**

| विकास क्षेत्र | संस्था संख्या | गा वि स संख्या | कुल परिवार संख्या | सेयर पुँजी रु. हजारमा | आन्तरिक पुँजी रु. हजारमा | लगानीमा रहेको रु. हजारमा | भा.ना.रकम |
|---|---|---|---|---|---|---|---|
| **पूर्वाञ्चल** | ४४ | ५१ | २८२२८ | ८६२३४ | ३४०४३२ | ७२५०८८ | १२४३१ |
| पहाड | ९ | १५ | ६०८३ | १५४४९ | ७६८०२ | १६३०२० | ८५ |
| तराई | ३५ | ३६ | २२५१४ | ७०७८५ | २६३६३० | ५६२०६८ | १२३४६ |
| **मध्यमाञ्चल** | ६० | ६९ | ५३६२२ | १७७४३१ | १२६६५२६ | २१९८९९२ | १६९७९ |
| हिमाल | २ | ३ | ११३० | १८२१ | १६७३८ | ३०६८९ | २१२ |
| पहाड | ३२ | ३४ | २२६२० | ६३५४२ | ३२२३२७ | ६५००६२ | ५३६३ |
| तराई | २६ | ३२ | २९८७२ | ११२०६८ | ९२७४६१ | १५१८२४१ | ११४०४ |
| **पश्चिमाञ्ल** | ३४ | ४४ | २८२८९ | १०१८५४ | ७२४६९४ | ११३७५९४ | ७८५२ |
| पहाड | १६ | २२ | १०८२१ | ३१५२७ | १४१२९६ | २७००२२ | १२३ |
| तराई | १८ | २२ | १७४६८ | ७०३२७ | ५८३३९८ | ८६७५७२ | ७७२९ |
| **मध्य पश्चिमाञ्ल** | ४४ | ४७ | २८१२४ | १०२७२१ | ३८८१५० | ६७०९४६ | २०३९ |
| पहाड | १४ | १४ | ८६४१ | ३३६९० | १३८५१० | २२१६८० | ११७ |
| तराई | ३० | ३३ | १९४८३ | ६९०३१ | २४९६४० | ४४९२६६ | १९२२ |
| **सुदुर पश्चिमाञ्ल** | १४ | १७ | १४८०३ | ५१४४८ | २०११६९ | ४०६७४८ | ७६३५ |
| तराई | १४ | १७ | १४८०३ | ५१४४८ | २०११६९ | ४०६७४८ | ७६३५ |
| **कुल जम्मा** | १९६ | २२८ | १५३४३५ | ५१९६८८ | २९२०९७१ | ५१३९३६८ | ४६९३६ |
| हिमाल | २ | ३ | ११३० | १८२१ | १६७३८ | ३०६८९ | २१२ |
| पहाड | ७१ | ८५ | ४८१६५ | १४४२०८ | ६७८९३५ | १३०४७८४ | ५६८८ |
| तराई | १२३ | १४० | १०४१४० | ३७३६५९ | २२२५२९८ | ३८०३८९५ | ४१०३६ |

यी संस्थाहरुले कुल लररको ५७% रकम आन्तरिक पुंजी निर्माणबाट पुरा गरेकाछन् भने रु. ५१ करोड ९६ लाख ८८ हजार सेयर पुँजी संकलन भएको छ। यी संस्थाहरूको असुली दर उच्च हुनु, सञ्चालन खर्च कम हुनु, सक्रिय सहभागिता रहनु, महिलाहरूको सशक्तीकरण हुनु जस्ता कुराहरूले गर्दा बैङ्कले आगामी दिनमा पनि महिला सहभागितालाई जोड दिई कार्यक्रम विस्तार गर्ने रणनीति लिएको छ।

# लेखापरीक्षण प्रतिवेदन





Khagendra & Associates
Chartered Accountants

G.P.O. 13867
Old Baneshwor - 10, Kathmandu
Tel. : 4467567
E-mail : kassociates@wlink.com.np

## साना किसान विकास बैंक लिमिटेडको
## शेयरधनी महानुभावहरु समक्ष पेश गरिएको स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले साना किसान विकास बैंक लिमिटेडको यसैसाथ संलग्न ३१ आषाढ २०७२ को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव, इक्वीटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरुप्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफनो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले नेपाल लेखापरीक्षण मान तथा लेखापरीक्षणको सर्वमान्य सिद्दान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान अनुसार योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्वन गरेका लेखा सिद्दान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. कम्पनी ऐन, २०६३ र बैंक तथा वित्तीय संस्था ऐन, २०६३ बमोजिम देहाय अनुसार प्रतिवेदन रहेको छ ।

क) लेखापरीक्षणको सम्बन्धमा सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथाशीघ्र पायौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब प्रचलित कानून बमोजिम ठीकसँग राखिएको छ ।

ग) कम्पनीको इलाका कार्यालयहरुबाट प्राप्त विवरण (सम्पूर्ण इलाका कार्यालयहरुको स्वतन्त्र लेखापरीक्षण नगरिएको भएतापनि) हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थियो ।

घ) यस प्रतिवेदनसंग सम्वन्धित वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन एवं तत्सम्बन्धि अनुसूचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढांचा र उक्त विवरणहरु कम्पनीले राखेको लेखासंग दुरुस्त रहेको छ ।

ङ) हाम्रो रायमा कम्पनीले प्रचलित कानून बमोजिम हिसाब किताव, खाता वही, श्रेस्ता र लेखा ठीकसँग राखेको छ ।

च) हाम्रो रायमा तथा हामीलाई प्राप्त जानकारी एवं दिइएका स्पष्टिकरण र कम्पनीको हिसाब किताबको परीक्षणबाट सञ्चालक समिति वा सोका कुनै सदस्य वा कुनै कर्मचारीले कानूनी व्यवस्था विपरीत कामकाज गरेको वा कम्पनीलाई हानी नोक्सानी गरेको वा हिनामिना गरेको पाइएन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको उल्लघंन गरेको वा कम्पनी तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको र लेखा सम्बन्धि कुनै जालसाजी गरेको जानकारीमा आएन ।

छ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा कम्पनीको कारोवार सन्तोषजनक रहेको तथा आफ्नो कार्यक्षेत्र भित्र रहि नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप गरेको पाईयो ।

ज) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा कम्पनीले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पूँजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

झ) हाम्रो राय तथा हामीलाई प्राप्त सूचना तथा दिइएका स्पष्टिकरण अनुसार संलग्न वित्तीय विवरणहरुले प्रचलित कानुनका अधिनमा रहि लागु गर्न सकिने हदसम्म नेपाल लेखामान तथा लेखाका सर्वमान्य सिद्दान्तहरु अनुसार साना किसान विकास बैंकको २०७२ आषाढ ३१ गतेको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह स्थिति तथा इक्वीटीमा भएको परिवर्तनको समग्रमा उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ठीकसंग तयार गरिएको छ ।

Khagendra & Associates
Kathmandu Nepal
Chartered Accountants

मिति: २०७२।०८।११
स्थान: काठमाडौं, नेपाल

सिए खगेन्द्र भट्टराई
खगेन्द्र एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

# साना किसान विकास बैंक लिमिटेड

## २०७२ साल आषाढ मसान्तको

## वासलात

| | पुंजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | शेयर पुंजी | ४.१ | २८८,३५२,८७५.०० | २३०,६८२,३००.०० |
| २. | जगेडा तथा कोषहरु | ४.२ | ६९९,२०१,५०९.६३ | ६१५,९६५,३४६.९३ |
| ३. | ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. | तिर्न बाँकी कर्जा सापट | ४.४ | ७,१७९,८३०,०१६.१० | ५,२२३,५४३,४६७.८७ |
| ५. | निक्षेप दायित्व | ४.५ | - | - |
| ६. | प्रस्तावित नगद लाभाँश | | ३,०३५,२९३.०० | ३६,४२३,५२१.०० |
| ७. | आयकर दायित्व | | ५,८५१,९४६.३४ | ३३०,१००.१४ |
| ८. | अन्य दायित्व | ४.६ | ६९८,८३३,४१२.५३ | ४९९,७०४,०९५.१४ |
| | कुल पुंजी तथा दायित्व | | ८,८७५,१०५,०५२.६० | ६,६०६,६४८,८३१.०८ |

| | सम्पत्ति | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | नगद मौज्दात (सिक्का समेत) | | १४६,४३४.०० | १२२,५२७.३० |
| २. | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | ३७,५००,०००.०० | ३१,४६६,१७५.०० |
| ३. | बैंक/वित्तीय संस्थामा रहेको मौज्जात | ४.७ | २२७,७८१,२६४.४६ | १४८,८२६,३६६.६६ |
| ४. | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | ३६३,२५७,६१९.७५ | ८५७,८९०,६६३.५८ |
| ५. | लगानी | ४.८ | २०१,०१०,०००.०० | २०१,०१०,०००.०० |
| ६. | कर्जा सापट | ४.९ | ७,९८१,४४२,३३९.०३ | ५,३०५,८१२,५३४.०७ |
| ७. | स्थीर सम्पत्ति | ४.१० | १३,५८४,४७६.१० | १५,२०७,२०२.१७ |
| ८. | गैर बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. | अन्य सम्पत्ति | ४.१२ | ५०,३८२,९१९.२६ | ४६,३१३,३६२.३० |
| | कुल सम्पत्ति | | ८,८७५,१०५,०५२.६० | ६,६०६,६४८,८३१.०८ |

| | |
|---|---|
| सम्भावित दायित्व | अनुसूची ४.१३ |
| सञ्चालकहरुको घोषणा | अनुसूची ४.२३ |
| पुंजीकोष तालिका | अनुसूची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची४.२४(क) |
| प्रमुख सूचकाङ्कहरु | अनुसूची ४.२५ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची ४.२६ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची ४.२७ |

४.१ देखि ४.१२ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन्।

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

झलेन्द्र भट्टराई
बरिष्ठ प्रबन्धक

जलन कुमार शर्मा
प्रमुख कार्यकारी अधिकृत

भुपेश छत्कुली
सञ्चालक

सि.ए. खगेन्द्र भट्टराई
खगेन्द्र एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

उमेश लम्साल
सञ्चालक

रविन्द्र यादव
सञ्चालक

सुखदेव न्यौपाने
सञ्चालक

अरुण कुमार बज्राचार्य
सञ्चालक

अनिल कुमार उपाध्याय
सञ्चालक

खेम बहादुर पाठक
अध्यक्ष

२०७२/०८/११

# साना किसान विकास बैंक लिमिटेड

## मिति २०७१/०४/०१ देखि २०७२/०३/३१ सम्म

## नाफा नोक्सान हिसाव

| | विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | व्याज आम्दानी | ४.१४ | ५५८,४१०,९२५.४६ | ४०८,१२९,२५९.०३ |
| २. | व्याज खर्च | ४.१५ | १९९,११४,१४१.६३ | १७७,२८९,०९६.०९ |
| | खुद व्याज आम्दानी | | ३५९,२९६,७८३.८३ | २३०,८४०,१६२.९४ |
| ३. | कमिसन तथा अन्य संचालन आम्दानी | ४.१६ | १८६,३१९.४७ | १,८५६,९७५.८१ |
| ४. | सटही घटवढ आम्दानी | | - | - |
| | कूल सञ्चालन आम्दानी | | ३५९,४८३,१०३.३० | २३२,६९७,१३८.७५ |
| ५. | कर्मचारी खर्च | ४.१७ | ३५,८७७,२४२.०२ | २७,०८७,२९४.६९ |
| ६. | अन्य सञ्चालन खर्च | ४.१८ | २९,३६६,३३१.८६ | २७,२०५,३०७.३९ |
| ७. | सटही घटवढ नोक्सान | | - | - |
| | सम्भावित नोक्सानी अघिको सञ्चालन मुनाफा | | २९४,२३९,५२९.४२ | १७८,४०४,५३६.६७ |
| ८. | सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | ५४,८९४,२२३.७० | १४,३९०,७८३.६३ |
| | सञ्चालन मुनाफा | | २३९,३४५,३०५.७२ | १६४,०१३,७५३.०४ |
| ९. | गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | २,४१६,१७५.९५ | ३,२७१,७४०.९१ |
| १०. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | - | १४,२१२,२८७.६९ |
| | नियमित कारोवारबाट भएको मुनाफा | | २४१,७६१,४८१.६७ | १८१,४९७,७८१.६४ |
| ११. | असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| | सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा | | २४१,७६१,४८१.६७ | १८१,४९७,७८१.६४ |
| १२. | कर्मचारी वोनस व्यवस्था | | २१,९७८,३१६.५२ | १६,४९९,७९८.३३ |
| १३. | आयकर व्यवस्था | | ६५,७१९,५१६.६९ | ५०,९२०,७८५.२१ |
| | • यस वर्षको कर व्यवस्था | | ६६,६६३,१९९.३७ | ४९,६५४,०७९.३२ |
| | • विगत वर्षसम्मको कर व्यवस्था | | ७,३८७.९० | ८८५,४३४.८८ |
| | • यस वर्षको स्थगन कर आम्दानी/खर्च | | (९५१,०७०.५८) | ३८१,२७१.०१ |
| | खुद नाफा/नोक्सान | | १५४,०६३,६४८.४६ | ११४,०७७,१९८.१० |

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हुन्।

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

झलेन्द्र भट्टराई
बरिष्ठ प्रबन्धक

जलन कुमार शर्मा
प्रमुख कार्यकारी अधिकृत

भुपेश छत्कुली
सञ्चालक

सि.ए. खगेन्द्र भट्टराई
खगेन्द्र एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

उमेश लम्साल
सञ्चालक

रविन्द्र यादव
सञ्चालक

सुखदेव न्यौपाने
सञ्चालक

अरुण कुमार बज्राचार्य
सञ्चालक

अनिल कुमार उपाध्याय
सञ्चालक

खेम बहादुर पाठक
अध्यक्ष

# साना किसान विकास बैंक लिमिटेड

## मिति २०७१/०४/०१ देखि २०७२/०३/३१ सम्म

## नाफा नोक्सान बाँडफाँड हिसाव

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| आम्दानी | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | | ११२,४३१,५००.२० | ७७,७४५,८८७.३६ |
| २. यस वर्षको मुनाफा | | १५४,०६३,६४८.४६ | ११४,०७७,१९८.१० |
| ३. सटही घटबढ कोष | | - | - |
| जम्मा | | २६६,४९५,१४८.६६ | १९१,८२३,०८५.४६ |
| खर्च | | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | | - | - |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडा कोष | | ३०,८१२,७२९.६९ | २२,८१५,४३९.६२ |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरू (कल्याणकारी कोष) | | ७,७०३,१८२.४२ | ५,७०३,८५९.९० |
| ८. प्रस्तावित लाभांश | | ३,०३५,२९३.०० | ३६,४२३,५२१.०० |
| ९. प्रस्तावित बोनस शेयर | | ५७,६७०,५७५.०० | - |
| १०. विशेष जगेडा कोष | | - | - |
| ११. सटही घटबढ कोष | | - | - |
| १२. पुँजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पुँजी समायोजन कोष | | - | - |
| १४. पुनरस्थापना कोष | | ४,६२१,९०९.४५ | ३,४२२,३१५.९४ |
| १५. संस्थागत सुदृढीकरण कोष | | १५,४०६,३६४.८५ | ११,४०७,७१९.८१ |
| १६. लगानी समायोजन कोष | | - | - |
| १७. स्थगन कर जगेडा कोष | | ९५१,०७०.५८ | (३८१,२७१.०१) |
| १८. गत वर्षको समायोजन | | - | - |
| जम्मा | | १२०,२०१,१२४.९९ | ७९,३९१,५८५.२६ |
| १९. सञ्चित मुनाफा/(नोक्सान) | | १४६,२९४,०२३.६७ | ११२,४३१,५००.२० |

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

| | | | |
|---|---|---|---|
| झलेन्द्र भट्टराई<br>वरिष्ठ प्रबन्धक | जलन कुमार शर्मा<br>प्रमुख कार्यकारी अधिकृत | भुपेश छत्कुली<br>सञ्चालक | सि.ए. खगेन्द्र भट्टराई<br>खगेन्द्र एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउण्टेण्ट्स |

| | | | | | |
|---|---|---|---|---|---|
| उमेश लम्साल<br>सञ्चालक | रविन्द्र यादव<br>सञ्चालक | सुखदेव न्यौपाने<br>सञ्चालक | अरुण कुमार बज्राचार्य<br>सञ्चालक | अनिल कुमार उपाध्याय<br>सञ्चालक | खेम बहादुर पाठक<br>अध्यक्ष |

# साना किसान विकास बैंक लिमिटेड

## इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण

## आ.व. २०७१/७२ (रु.)

| विवरण | शेयर पुँजी | सञ्चित नाफा/नोक्सान | साधारण जगेडा कोष | पुँजिगत जगेडा/अनुदान कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | स्थगन कर जगेडा कोष | अन्य जगेडा तथा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | २३०,६८२,३००.०० | ११२,४३१,५००.२० | ६७,६२१,४५८.८७ | २७४,४०९,९३८.४० | - | - | २,३००,४७९.२५ | १५९,२०१,९७०.२१ | ८४६,६४७,६४६.९३ |
| स्थगन कर | - | - | - | - | - | - | - | - | - |
| समायोजित शुरु मौज्दात | २३०,६८२,३००.०० | ११२,४३१,५००.२० | ६७,६२१,४५८.८७ | २७४,४०९,९३८.४० | - | - | २,३००,४७९.२५ | १५९,२०१,९७०.२१ | ८४६,६४७,६४६.९३ |
| समायोजन | - | - | - | - | - | - | - | - | - |
| यस वर्षको नाफा | - | १५४,०६३,६४८.४६ | - | - | - | - | - | - | १५४,०६३,६४८.४६ |
| नाफा बाँडफाँड | - | (५९,४९५,२५६.९९) | ३०,८१२,७२९.६९ | - | - | - | ९५१,०७०.५८ | २७,७३१,४५६.७२ | - |
| शेयर पुँजी थप | ५७,६७०,५७५.०० | - | - | - | - | - | - | - | ५७,६७०,५७५.०० |
| यस वर्ष थप अन्य कोष | - | - | - | (२,६६८,४३५.३४) | - | - | - | २५०,०००.०० | (२,४१८,४३५.३४) |
| प्रस्तावित लाभांश/बोनस | - | (६०,७०५,८६८.००) | - | - | - | - | - | - | (६०,७०५,८६८.००) |
| कर्मचारी कल्याण कोष | - | | - | - | - | - | - | (७,७०३,१८२.४२) | (७,७०३,१८२.४२) |
| आयकर | - | - | - | - | - | - | - | - | - |
| अन्तिम मौज्दात | २८८,३५२,८७५.०० | १४६,२९४,०२३.६७ | ९८,४३४,१८८.५६ | २७१,७४१,५०३.०६ | - | - | ३,२५१,५४९.८३ | १७९,४८०,२४४.५१ | ९८७,५५४,३८४.६३ |

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

झलेन्द्र भट्टराई
बरिष्ठ प्रबन्धक

जलन कुमार शर्मा
प्रमुख कार्यकारी अधिकृत

भुपेश छत्कुली
सञ्चालक

सि.ए. खगेन्द्र भट्टराई
खगेन्द्र एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

उमेश लम्साल
सञ्चालक

रविन्द्र यादव
सञ्चालक

सुखदेव न्यौपाने
सञ्चालक

अरुण कुमार बज्राचार्य
सञ्चालक

अनिल कुमार उपाध्याय
सञ्चालक

खेम बहादुर पाठक
अध्यक्ष

# साना किसान विकास बैंक लिमिटेड

## मिति २०७१/०४/०१ देखि २०७२/०३/३१ सम्म

## नगद प्रवाह विवरण

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| (क) कारोवार संचालनबाट नगद प्रवाह | (१,८६०,५२१,९५०.१८) | (१,४५३,६७१,३९०.२५) |
| १. नगद प्राप्ति | ५४७,५७०,७८६.६५ | ४४२,८२९,७०९.४९ |
| १.१ व्याज आम्दानी | ५४७,३८४,४६७.१८ | ४४०,९७२,७३३.६८ |
| १.२ अपलेखित कर्जाको असुली | - | - |
| १.३ कमीशन तथा अन्य आम्दानी | १८६,३१९.४७ | १,८५६,९७५.८१ |
| २. नगद भूक्तानी | ३२९,९५५,५२७.२७ | ३३१,३९३,५००.७८ |
| २.१ व्याज खर्च | १९८,८१८,२५१.२१ | २२३,६७१,४८८.७२ |
| २.२ कर्मचारी खर्च | ३३,६०४,८२७.०२ | २५,९१७,५८९.६९ |
| २.३ कार्यालय संचालन खर्च | २५,२३९,६२०.२० | २२,४२०,८२६.०२ |
| २.४ आयकर भुक्तानी | ६६,१४८,३४६.०७ | ५४,७१८,००४.७९ |
| २.५ अन्य खर्च | ६,१४४,४८२.७७ | ४,६६५,५९१.५६ |
| कार्यगत पुँजी गतिविधि अघिको नगद प्रवाह | २१७,६१५,२५९.३८ | १११,४३६,२०८.७१ |
| संचालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि) | (२,२५१,१६१,२०५.३६) | (१,६८१,४३८,८९२.२७) |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | ४९४,६३३,०४३.८३ | ५९,१८०,६४६.८२ |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| ३. कर्जामा कमी/(वृद्धि) | (२,७३०,५२४,०२८.६६) | (१,७३३,५६०,३२७.३९) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (१५,२७०,२२०.५३) | (७,०५९,२११.७०) |
| संचालन सम्वन्धि चालु दायित्वमा कमी/(वृद्धि) | १७३,०२३,९९५.८० | ११६,३३१,२९३.३१ |
| १. निक्षेपमा दायित्वमा (कमी/(वृद्धि) | - | - |
| २. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | - | - |
| ३. अन्य दायित्वमा (कमी)/वृद्धि | १७३,०२३,९९५.८० | ११६,३३१,२९३.३१ |
| (ख) लगानी कारोवारमा नगद प्रवाह | ८,४०६,५५२.४५ | (४८,२५१,९३४.४५) |
| १. दीर्घकालिन लगानीमा कमी/(वृद्धि) | - | (६१,०००,०००.००) |
| २. स्थीर सम्पत्तीमा कमी/(वृद्धि) | (२,६१९,९०५.८३) | (१,१२४,५०७.१९) |
| ३. दीर्घकालिन लगानीमा ब्याज आम्दानी | ११,०२६,४५८.२८ | १३,८७२,५७२.७४ |
| ४. लाभांश आम्दानी | - | - |
| ५. अन्य | - | - |
| (ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह | १,९३७,१२८,०२७.२३ | १,४७६,२५८,२०४.०० |
| १. दीर्घकालिन ऋृण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | १,९५७,३७०,४१२.२३ | १,४३५,३१६,३४७.०० |
| २. शेयर पुँजीमा वृद्धि/(कमी) | - | ५७,६८२,३००.०० |
| ३. अन्य दायित्वमा वृद्धि/(कमी) | (१९,१५८,५२१.००) | (१५,६५६,५७९.००) |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | (१,०८३,८६४.००) | (१,०८३,८६४.००) |
| (घ) नगद तथा बैंक मोज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च | - | - |
| (ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | ८५,०१२,६२९.५० | (२५,६६५,१२०.७०) |
| (च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १८०,४१५,०६८.९६ | २०६,०८०,१८९.६६ |
| (छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | २६५,४२७,६९८.४६ | १८०,४१५,०६८.९६ |

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

झलेन्द्र भट्टराई
बरिष्ठ प्रबन्धक

जलन कुमार शर्मा
प्रमुख कार्यकारी अधिकृत

भुपेश छत्कुली
सञ्चालक

सि.ए. खगेन्द्र भट्टराई
खगेन्द्र एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्टस

उमेश लम्साल
सञ्चालक

रविन्द्र यादव
सञ्चालक

सुखदेव न्यौपाने
सञ्चालक

अरुण कुमार बज्राचार्य
सञ्चालक

अनिल कुमार उपाध्याय
सञ्चालक

खेम बहादुर पाठक
अध्यक्ष

अनुसूची ४.१

# शेयर पुँजी तथा स्वामित्व

**(२०७२ आषाढ मसान्त)**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| १. शेयर पुँजी | | |
| १.१ अधिकृत पुँजी | ६४०,०००,०००.०० | २४०,०००,०००.०० |
| क) ६४००००० साधारण शेयर प्रति शेयर रु. १०० ले | ६४०,०००,०००.०० | २४०,०००,०००.०० |
| ख) ....नन्‌रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु .....ले | - | - |
| ग) ....रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु .......ले | - | - |
| १.२ जारी पुँजी | ३४६,०२३,५००.०० | २३०,६८२,३००.०० |
| क) ३४६०२३५ साधारण शेयर प्रति शेयर रु.१०० ले | ३४६,०२३,५००.०० | २३०,६८२,३००.०० |
| ख) ... नन्‌रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु ...ले | - | - |
| ग) .... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु .......ले | - | - |
| १.३ चुक्ता पुँजी | २३०,६८२,३००.०० | २३०,६८२,३००.०० |
| क) २३०६८२३ साधारण शेयर प्रति शेयरले रु.१०० ले | २३०,६८२,३००.०० | २३०,६८२,३००.०० |
| ख) ... नन्‌रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु .....ले | - | - |
| ग) ..... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु .....ले | - | - |
| १.४ प्रस्तावित वोनस शेयर | ५७,६७०,५७५.०० | - |
| १.५ कल्स इन एडभान्स | - | - |
| १.६ जम्मा रकम (१.३+१.४+१.५) | २८८,३५२,८७५.०० | २३०,६८२,३००.०० |

| शेयर स्वामित्व विवरण | यस वर्ष रु. | | गत वर्ष रु. | |
|---|---|---|---|---|
| | प्रतिशत | शेयर पुँजी | शेयर पुँजी | प्रतिशत |
| १. स्वदेशी स्वामित्व | १००.०० | २३०,६८२,३००.०० | २३०,६८२,३००.०० | १००.०० |
| १.१ नेपाल सरकार | - | - | - | - |
| १.२ “क” वर्गको इजाजतपत्रप्राप्त संस्थाहरु | ३१.०४ | ७१,६०५,७००.०० | ७१,६०५,७००.०० | ३१.०४ |
| १.३ अन्य इजाजतपत्रप्राप्त संस्थाहरु | - | - | - | - |
| १.४ अन्य संस्थाहरु (साना किसान सहकारी संस्थाहरु) | ३८.७६ | ८९,४०३,८००.०० | ८९,४०३,८००.०० | ३८.७६ |
| १.५ सर्वसाधारण | ३०.२० | ६९,६७२,८००.०० | ६९,६७२,८००.०० | ३०.२० |
| २. बैदेशिक स्वामित्व | - | - | - | - |
| जम्मा | १००.०० | २३०,६८२,३००.०० | २३०,६८२,३००.०० | १००.०० |

अनुसूची ४.१(क)

# शेयर पुँजी तथा स्वामित्व

**(२०७२ आषाढ मसान्त)**

